# परिच्छेद एक
# शोधपरिचय

## १.१. विषय परिचय

कवि श्यामलद्वारा रचित कविताहरूमा अभिव्यञ्जित ध्वन्यार्थको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको मुख्य विषय हो । नेपाली साहित्यको सिर्जना एवम् समीक्षाका क्षेत्रमा सं. २०३० को दशकदेखि सक्रिय रहेका हरिहर अधिकारी नै यस क्षेत्रमा श्यामल नामबाट परिचित स्रष्टा हुन् । उनी नेपाली साहित्यको समालोचना तथा सिर्जना दुवै क्षेत्रमा सक्रिय रहेता पनि सिर्जना नै उनको प्रमुख क्षेत्रका रूपमा रहेको देखिन्छ भने त्यसमा पनि कविता विधामा उनको योगदान उल्लेखनीय रहेको छ । नेपाली कविताका क्षेत्रमा उनका *तपाईंहरू मार्फत* (२०४४), *लयब्रह्म* (२०६०), *हतारमा यात्रा* (२०६८) कविता सङ्ग्रहहरू प्रकाशित छन् । यी सङ्ग्रहहरूमा सङ्गृहीत कविताहरू साहित्याध्ययनका विविध शास्त्र, सिद्धान्त वा वादका आधारमा अध्ययनीय रहेका छन् । प्रस्तुत शोधकार्यमा भने उल्लिखित सङ्ग्रहहरूका कविताको अध्ययन संस्कृत साहित्यशास्त्रीय ध्वनिवादी सिद्धान्तका कोणबाट गरिएको छ ।

ध्वनिवाद काव्यको व्यञ्जना सामर्थ्यको अध्ययनसँग सम्बन्धित संस्कृत साहित्यशास्त्रीय सिद्धान्त हो । यस सिद्धान्तका प्रवर्तक संस्कृत साहित्याचार्य आनन्दवर्धन हुन् । उनले ध्वनिसम्बन्धी आफ्नो लक्ष्यणग्रन्थ *ध्वन्यालोक*मा ध्वनिलाई काव्यको आत्माका रूपमा प्रस्तुत गर्दै शब्दले वाच्यार्थ वा लक्ष्यार्थभन्दा भिन्न जुन विशिष्ट अर्थ व्यञ्जित गर्दछ, त्यस्तो व्यङ्ग्यार्थका रूपमा प्रकट हुने अर्थलाई नै ध्वनिका रूपमा परिभाषित गरेका छन् । यसलाई अझ विकसित तथा विस्तारित बनाउने काममा उनीभन्दा पछिका अभिनवगुप्त, मम्मट आदि अन्य आचार्यहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । ध्वनिवादी सिद्धान्तले सामान्य कथनबाट साहित्यलाई पृथक् तुल्याउने कारकका रूपमा कुनै पनि अभिव्यक्तिमा अन्तर्निहित ध्वनि सामर्थ्यलाई लिई यसलाई काव्यको आत्माका रूपमा अघि सारेको छ । त्यसैले यसले काव्यको मूल्यनिरूपण तथा श्रेणी विभाजनको आधार पनि काव्यमा अन्तर्निहित ध्वनि सामर्थ्यलाई नै बनाएको छ ।

कवि श्यामलका कविताहरू नेपाली साहित्यका अध्येताहरूका निम्ति आकर्षक सामग्रीका रूपमा रहेका छन् । यी आकर्षक बन्नुका पछाडि कुनै न कुनै रूपमा तिनमा निहित व्यञ्जना सामर्थ्य नै कारकका रूपमा रहेको देखिन्छ । अर्थ वा भाव काव्यको केन्द्रीय तत्त्व हो र ध्वनि यसैसँग

सम्बन्धित छ । व्यञ्जना वृत्तिलाई मूल आधार बनाई साहित्यिक रचना र त्यसमा निहित सौन्दर्यको विवेचना गर्ने ध्वनिसिद्धान्तका आधारमा उनका कविताको अध्ययन गरिनु औचित्यपूर्ण देखिन्छ । त्यसैले प्रस्तुत अध्ययन कार्यमा कवि श्यामलका कविताहरूमा के कस्तो ध्वन्यार्थ निहित छ भन्ने मूल प्राज्ञिक जिज्ञासा राखी उक्त कवितामा निहित ध्वन्यार्थ पहिल्याउने उद्देश्यमा केन्द्रित भई प्राज्ञिक शोधका प्रक्रियाको अवलम्बन गरी वस्तुगत एवम् प्रामाणिक निष्कर्षमा पुगिएको छ ।

## १.२. समस्याकथन

श्यामलका कविताहरूको ध्वनितात्त्विक अध्ययन प्राज्ञिक शोधकार्यबाट सत्यापन गरिनु पर्ने ज्ञानात्मक विषय हो । उनका कविताहरूमा सन्निहित विविध अध्ययनीय पक्षहरूमध्ये कविताको ध्वन्यात्मक पक्ष पनि एक प्रमुख पक्ष हो । कवितामा अन्तर्निहित भाव सघनता, हृदयस्पर्शिता, आह्लादकता आदि मूलभूत वैशिष्ट्यहरूको केन्द्रीय कडीका रूपमा ध्वन्यात्मकता नै रहेको हुन्छ । काव्यमा निहित यही मूल कडीको अध्ययन ज्ञानात्मक विषय हो र यसलाई शोधका प्रक्रियाको अवलम्बन गरी त्यसैअनुसार अध्ययन विश्लेषण गरी निष्कर्षसम्म पुग्नु आवश्यक छ । त्यसैले प्रस्तुत शोधकार्य श्यामलका कविताहरूमा निहित ध्वन्यात्मकताको निरूपण गर्ने मूलभूत प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ र यसै शोधसमस्यासँग सम्बन्धित निम्नलिखित शोधप्रश्नहरूको समाधान पहिल्याइएको छ :

(क) श्यामलका कवितामा पद, पदावली र वाक्यका तहमा केकस्तो ध्वन्यार्थको अभिव्यञ्जना पाइन्छ ?

(ग) श्यामलका कवितामा प्रकरणका तहमा ध्वन्यार्थको अभिव्यञ्जना केकसरी भएको छ ?

## १.३. अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्य कवि श्यामलका कविताहरूमा अभिव्यञ्जित ध्वन्यार्थको अध्ययन गर्ने मूल उद्देश्यमा केन्द्रित रहेको छ । यस उद्देश्यलाई बुँदागत रूपमा निम्नानुसार निर्धारण गरिएको छ :

(क) श्यामलका कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थको निरूपण गर्नु र

(ग) श्यामलका कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थको निरूपण गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

श्यामल नेपाली साहित्यका क्षेत्रमा सं. २०३० को दशकदेखि प्रवेश गरी वर्तमानमा समेत क्रियाशील स्रष्टा हुन् । उनी नेपाली साहित्यका सिर्जना र समीक्षा दुवै क्षेत्रमा सक्रिय रहेका भए तापनि समीक्षा भन्दा सिर्जना नै उनको साहित्यिक योगदानको मूल भूमि हो । यसमा पनि अन्य

विधाहरूका अपेक्षा गुणात्मक तथा सङ्ख्यात्मक दुवै दृष्टिले नेपाली कविताका क्षेत्रमा नै उनको योगदान उल्लेखनीय रहेको छ । त्यसैले उनको यही क्षेत्रसम्बद्ध भई केही पूर्वाध्ययनहरू गरिएका छन् । प्रस्तुत शोधकार्यमा निर्धारित शोधसमस्या, अध्ययनको सैद्धान्तिक पर्याधार तथा शोधविधिको विशिष्टता एवम् उपयुक्तता निर्धारणका लागि सम्बन्धित पूर्वाध्ययनको समीक्षा निम्नानुसार गरिन्छ :

गोविन्द वर्तमानले **विपुल** - ७ त्रैमासिक पत्रिकामा प्रकाशित “पछिल्ला कविताहरूमा श्यामल” (२०५४) शीर्षकको आलेखमा आफ्नो समयका शक्तिशाली कविका रूपमा कवि श्यामललाई प्रस्तुत गरेका छन् । उनले श्यामलका काव्यकलागत वैशिष्ट्यका रूपमा भावसघनता, व्यञ्जनात्मकता एवम् संरचनागत विशिष्टता नै प्रबल रहेको विचार व्यक्त गरेका छन् । उनको यो आलेख पनि श्यामलको कवित्वबारे समग्रतामा गरिएको टिप्पणीमा सीमित रहेको छ । यसले श्यामलका कविताको व्यञ्जनात्मकतालाई अग्रभूमिमा प्रस्तुत गर्ने प्रयास गरेको भए तापनि व्यञ्जनात्मकताको सन्दर्भ भने सतही रूपमा मात्र रहेको छ ।

तारानाथ शर्माले **विपुल** - ७ त्रैमासिक पत्रिकामा प्रकाशित “श्यामलको कवित्व” (२०५४) शीर्षकको आलेखमा श्यामलका कविता वस्तुप्रतिपादन एवम् शैलीगत दृष्टिले विशिष्ट रहेको निचोड निकाल्दै उक्त विशिष्टताको आधारभूमि तीव्र व्यञ्जनात्मकता रहेको तथ्य प्रस्तुत गरेका छन् । यसरी शर्माले श्यामलका कविताको व्यञ्जनाशीलतालाई उजागर गर्ने प्रयास गरेको भए तापनि ध्वनिवादी मान्यताका कसीमा श्यामलका कविताहरूको मिहिन विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य भने यसमा भएको छैन ।

भाउपन्थीले **गरिमा** - १९० पत्रिकामा प्रकाशित “कवि श्यामल र उनको एउटा कविता : अन्तिम युद्ध” (२०५५) शीर्षकको आलेखमा कवि श्यामललाई प्रगतिशील विचारधाराका कविका रूपमा चित्रण गर्दै प्रगतिशील विचारधाराप्रतिको प्रतिबद्धताबाटै श्यामलका कविताले ऊर्जा प्राप्त गरेको निष्कर्ष निकालेका छन् । उनको यस निष्कर्षमा श्यामलका कविताहरूको वस्तु व्यञ्जना प्रगतिशीलता रहेको भाव बोध हुने भए तापनि ध्वनिवादी साहित्यशास्त्रीय मान्यताका आधारमा तथ्यसम्मत रूपले श्यामलका कविताहरूको अध्ययनतर्फ भने यस आलेखले दृष्टि दिएको छैन ।

बालाराम उपाध्याय आचार्यले **नेपाली साहित्यमा दैलेखको योगदान** (२०५८) शीर्षकको अनुसन्धानात्मक ग्रन्थमा दैलेख जिल्लाका साहित्यकारहरूको चर्चा गर्ने क्रममा कवि श्यामल र उनको कवित्वको चर्चा गरेका छन् । यस सन्दर्भमा उनले श्यामलको ‘तपाइँहरू मार्फत’ कविता सङ्ग्रहका कविताहरूमा दृष्टि दिँदै दैलेख जिल्लाका गद्य कविहरूमध्ये श्यामल सङ्ख्यात्मक तथा

गुणात्मक दुवै दृष्टिले उच्च कोटिका कवि भएको ठहर गरेका छन् । यसमा उनले श्यामलका कविताहरूबारे टिप्पणी गर्दै उनका कविताहरूमा प्रबल राष्ट्रवाद, समाजमा रहेको विसङ्गति, राजनीतिमा देखापरेका गलत प्रवृत्तिहरूको चित्रण व्यङ्ग्यात्मक रूपमा गरिएको हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । यसरी उपाध्यायले यस ग्रन्थमा श्यामलका कविताको वस्तु व्यञ्जनाको स्पर्श गर्ने काम गरेका छन् किन्तु सूक्ष्म र समष्टि रूपमा श्यामलका कविताहरूको ध्वनितात्त्विक अध्ययन गर्ने अभीष्ट भने उनको रहेको छैन ।

देवेन्द्र शिवाकोटीले "श्यामल (हरिहर अधिकारी) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" (२०६१) शीर्षकको स्नातकोत्तर शोधपत्रमा श्यामलको जीवनीका विविध आरोहअवरोह र व्यक्तित्वका विविध पक्ष, उनले साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदान, उनका काव्यकृतिहरू र उनको सामाजिक योगदानको अध्ययन गरेका छन् । श्यामलका कविताहरूको व्यञ्जनात्मक प्रवृत्तिको परिशीलनका सन्दर्भमा श्यामलको व्यक्तित्वका विविध पक्षहरू, कवि व्यक्तित्व निर्माणको पृष्ठभूमि र उनको कृतित्वको जानकारीका लागि उनको यो शोधकार्य निकै उपयोगी रहेको छ यद्यपि उनका कविताको ध्वन्यात्मकताको विवेचना गर्नु उक्त शोधकार्यको अभीष्ट नभएकाले त्यतातर्फ यसले चासो दिएको छैन ।

आर.सी. रिजालले **अक्षर** - १३ साहित्यिक चौमासिक पत्रिकामा प्रकाशित "अक्षरवार्ता (अन्तवार्ता)" (२०६५) मा श्यामलका कविताहरूमा निकै सशक्त र आक्रामक रूपमा विसङ्गतिउपर व्यङ्ग्य कसिएको पाइने विचार व्यक्त गरेका छन् । यसरी उनले श्यामलका कविताहरूको व्यञ्जनात्मक पक्षलाई सङ्केत गरे तापनि सूक्ष्म र सिद्धान्तनिष्ठ रूपले श्यामलका कविताहरूको ध्वन्यात्मकतालाई भने उनले केलाएका छैनन् ।

नरेश शाक्यले **समष्टि** - २०६ साहित्य कला संस्कृति द्वैमासिक पत्रिकामा प्रकाशित "कवि श्यामलको लयब्रह्म एक चर्चा" (२०६५) शीर्षक आलेखमा *लयब्रह्म* कविता सङ्ग्रहका कविताहरूमा उत्पीडित जनसमुदायको पीडा प्रतिध्वनित भएको भाव अभिव्यक्त गरेका छन् । उनको यो आलेख पनि उक्त सङ्ग्रहभित्रका कविताहरूको व्यञ्जना सौन्दर्यको अध्ययनतर्फ केन्द्रित नरही कविताको अन्तर्वस्तुको विहङ्गावलोकनमा परिसीमित रहेको छ ।

विष्णुमाया उप्रेतीले "श्यामल (हरिहर अधिकारी) को कवित्व" (२०६७) शीर्षकको स्नातकोत्तर शोधपत्रमा श्यामलका कविताहरूको अध्ययन गरेकी छन् । उनले यस शोधपत्रमा श्यामलका *तपाईंहरू मार्फत, लयब्रह्म* कविता सङ्ग्रह र अन्य ११ वटा फुटकर कविताहरूको शीर्षक, संरचना,

कथनपद्धति र भावविधान शीर्षकमा आधारित भएर विश्लेषण गरेकी छन् । यस क्रममा भावविधानअन्तर्गत श्यामलका कविताहरूको व्यङ्ग्यात्मक पक्षको सामान्य चर्चा गरिएको छ । यसमा उनले प्रत्येक कविताहरूमा सन्निहित वस्तु विहङ्गावलोकन गर्ने प्रयास गरेको भए तापनि सिद्धान्तनिष्ठ तवरले ध्वनि पर्गेल्ने अभीष्ट भने उनको यस शोधको रहेको छैन ।

जगत् उपाध्याय 'प्रेक्षित' ले **साहित्य सन्ध्या पुरस्कार-२०७३ बाट सम्मानित साहित्यकार श्यामलको संक्षिप्त जीवनवृत्त** (२०७४) शीर्षकको संक्षिप्त पुस्तिकामा कवि श्यामलको संक्षिप्त जीवनवृत्त र उनका प्रकाशित कृतिहरूको छोटो चिनारी दिएका छन् । श्यामलको व्यक्तित्व र कृतित्वको संक्षिप्त एवम् तथ्यपरक प्रस्तुति रहेको यस पुस्तिकाबाट उनको सामान्य चिनारी प्राप्त हुने भए तापनि उनका कृतिहरूको भावपक्षको गहन विवेचना भने यसमा गरिएको छैन ।

उपर्युल्लिखत पूर्वकार्यको समीक्षाबाट कवि श्यामलका कविता र कवित्वका विविध पक्षहरूको चर्चा गर्ने कार्य पूर्ववर्ती अध्येताहरूबाट भएको कुरा स्पष्ट हुन्छ । तर ती पूर्व अध्ययनहरूमा प्रस्तुत शोधअध्ययनको प्रमुख समाधेय समस्याको समाधान खोज्ने कार्य भने हुन सकेको छैन । केही पूर्वअध्येताहरूले विवेच्य कविताहरूको व्यञ्जनात्मकताको छिटफुट सङ्केत गरेका भए पनि ती संक्षिप्त टिप्पणीका रूपमा मात्र सीमित रहेका छन् र ध्वनिवादी सिद्धान्तका आधारमा त्यसको सिद्धान्तनिष्ठ, सूक्ष्म र सम्यक अध्ययन हुन बाँकी नै रहेकाले त्यस रिक्तताको पूर्ति प्रस्तुत शोधकार्यबाट गरिएको छ ।

## १.५. शोधको औचित्य र महत्त्व

प्रस्तुत शोधकार्य समकालीन नेपाली साहित्यका क्षेत्रमा चर्चित कवि श्यामलका कविताहरूको ध्वनितात्त्विक अध्ययनमा केन्द्रित रहेको छ । साहित्य भाषाको विशिष्ट एवम् कलात्मक प्रयोग हो । शब्द र अर्थको समुचित संयोजनबाट भाषिक अभिव्यक्तिको निर्माण हुन्छ अर्थात् अखण्ड आत्मस्वरूप अर्थको द्योतन खण्डित शरीरस्वरूप शब्दबाट हुँदा अभिव्यक्तिको निर्माण हुन्छ । यसरी निर्मित भाषिक अभिव्यक्तिमा सन्निहित सौन्दर्यात्मक अर्थ वा भाव नै ध्वनि हो र यसको अध्ययन गर्ने सिद्धान्त ध्वनिवाद हो । ध्वनि वा व्यङ्ग्यार्थको उपस्थितिबाटै साहित्यमा सौन्दर्य प्रतिफलित हुने भएकाले यो साहित्यको आत्मस्वरूप बन्दछ र जुनसुकै साहित्यिक रचनाको अध्ययनको केन्द्रीय पक्षका रूपमा रहेको हुन्छ । त्यसैले साहित्यलाई ध्वनिसौन्दर्यका कोणबाट अध्ययन गरिनु समीचीन ठहर्दछ । यसबाट साहित्यका प्रमुख दुई पक्ष अन्तर्वस्तु र रूपमध्ये अन्तर्वस्तुको सौन्दर्यको उत्खनन् हुन पुग्दछ । साहित्यको ध्येय नै अन्तर्वस्तुको चारुतापूर्ण र लालित्यपूर्ण प्रस्तुति भएकाले यिनै

पक्षहरूको अध्ययन महत्त्वपूर्ण बन्दछ र यी पक्षहरूको अध्ययन संस्कृत साहित्यशास्त्रको महत्तम उपलब्धिका रूपमा रहेको ध्वनिवादी सिद्धान्तले गर्दछ । श्यामलका कविताहरूका सम्बन्धमा जेजति पूर्वाध्ययन भएका छन् ती अध्ययनहरू ध्वनिवादी दृष्टिबाट नभएकाले यस दृष्टिले उनका कविताहरूको अध्ययन गर्नु विषय र सिद्धान्त दुवै दृष्टिले औचित्यपूर्ण रहेको छ । यसका अतिरिक्त प्रस्तुत शोधकार्यबाट सम्बन्धित क्षेत्रको ज्ञानको विस्तारमा योगदान पुग्नुका साथै यस क्षेत्रका पाठक, अध्यापक तथा अनुसन्धान कर्ताहरूलाई समेत उपयोगी सामग्री प्राप्त हुने भएकाले प्रस्तुत अध्ययन सार्वजनिक महत्त्वका दृष्टिले समेत औचित्यपूर्ण रहेको छ ।

## १.६. शोधको सीमाङ्कन

कवि श्यामलद्वारा रचित *तपाईंहरू मार्फत (२०४४), लयब्रह्म (२०६०)* र *हतारमा यात्रा (२०६८)* कविता सङ्ग्रह प्रकाशित छन् । कविले आफ्नो तेस्रो कविता सङ्ग्रह (*हतारमा यात्रा,* २०६८) प्रकाशन गर्दा पूर्वप्रकाशित उल्लिखित दुई सङ्ग्रहलाई पनि त्यसैमा समावेश गरी तिनलाई पुनः प्रकाशन गरेका छन् । यसरी एउटै ग्रन्थमा प्रकाशित उल्लिखित तीन वटा सङ्ग्रहहरूमध्ये *तपाईँहरू मार्फत*मा चौध वटा, *लयब्रह्म*मा सत्र वटा र *हतारमा यात्रा*मा एक्काइस वटा गरी जम्मा बाउन्न वटा कविता रहेका छन् । प्रस्तुत शोधकार्यमा कवि श्यामलद्वारा रचित उल्लिखित तीन वटा सङ्ग्रहका पाँचपाँच वटा कवितालाई छनोट गरी तिनबाट अभिव्यञ्जित ध्वन्यार्थको अध्ययन गरिएको छ । ध्वनिसिद्धान्तले काव्यमा अभिव्यञ्जित ध्वनिको स्वरूप, आश्रय र कोटिलाई समेट्ने भएकाले ध्वनिको अध्ययन क्षेत्र निकै व्यापक र गहन रहेको छ । त्यसैले प्रस्तुत शोधकार्यमा अध्ययनको विशिष्टताका लागि ध्वनिवादी सिद्धान्तअन्तर्गत ध्वनिको आश्रयगत आधारको कोणबाट मात्र निर्धारित कवितामा निहित ध्वन्यार्थको विश्लेषण गरिएको छ । यस क्रममा श्यामलका कवितामा प्रयुक्त पद, पदावली, वाक्य र प्रकरणका तहमा निहित ध्वन्यार्थको निरूपण गरिएको छ । यसका साथै श्यामलका कविताहरूबाट अभिव्यञ्जित ध्वन्यार्थको निरूपणका लागि उक्त ध्वन्यार्थको निर्धारक पृष्ठभूमिको समेत संक्षिप्त चर्चा गरिएको छ । यिनै पक्षहरू यस अध्ययनका सीमाका रूपमा रहेका छन् ।

## १.७. अध्ययन विधि

### १.७.१. सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन कार्य साहित्यिक विषयक भएको हुँदा यसमा तदनुरूपकै सामग्री सङ्कलन विधिको उपयोग गरिएको छ । यसक्रममा पुस्तकालयीय कार्यबाट मुख्य सामग्रीका रूपमा कवि

श्यामलद्वारा रचित *तपाईंहरू मार्फत, लयब्रह्म* र *हतारमा यात्रा* गरी तीन वटा सङ्ग्रहका पाँचपाँच वटा कवितालाई सोद्देश्यमूलक नमुना छनोट विधिद्वारा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । ती कविताहरूमा प्रयुक्त ध्वन्यार्थको विश्लेषणका लागि आवश्यक सैद्धान्तिक पर्याधारसम्बद्ध ग्रन्थ, लेख, आलेखहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरी तिनको पठनबाट उपयोगी सामग्री प्राप्त गरिएको छ । त्यसैगरी सम्बन्धित विषय क्षेत्रका पूर्वाध्ययन अन्तर्गतका पुस्तक, लेख तथा शोध प्रतिवेदनका पठनबाट समेत उपयोगी सामग्री प्राप्त गरिएको  छ ।

१.७.२. सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा निर्धारित उद्देश्यहरूको प्राप्तिका लागि उपर्युल्लिखित विधिबाट सङ्कलित सामग्रीहरूको विश्लेषण संस्कृत साहित्यसिद्धान्तका रूपमा रहेको ध्वनिवादका आधारमा गरिएको छ । यस क्रममा कविताबाट अभिव्यञ्जित ध्वन्यार्थको निर्धारक पृष्ठभूमिको विवेचना गरी यसै पृष्ठभूमिमा टेकेर ध्वनिको आश्रयगत आधारका रूपमा रहेका पद, पदावली, वाक्य र प्रकरणका तहबाट अभिव्यञ्जित ध्वन्यार्थको विश्लेषण गरिएको छ ।

## १.८. शोधप्रबन्धको सङ्गठन

प्रस्तुत शोधकार्यलाई सन्तुलित र व्यवस्थित ढङ्गले प्रस्तुत गर्नका लागि निम्नानुसारका परिच्छेद, शीर्षक तथा उपशीर्षकहरूमा सुसङ्गठित गरी शोधप्रबन्ध तयार गरिएको छ :

परिच्छेद  एक : शोधपरिचय

परिच्छेद  दुई : ध्वनिसिद्धान्त र कविता विश्लेषण ढाँचा

परिच्छेद तीन : श्यामलका कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

परिच्छेद चार : श्यामलका कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

परिच्छेद पाँच : अध्ययनको निष्कर्ष

# परिच्छेद दुई

# ध्वनिसिद्धान्त र कविता विश्लेषण ढाँचा

## २.१. ध्वनिको सैद्धान्तिक परिचय

ध्वनिसिद्धान्त पूर्वीय साहित्यशास्त्रमा विक्रमको नवौँ शताब्दीमा स्थापित साहित्यसिद्धान्त हो । पूर्वीय साहित्यशास्त्रमा आचार्य भरतद्वारा स्थापित रसवाद, आचार्य भामहद्वारा प्रतिपादित अलङ्कारवाद एवम् आचार्य वामनद्वारा प्रतिपादित रीतिवादी सिद्धान्तपश्चात् उन्नत र शक्तिशाली साहित्यसिद्धान्तका रूपमा ध्वनिवादको प्रतिपादन आचार्य आनन्दवर्धनले गरेका हुन् । उनी काश्मीरका राजा अवन्ति वर्मा (ई. ८५५-८३) का राज्यमा विशिष्ट विद्वान् एवम् कविका रूपमा प्रतिष्ठित देखिन्छन् (शर्मा, २०५८ : ३३) । ध्वनिको स्वरूप, काव्यमा ध्वनिको स्थान र ध्वनिका भेदोपभेदको विशद चर्चा एवम् त्यसको सैद्धान्तिक स्थापना सर्वप्रथम आनन्दवर्धनको *ध्वन्यालोक* नामक ग्रन्थमा नै भएको पाइन्छ । आनन्दवर्धनको समय नवौँ शताब्दीको उत्तरार्द्धतिरको देखिएकाले ध्वनिसिद्धान्तको प्रवर्तन पनि सोही कालमा भएको प्रमाणित हुने भए पनि काव्यजगत्मा ध्वनिचर्चा आनन्दवर्धनभन्दा निकै पहिलेदेखि नै चलेको थियो भन्ने कुरा स्वयं उनले नै 'काव्यको आत्मा ध्वनि हो भन्ने कुरा विद्वान्हरूले पहिले नै भनिसकेका हुन्' भनेर सङ्केत गरेका छन् (उपाध्याय, २०६१ : १६६) । उनको यस स्वीकारोक्तिबाट ध्वनितत्त्वको चर्चा प्रकारान्तरले उनीपूर्व नै भइसकेको देखिए तापनि त्यसलाई व्यापक र सुसङ्गत सैद्धान्तिक स्वरूप प्रदान गर्ने कार्य सर्वप्रथम उनले नै गरेका हुन् । त्यसैले यिनलाई ध्वनिकार पनि भनिन्छ । आनन्दवर्धनपछि आचार्य अभिनव गुप्तले *ध्वन्यालोक लोचन* टीका लेखेर ध्वनिवादको प्रचार गरे । उनीपछि मम्मटले विरोधी मतहरूको तार्किक खण्डन गरी ध्वनिलाई काव्यमा मूर्धन्य स्थान दिलाउन महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । आचार्य विश्वनाथ तथा पण्डितराज जगन्नाथले पनि ध्वनिको महिमा देखाई ध्वनिचिन्तनको इतिहासलाई विकसित पारे (उपाध्याय, २०६१ : १६६) । यसरी पूर्वाचार्यहरूद्वारा प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थका रूपमा परिचर्चा गरिएको ध्वनिसम्बन्धी अवधारणा आचार्य आनन्दवर्धनद्वारा सैद्धान्तिक स्वरूप धारण, आचार्य अभिनवगुप्त एवम् मम्मटद्वारा परिवर्द्धित अनि विश्वनाथ, जगन्नाथ आदि आचार्यहरूद्वारा विकसित हुँदै पूर्वीय साहित्यचिन्तनको महत्तम उपलब्धिका रूपमा प्रतिष्ठित रहेको छ ।

## २.२. 'ध्वनि' शब्दको व्युत्पत्ति

'ध्वनि' शब्द संस्कृत भाषाको नाम शब्द हो । यसको निर्माण 'ध्वन्' धातुमा 'इ' प्रत्यय गाँसिएर भएको हो । यस शब्दले भाषिक एवम् साहित्यिक क्षेत्रमा बेग्लाबेग्लै पहिचान र महत्त्व राख्ने गरेको कुरालाई विभिन्न शब्दकोशहरूले दर्साएका छन् -

संस्कृत हिन्दी कोश - १. शब्द, प्रतिध्वनि, कोलाहल वा चिच्याहट । २. लय, तान, स्वर । ३. वाद्ययन्त्रको ध्वनि । ४. बादलको गर्जन वा गडगडाहट । ५. केवल रिक्त ध्वनि । ६. शब्द । ७.(साहित्यशास्त्रमा) काव्यका तीन मुख्य भेदहरूमध्ये सर्वोत्तम काव्य जसमा सन्दर्भको ध्वन्यार्थ अभिहित अर्थका अपेक्षा अधिक चमत्कार हुन्छ अथवा जहाँ मुख्यार्थ ध्वन्यार्थको अधीन हुन्छ ।

भार्गव आदर्श हिन्दी शब्दकोश - ध्वनि -(सं) त्यो जसको ज्ञान श्रवणेन्द्रियद्वारा हुन्छ, मृदङ्गादि शब्द, नाद, गुञ्जन, वैयाकरणहरूका अनुसार शब्दको स्फोट, लय, त्यो काव्य जसमा वाच्यार्थको अपेक्षा व्यङ्ग्यार्थमा अधिक विशेषता रहन्छ अर्थात् जब व्यञ्जनाबोधित अर्थ वाच्यार्थबाट अधिक चमत्कार देखाउँछ, गूढार्थ, आशय ।

नेपाली बृहत् शब्दकोश - ध्वनि - (ना.सं.) १. कानले सुन्न सकिने वा सुनिने विषय, श्रवणेन्द्रियको विषय, आवाज, शब्द । २. कुनै अर्थ वा आशय नखुल्ने शब्द वा आवाज (पशुको ध्वनि, बादलको ध्वनि इ.) । ३. कुनै ठाउँमा शब्द थर्कंदा थर्केर आउने आवाज, प्रतिध्वनि, घन्को । ४. कुनै कथन वा उक्तिको वाच्यार्थ तथा लक्ष्यार्थलाई छाडेर अर्थभित्र पनि लुकेर रहने चमत्कारी अर्थ, गूढार्थ, व्यङ्ग्यार्थ, ध्वन्यार्थ । ५. मुखबाट उच्चरित हुने शब्द, वर्ण । ६. कुनै अवस्थामा पनि खण्डित हुन नसक्ने भाषाको निम्नतम एकाइ ।

उपर्युल्लिखित शब्दकोशहरूले 'ध्वनि' शब्दको प्रयोग विभिन्न अर्थ सन्दर्भमा हुने कुरा स्पष्ट पारेका छन् । मुख्य रूपमा भने यस शब्दको उपयोग : १. भाषिक अर्थहीन आवाज (पशु, बादल, मादलको ध्वनि, प्रतिध्वनि आदि), २. भाषिक अर्थयुक्त आवाज (मानिसको बोली वा वाणी), ३. व्याकरण वा भाषाशास्त्रीय अध्ययन सन्दर्भ तथा ४. साहित्यिक ध्वनि (व्यङ्ग्यार्थ) का अभिप्रायमा गर्ने प्रचलन रहिआएको देखिन्छ (नेपाल, २०६८ : २) । ध्वनिले आफूभित्र समेटेका यिनै प्रमुख अर्थसन्दर्भहरूमध्ये प्रस्तुत शोधका सन्दर्भमा साहित्यिक ध्वनि अर्थात् वाच्यार्थ वा लक्ष्यार्थभन्दा फरक व्यङ्ग्यार्थको अध्ययन गरिएको छ । ध्वनिकारले यसै व्यङ्ग्यार्थ वा प्रतीयमान अर्थका दृष्टिले नै ध्वनि शब्दको प्रयोग गरेका छन् ।

आचार्य आनन्दवर्धन ध्वनिवादको प्रणयन प्रसङ्गमा वैयाकरणहरूबाट प्रभावित देखिन्छन् अनि व्याकरणदर्शन उनको मुख्य आधारस्रोत रहेको पाइन्छ । त्यसमा पनि स्फोटवाद नै ध्वनिवादको अभिप्रेरक तत्त्व रहेको मननीय छ (पाठक, २०११ : ११) । व्याकरणको स्फोटवादले शब्दको नित्यतालाई स्वीकार गर्दछ । यसले शब्दको सृष्टिप्रक्रियासँग सम्बन्ध राख्दछ । स्फोटको तात्पर्य 'अर्थ बुझाउने शक्ति' हो (मिश्र, २०५५ : ३३३) । अन्तिम वर्णका साथ पूर्वोच्चरित वर्णहरूको अर्थको प्रस्फुटन नै स्फोट हो (मिश्र, २०५४ : २१३) । व्याकरणशास्त्रमा अर्थव्यञ्जक शब्दको रूपमा मात्र ध्वनिको प्रयोग पाइन्छ तर ध्वनिवादी साहित्यशास्त्रीहरूले उक्त व्याकरणिक अर्थका अतिरिक्त अन्य विविध अर्थ दिएका छन् । यस प्रसङ्गमा 'ध्वनि' शब्दको साहित्यिक व्युत्पत्ति मुख्यतः पाँच प्रकारले गर्न सकिन्छ (नेपाल, २०६८ : ६) :

१. ध्वननं ध्वनिः - कुनै वस्तु वा अर्थको ध्वनि हुन्छ । ध्वनन व्यापार वा प्रक्रिया ।

२. ध्वनति इति ध्वनिः - ध्वनित गर्नेवाला (व्यञ्जक) ध्वनि हो । अर्थको ध्वनित गर्ने शब्द । व्यञ्जक शब्द वा अर्थ ।

३. ध्वन्यते यः स ध्वनिः - जो ध्वनित हुन्छ त्यो ध्वनि हो । प्रतीयमान अर्थका लागि यसको प्रयोग गरिन्छ । व्यङ्ग्य वा प्रतीयमान अर्थ ।

४. ध्वन्यतेऽनेनेति ध्वनिः - जसद्वारा ध्वनित गरिन्छ त्यो ध्वनि हो । यस आधारमा शब्दशक्तिलाई ध्वनि भन्न सकिन्छ । व्यञ्जना व्यापार ।

५. ध्वन्यते यस्मिन् सः ध्वनिः - जसमा ध्वननकार्य सम्पन्न हुन्छ त्यो ध्वनि हो । व्यङ्ग्यार्थ मुख्य रहने काव्यलाई ध्वनि भनिन्छ । कविता वा काव्य तथा रचना सङ्कलन वा सिङ्गो कृति ।

यसरी ध्वनि शब्दका व्याकरणिक, साहित्यशास्त्रीय तथा अन्य विविध अर्थसन्दर्भहरू रहेका देखिन्छन् । ध्वनिवादका तात्पर्यमा भने ध्वनिको अर्थ त्यस्तो व्यङ्ग्यार्थ हो जसमा वस्तु, रस, रसाभास, भाव, भावाभास तथा अलङ्कारहरूमध्ये कुनै न कुनै पक्षको अभिव्यक्ति भएको हुन्छ (उपाध्याय, २०६१ : १६६) । यसप्रकार वाच्यार्थ, व्यञ्जक शब्द, व्यङ्ग्यार्थ, व्यञ्जनावृत्ति तथा व्यङ्ग्यप्रधान काव्यका अर्थसन्दर्भमा ध्वनिको व्युत्पत्ति हुन सक्ने विचार आचार्यहरूले व्यक्त गरेका छन् ।

## २.३. ध्वनिको परिभाषा

साहित्यमा ध्वनिवादको स्थापनाका सन्दर्भमा आचार्य आनन्दवर्धनले नै ध्वनिको परिचय यसरी दिएका छन् :

१. यत्रार्थः शब्दो वा तमर्थमुपसर्जनीकृतस्वार्थो

व्यक्तः कावयविशेषः स ध्वनिरीति सुरिभिः कथित ॥ (ध्वन्यालोक, १/१३)

(अर्थात् जहाँ शब्द र अर्थले आफ्नो वाच्य अर्थलाई गौण बनाएर प्रधान रूपमा व्यङ्ग्य अर्थको बोध गराउँछ, त्यहाँ ध्वनिकाव्य हुन्छ । )

२. प्रतीयमानं पुनरन्यदेव वस्त्वस्ति वाणीसु महाकवीनाम्

यत्तत्प्रसिद्धावयवातिरिक्त विभाति लावण्यमिवाङ्गनासु ॥ (ध्वन्यालोक, १/४) ।

(अर्थात् युवतीका लावण्यसदृश प्रतीयमान अर्थ (ध्वन्यार्थ) महाकविहरूका वाणीमा विशेष भाषित रहन्छ ।)

३. सरस्वती स्वादु तदर्थवस्तु निःष्यन्दमाना महतां कवीनाम्

अलोकसामान्यमभिव्यनक्ति परिष्फुरन्तम् प्रतिभाविशेषम् ॥ (ध्वन्यालोक, १/१३)

(अर्थात् त्यही स्वादु (रसभावस्वरूप) अर्थवस्तुलाई प्रवाहित गर्दै महाकविहरूको सरस्वती ( वाणी) अलौकिक, परिस्फुरित हुँदै प्रतिभाविशेषलाई अभिव्यक्त गर्दछ ।)

ध्वनिकारका उपर्युक्त भनाइहरूबाट ध्वनि सम्बन्धमा यस्तो निष्कर्ष निस्कन्छ :

युवतीहरूका सौन्दर्यसमान अलौकिक रूपमा महाकविहरूका वाणीमा भासित रहेर प्रतिभाविशेषलाई अभिव्यक्त गर्ने प्रतीयमान अर्थ (व्यङ्ग्यार्थ) नै ध्वनि हो ।

अन्य विद्वान्हरूले ध्वनिलाई यसरी परिभाषित गरेका छन् :

१. मम्मट - जहाँ व्यङ्ग्यार्थ चमत्कारमा वाच्यार्थलाई अतिक्रमण गर्दछ त्यहाँ ध्वनि नामक उत्तम काव्य हुन्छ (काव्यप्रकाश, पृ. २८) ।

२. विश्वनाथ - वाच्यार्थभन्दा बढी चमत्कार गर्ने व्यङ्ग्ययुक्त काव्य ध्वनि वा उत्तम काव्य हो (साहित्यदर्पण, पृ. २९५) ।

३. पण्डितराज जगन्नाथ - उत्तमोत्तम (ध्वनिकाव्य) त्यो काव्य हो जसमा शब्द र वाच्यार्थ (तथा लक्ष्यार्थ) गुणीभूत रहन्छन् तथा कुनै चमत्कारी अर्थको (प्रधान रूपमा) व्यञ्जना गर्दछन् ( रसगङ्गाधर, पृ. ३७) ।

४. डा. कृष्णदेव शर्मा - ध्वनितत्त्व काव्यको प्राणतत्त्व हुन्छ अथवा भन्न सकिन्छ कि काव्यको सम्पूर्ण काव्यत्व ध्वनिमा निर्भर गर्दछ (शर्म्मा, १९७८ : ६८) ।

५. सोमनाथ शर्म्मा - आनन्वर्धनले भित्रसम्म केलाएर हेर्दा अलङ्कारको स्तरभन्दा भित्री तहमा रहने ध्वनिलाई काव्यको आत्मा देखे (शर्म्मा, २०१६ : ३८) ।

६. डा. वासुदेव त्रिपाठी - ध्वनि उत्तमोत्तम काव्यको शक्ति हो र गुणीभूत व्यङ्ग्य नै पनि काव्यको सामर्थ्य हो (त्रिपाठी, २०३४ : ४८१) ।

उपर्युल्लिखित परिभाषाहरूमा विद्वान्हरूले ध्वनिका विभिन्न सन्दर्भहरूलाई समेट्ने प्रयास गरेको देखिन्छ । ती परिभाषाहरूबाट ध्वनिका सम्बन्धमा निम्न निष्कर्षमा पुग्न सकिन्छ :

- ध्वनि काव्यमा वाच्यार्थभन्दा प्रधान रूपले झल्कने प्रतीयमान अर्थ/व्यङ्ग्यार्थ हो ।
- ध्वनि काव्यात्मक सौन्दर्य सिर्जना तथा रससृष्टिमा प्रधानतम साधन हो ।
- ध्वनि प्रतिभाविशेषबाट सिर्जना हुनसक्ने उत्तमोत्तम काव्यको शक्ति हो ।

## २.४. ध्वनिको वर्गीकरण

ध्वनि व्यञ्जनावृत्तिसँग सम्बन्धित हुने र बोद्धा, सन्दर्भ, कालसापेक्ष एउटै अभिव्यक्तिबाट पनि अनेक अर्थ व्यञ्जित हुनसक्ने भएकाले ध्वनिको वर्गीकरण निकै जटिल विषय हो । काव्यका पददेखि प्रबन्धसम्मका विभिन्न तहमा रहने र वस्तु, अलङ्कार र रसको ध्वनन गर्ने हुनाले यसको क्षेत्र निकै विस्तृत रहेको छ (नेपाल, २०६८ : १८) । ध्वनिको पूर्ण परिगणना सम्भव नभए पनि ध्वनिवादीहरूले त्यसको वर्गीकरण गरी यसका भेदोपभेद छुट्याउने प्रयास गरेका छन् । यसक्रममा ध्वनिलाई मूल रूपमा दुई, त्यसपछि अठार, छत्तीस र एकाउन्न हुँदै दशहजार चारसय पचपन्न भेदमा गुणीभूत व्यङ्ग्यका प्रकारहरू समेतलाई जोडेर आचार्य मम्मटले ध्वनिसङ्ख्या चार लाख एकाउन्न हजार नौ सय बीस बताएर अन्तमा ध्वनिलाई अनन्त ठहऱ्याएका छन् (उपाध्याय, २०६१ : ३०) । यसरी

ध्वनिको वर्गीकरण जटिल रहेको भए तापनि ध्वनिवादीहरूले मूलतः ध्वनिलाई अविवक्षितवाच्य र विवक्षितान्यपरवाच्य गरी दुई वर्गमा विभाजन गरेका छन् । अविवक्षितवाच्यका अर्थान्तरसङ्क्रमित वाच्य र अत्यन्ततिरस्कृत वाच्य गरी दुई भेद मानिएका छन् । विवक्षितान्यपरवाच्यलाई असंलक्ष्यक्रमव्यङ्ग्य र संलक्ष्यक्रमव्यङ्ग्य गरी दुई भागमा बाँडी असंलक्ष्यक्रमव्यङ्ग्यको एक भेद स्वीकार गरिएको छ र संलक्ष्यक्रमव्यङ्ग्यलाई प्रथमतः शब्दशक्त्युद्भव, अर्थशक्त्युद्भव र शब्दार्थोशक्त्युद्भवका रूपमा विभाजन गरिएको छ । त्यसपछि शब्दार्थोभयशक्त्युद्भवको एक भेद मानिएको छ भने शब्दशक्त्युद्भवका वस्तुध्वनि र अलङ्कारध्वनि गरी दुई भेद देखाइएको छ । अर्थशक्त्युद्भवका चाहिँ स्वतः सम्भवी, कविप्रौढोक्तिसिद्ध र कविनिबद्धप्रौढोक्तिसिद्ध आधारमा वस्तुध्वनि र अलङ्कारध्वनिका भेदले १२ भेद देखाइएका छन् (उपाध्याय, २०६१ : २००) ।

## २.५. ध्वनिका दृष्टिले काव्यको वर्गीकरण

ध्वनिवादीहरूले ध्वनिका अर्थात् प्रतीयमान अर्थका वस्तु, अलङ्कार र रस गरी तीन भेद गरेका छन् । रसध्वनिमा नवरसलगायत भाव, भावाभास र भावोदय आदि अन्तर्भूत गरिएका छन् । रसध्वनिलाई नै काव्यपुरुषको आत्मा घोषित गरिएको छ । वस्तुध्वनि र अलङ्कारध्वनि दुवै रसध्वनिमा पर्यवसित हुने हुनाले ती पनि वाच्यभन्दा उत्कृष्ट एवम् चारुत्वमय हुन्छन् र तिनलाई पनि ध्वनि नामले पुकारिन्छ (पोखरेल, २०५९ : २४) । काव्यमा निहित वाच्यार्थगत र व्यङ्ग्यार्थगत चारुत्वत्कर्षका आधारमा ध्वनिवादीहरूले काव्यलाई उत्तम, मध्यम र अधम गरी तीन तहमा बाँडेका छन् ।

१. उत्तम काव्य

कुनै पनि काव्यमा जब शब्द र अर्थ गौण बनेर तिनबाट व्यङ्ग्यार्थ प्रतीत हुन्छ भने त्यहाँ ध्वनि हुन्छ र त्यो ध्वनिकाव्य कहलाउँछ । यही ध्वनिकाव्यलाई नै उत्तम काव्य भनिन्छ । यसमा वाच्यार्थ सर्वथा व्यङ्ग्यार्थको उपकारक हुन्छ र विशेष चमत्कार व्यङ्ग्यार्थमा नै रहेको हुन्छ । ध्वनिकाव्य वस्तुरूप, अलङ्काररूप र रसरूप गरी तीन प्रकारको मानिन्छ । उदाहरण :

मिल्दैन पथिक ! नक्कली पथरिलो गाउँमा यहाँ केही
बस, मह-गोरसधारा-स्वाद लिनामा भए स्नेही ।

शर्म्मा, २०५८ :.१७५

माथिको पद्यमा खास गाउँमा नक्कली वस्तु छैन, मह, गोरस (दूध, दही, घिउ) आदिमा रुचि छ भने बस भन्ने वाच्यार्थबाट नक्कल झक्कल यहाँ पाइन्न तर महँगो रसधारा (ग्रामीण नारीसुख) मा अभिरुचि भए बस भन्ने व्यङ्ग्यार्थ देखाई प्रेमक्रीडारूपी वस्तुध्वनि अभिव्यक्त भएको छ र यो अर्थ वाच्य अर्थभन्दा निकै चारुत्वपूर्ण छ ।

२. मध्यम काव्य

ध्वनिको अभिव्यक्तिका दृष्टिले मध्यम काव्य काव्यको दोस्रो श्रेणीमा पर्दछ । मध्यम काव्यमा 'व्यङ्ग्य' वाच्यको बराबरी वा वाच्यभन्दा अलिकति कम चारुत्वशाली हुन सक्तछ (पोखरेल, २०५९ : २८) । यसमा भित्री व्यङ्ग्य अर्थ भए पनि उक्त अर्थ वाच्य अर्थभन्दा चमत्कारशाली भने हुँदैन । यसलाई गुणीभूत व्यङ्ग्य पनि भनिएको छ (शर्मा, २०५८ : ८८) । यसमा ध्वनि अङ्गी वा प्रधान वाच्यार्थको अङ्ग अथवा पोषक बनेर आउने हुँदा यसलाई गुणीभूत व्यङ्ग्य भनिएको हो । गुणीभूत व्यङ्ग्य इतराङ्ग, काक्वाक्षिप्त, वाच्यसिद्ध्यङ्ग, सन्दिग्धप्राधान्य, तुल्यप्राधान्य, अस्फुट, अगूढ, असुन्दर गरी आठ प्रकारको मानिएको छ (उपाध्याय, २०६१ : २०८) । ध्वनिका दृष्टिले मध्यम काव्यको उदाहरण निम्नानुसार रहेको छ :

आलो मुना बकुलको लिइ शोभितबाहु गाउँका ठीटा
देख्तैमा युवतीको मुखको आभा भयो फीका ॥

शर्म्मा, २०५८:८८

उल्लिखित पद्यमा लतागृहमा अशोकका रुखमुनि भेट गर्ने पूर्वयोजनानुरूप प्रेमी उक्त स्थान पुगेको तर प्रेमिका भने जान नसकेको अवस्थामा प्रेमी त्यहाँ पुगेर सङ्केत गरिएको स्थानको अशोकमञ्जरी लिएर प्रेमिकाका अघिल्तिर उपस्थित हुँदा प्रेमिकालाई 'ऊ पुगेर पर्खीवरि फर्केर आयो, वचन दिएर पनि आफू जान सकिनँ' भन्ने खालको परिताप परेको व्यङ्ग्य झल्किन्छ । तर यस व्यङ्ग्यार्थभन्दा 'जतिजति अशोकमञ्जरी बोकेको प्रेमीलाई हेर्छे प्रेमिकाको मुख उतिउति खिस्रिक्क पर्दै जान्छ' भन्ने वाच्यार्थ नै चारुत्वमय छ । वाच्यभन्दा व्यङ्ग्य उत्कृष्ट हुन नसकेकाले यो 'गुणीभूत व्यङ्ग्य' वा मध्यम काव्य कहलाउँछ ।

३. अधम काव्य

अधम काव्यमा व्यङ्ग्य ज्यादै नगण्य वा अस्फुट हुन्छ । शब्द र अर्थको अलङ्कारले मात्र चमत्कार दिने तर व्यङ्ग्य चमत्कार भने नभएको काव्य अधम काव्य हो (अधिकारी, २०५६ : ८९) ।

कवि जब शब्दाडम्बर या शाब्दिक चमत्कार देखाउनमा केन्द्रित हुन्छ तब अधम काव्य जन्मिन्छ । अर्थचित्र प्रस्तुत गर्ने प्रयास या अर्थालङ्कारको आयोजना गर्ने बौद्धिक कसरतद्वारा उटपटाङ खालको उदेकलाग्दो अर्थजाल (वाच्यार्थचित्र) फिँजाउने प्रयास पनि गरिएको हुन सक्दछ (पोखरेल, २०५९ : २९) । अधम काव्यको उदाहरण निम्नानुसार रहेको छ :

न कुसुमाकरका करकापले, न कमलाकरका करकाण्डले
बरु दिवाकरका करकार्यले, सब हिमाकरका करका गले ।

शर्म्मा, २०५८:८८

उल्लिखित पद्यांशमा 'करका करका' आदि अनुप्रासी र यमकी शब्दाडम्बर नै मुख्य छ । व्यङ्ग्य ज्यादै नगण्य छ । जो भएको वाच्य र व्यङ्ग्य अर्थ पनि शब्दचित्रकै चाकरीमा समर्पित छ । त्यसैले ध्वनिका दृष्टिले यो अधम काव्यको कोटिमा पर्दछ ।

## २.६. काव्य/साहित्यमा ध्वनिको स्थान

पूर्वीय साहित्यशास्त्रमा 'काव्य' र 'कवि' शब्दले यिनको प्रयोगको प्रारम्भिक कालखण्डमा जुन अर्थ द्योतन गर्दथे समयक्रमसँगै त्यसमा निकै परिवर्तन आएको पाइन्छ । वैदिक वाङ्मयमा 'कवि' शब्द 'सर्वज्ञ परमात्मा, विशेष ज्ञानवान्' भन्ने तात्पर्यमा प्रयोग भएको देखिन्छ (शर्मा, २०५८ : १६) । समयको परिवर्तनसँगै उक्त शब्द 'विद्वान्' शब्दका तात्पर्यमा प्रयोग हुँदै कवित्वको रूपमा असाधारण वर्णन गर्न निपुण विद्वान्का अर्थमा प्रयोग भएको पाइन्छ । 'कवि' शब्दबाटै काव्य (कविको कर्म) शब्दको व्युत्पत्ति भएको हो । जसबाट कविको रचना भन्ने अर्थ बुझिन्छ । संस्कृतमा 'काव्य' शब्द निकै पुरानो हुनुका साथै यसमा अर्थगत व्यापकतासमेत निहित देखिन्छ । यस शब्दले कविको मनोहर रचनाकौशलको प्रयोगबाट रचित समस्त रचनाहरूलाई जनाए पनि पछिल्ला कालखण्डमा भने यसको अर्थमा सङ्कुचन हुन गई केवल साहित्यको एउटा विधाका रूपमा रहेको कविता विधा र त्यसै विधासम्बद्ध आर्थी दायरामा मात्र सीमित हुन गई महाकाव्य, खण्डकाव्य, गीतिकाव्य आदिमा रुढ हुन पुगेको छ । यसरी पूर्वीय चिन्तनधारामा अर्थगत व्यापनका साथ रहेको 'काव्य' शब्दको उक्त स्थानमा वर्तमानमा भने 'साहित्य' शब्दको प्रयोग रूढ हुन पुगेको छ । वर्तमानमा यी दुवै शब्द आफ्ना विशिष्ट सन्दर्भमा प्रयोग हुन थालेका छन् । तिनको अर्थसन्दर्भमा निहित अन्तरलाई पण्डितराज सोमनाथ शर्म्माले यसरी स्पष्ट पारेका छन् : "काव्य भनेको कुनै विषय वा कथानक लिएर मनोहर शैलीको सूत्रमा गुँथिएका शब्द र अर्थको समूचित योगात्मक

गुम्फन हो । काव्यका अङ्ग-प्रत्यङ्गहरूमा बचाउनुपर्ने दोष र समावेश गर्नुपर्ने सौन्दर्य औचित्य आदि जीवनतत्त्वहरूको विश्लेषण गरी सुहाउँदा शब्द र अर्थको सहयोगसहित योजनासम्बन्धी मार्ग प्रशस्त गर्ने शास्त्र साहित्य हो ।" (शर्म्मा, २०५८ : २०) । यसरी काव्य र साहित्य शब्दका व्युत्पत्ति र प्रारम्भिक अर्थसन्दर्भहरूमा स्पष्ट भिन्नता रहे पनि हाल त्यसमा परिवर्तन आइसकेको छ र काव्य शब्द कलात्मक भाषिक अभिव्यक्तिको एउटा विधाका रूपमा रहेको कविताका क्षेत्रमा रुढ हुन पुगेको छ ।

पूर्वीय साहित्यचिन्तन काव्यको सौन्दर्य सिर्जनाको आन्तरिक कारक तत्त्वको विवेचनामा गहन रूपले केन्द्रित रहेको पाइन्छ । ध्वनिसिद्धान्तले सङ्केत गरेको 'काव्य' शब्दले फुटकर कवितादेखि महाकाव्यसम्मका सबै उपविधालाई समेटेर सिङ्गो साहित्यलाई पनि आफ्नो विवेचनाको आधार बनाएको स्पष्ट छ (नेपाल, २०६८ : २३) । सामान्योक्ति र काव्योक्ति बीचको भेदको मूल आधार नै ध्वनि हो । अर्थात् ध्वनि काव्य सौन्दर्यको मूल आधार हो । यसले शब्दले दिने सामान्यार्थका अपेक्षा प्रतीयमान अर्थका सिद्धिबाट काव्यको रम्यताको सिर्जना गर्दछ । पूर्वीय काव्य चिन्तन काव्य सौन्दर्यको रहस्योद्घाटनमा केन्द्रित छ । प्राप्त प्रमाणका आधारमा हेर्दा आचार्य भरतमुनिदेखि आरम्भ भएको मानिएको संस्कृत काव्य चिन्तन एकातिर सुन्दर उक्ति वा अलौकिक प्रकारको विशिष्ट कथनका पक्षमा र अर्कातिर उक्तिसौन्दर्यबाट प्राप्त हुने आह्लादविशेषका पक्षमा गरी मूलतः दुई धारामा विभाजित देखिन्छ । सुन्दर उक्ति के हो र त्यो कसरी सम्पन्न हुन्छ भन्ने सवालमा अलङ्कारवाद, रीतिवाद र वक्रोक्तिवादको मूल चिन्तन देखापर्छ भने काव्योक्तिको आत्मा के हो र त्यो कसरी निष्पन्न हुन्छ भन्ने सवालमा रसवादी र ध्वनिवादी चिन्तन केन्द्रित देखिन्छ । त्यसैगरी काव्यचारुत्व हेतु वाच्यार्थ र लक्ष्यार्थलाई मान्ने आचार्यहरू एकातिर छन् भने व्यङ्ग्यार्थबाट नै सहृदयश्लाघ्य अर्थ सिर्जना हुन्छ भन्ने व्यञ्जना पक्षधरहरू अर्कातिर रहेका छन् । आचार्य भरतमुनिले दृश्यकाव्यका सन्दर्भमा स्थापना गरेको रस सिद्धान्तले रसन्यूनता वा रसविहीन रम्य उक्तिलाई काव्यअन्तर्गत समेट्न नसक्ने र भामह आदि अलङ्कारवादी र रीति अनि वक्रोक्तिवादीहरू पनि एकाङ्गी तवरले अघि बढेका सन्दर्भमा आचार्य आनन्दवर्धनले व्यञ्जनाशक्तिको निरूपण गरी, वैयाकरणको स्फोट सिद्धान्तलाई समेत बलियो आधारका रूपमा लिई वस्तु, अलङ्कार र रस सबैलाई समेट्ने विशिष्ट काव्य सिद्धान्तका रूपमा ध्वनिवादको स्थापना गरे । यस सिद्धान्तले पूर्वीय काव्य चिन्तनमा देखापरेका शब्दसौन्दर्यका पक्षपोषक रीति-अलङ्कारवादीहरू र अर्थसौन्दर्यका पक्षपोषक रसभाववादीहरूलाई एकै ठाउँमा समेट्ने कार्य मात्र गरेन परन्तु काव्य सौन्दर्यको मूल रहस्यको उद्घाटन गरेर विवेचनाको वैज्ञानिक आधारसमेत तय

गरिदियो । यसरी हेर्दा काव्य प्रतिभावान् कविको विशिष्ट अभिव्यक्ति हो र सहृदयश्लाघ्य अर्थ यसको लक्ष्य हो । यस्तो अर्थ पनि वाच्यार्थ र प्रतीयमान गरी दुई प्रकारको हुन्छ । त्यसमा पनि प्रतीयमान अर्थ (व्यङ्ग्यार्थ) नै उत्तम काव्यको कारक हो । ध्वनिवादीहरूका अनुसार सर्वोच्च काव्यानन्द वा काव्याह्लाद फगत व्यङ्ग्यार्थ वा प्रतीयमान अर्थबाट प्राप्त हुन्छ । रस काव्यको चरम उपलब्धि हो यद्यपि सबै काव्य रसवत् नहुन पनि सक्दछन् । कुनै विषयवस्तु वा अलङ्कारको रम्यता पनि काव्यमा ध्वनित हुन सक्दछ । त्यसैले काव्यमा चारुत्वपूर्ण रूपमा द्योतन हुने वस्तु, अलङ्कार र रस व्यञ्जना शक्तिका आश्रयमा व्यङ्ग्य रूपमा प्रकटित हुन्छन् र ध्वनि रूप बन्दछन् । काव्यमा साध्य र साधन दुवै रूपमा ध्वनिको व्यापकता सिद्ध भएकाले यसविना काव्यत्व सम्भव नहुने हुँदा साहित्यमा यसको महत्त्व स्वतः स्पष्ट हुन्छ ।

अभिव्यक्तिले काव्यात्मक उचाइ प्राप्त गर्नका लागि त्यसमा भाववैशिष्ट्यको उपस्थिति जरुरी छ । केवल शब्द-अर्थको गुम्फनले काव्य हुन सक्दैन । शब्द र अर्थको समुचित योगबाट केही न केही चमत्कारी भित्री भावसमेत काव्यमा बुझिने हुनुपर्छ र ती सुसम्बद्ध शब्दार्थबाट भित्री विशेष भाव अभिव्यक्त हुने भए मात्र त्यो कवित्व सजीव हुन्छ (शर्म्मा, २०५८ : ४६) । त्यही भित्री भाव नै ध्वनि हो । रचनामा ध्वनिको औचित्य हुनु भावप्रधानताका लागि हो, त्यसैले भावहीन रचनाको साहित्यिक मूल्य रहँदैन । वास्तवमा प्रतिभाको प्रदर्शन गराउने तत्त्व भनेकै भावगाम्भीर्य हो (नेपाल 'यात्री', २०५४ : ९७) । ध्वनि नवीनताको सूचक हो । काव्य पनि कवि प्रतिभाबाट सिर्जित नवीन प्राप्ति हो । पहिले देखिएका अर्थ पनि काव्यमा रसको परिग्रहबाट वसन्त ऋतुमा वृक्षहरूजस्तै सबै नवीनजस्ता लाग्दछन् (*ध्वन्यालोक,* ४/४) । नवीनताको निदर्शन प्रतिभाविशेषको वैशिष्ट्य हो । काव्य कविप्रतिभाको फलन हो । सत्काव्य रच्ने कविहरूले ध्वनिको प्रयत्नपूर्वक विवेचन गर्नु वाञ्छनीय छ । कविहरूको प्रतिभागुण अनन्त हुनसक्छ, यसर्थ एकै प्रकारबाट विभूषित वाणी प्राचीन अर्थका साथ सम्बन्ध राख्दै नवत्व प्राप्त गर्दछ (ध्वन्यालोक, ४/२) । यसरी कविप्रतिभाद्वारा सिर्जित काव्यमा निहित नवीनता प्रकाशनको रहस्य भावसौन्दर्यको आधार पनि ध्वनि नै रहेको देखिन्छ ।

काव्यसाधनको अन्तिम गन्तव्य ध्वनिको सिद्धि नै हो । ध्वनिले कवितालाई महिमामय पार्छ र व्यञ्जनाको अस्तित्वले कवितालाई चहक्याउँछ भन्ने धारणा अभिव्यक्त गर्दै समालोचक वासुदेव त्रिपाठी व्यञ्जनावृत्तिलाई ध्वनिवादको आधारशिला मान्दछन् तथा अलङ्कार र रस ध्वनित वा अभिव्यक्त हुन सक्नुमा काव्यको अस्तित्व निर्भर रहेको बताउँछन् (त्रिपाठी, २०३४ : ४८१) । व्यञ्जनाको प्रचुरता प्रबन्धकाव्य तथा मुक्तकाव्य दुवैको विषय हो । त्यसैले दुवै प्रकारका काव्यमा नै

व्यञ्जना र ध्वनिका उन्मुक्त चमत्कारहरू परिलक्षित हुन सक्दछन् । ध्वनि वा व्यञ्जना कवित्वको अन्तःस्फुरणकै पर्याय हो । पूर्वमा प्रतिभा र पश्चिममा कल्पनालाई मूल काव्यहेतु मानिन्छ, यसको मर्म व्यञ्जना र ध्वनिसँगै जोडिएको छ (जोशी, २०३८ : ४२) । त्यसैले व्यञ्जनावृत्तिका सहायताबाट निःसृत ध्वनि नै काव्यसौन्दर्यको हेतु एवम् काव्यसिर्जनाको लक्ष्य हो । काव्य श्रवण वा पठनको मूल उद्देश्य भावास्वादन नै हो र भावसौन्दर्य काव्यको आन्तरिक पक्ष हो । आन्तरिक सौन्दर्य बाह्य सौन्दर्यभन्दा जहाँ जति मात्रामा उत्कृष्ट हुन्छ त्यहाँ त्यति नै श्रेष्ठता हुन्छ भन्ने सिद्धान्त नै ध्वनिकाव्यको मर्म हो एवम् कविप्रतिभाको मुख्य उपलब्धि पनि ध्वनिकाव्यको सिर्जना नै हो (नेपाल, २०६८ : २८) । यसरी समग्र साहित्य रचनाको आधारभूमि नै ध्वनि हो र यसैको सिद्धिबाट नै रचनाको लक्ष्य र औचित्य पुष्टि हुने भएकाले साहित्यमा ध्वनिले सर्वोच्च स्थान ओगटेको देखिन्छ ।

पूर्वीय साहित्य चिन्तनमा मात्र नभई पाश्चात्य साहित्य चिन्तनमा समेत प्रकारान्तरले ध्वनिको अस्तित्व प्रमाणित छ । पाश्चात्य साहित्य जगत्का स्वच्छन्दतावाद, मनोविश्लेषण सिद्धान्त, कल्पना सिद्धान्त, अभिव्यञ्जनावाद, मूल्य सिद्धान्त, प्रतीकवाद, बिम्बवाद, प्रयोगवाद जस्ता सिद्धान्तहरूले परोक्षरूपले ध्वनिको अस्तित्वलाई आत्मसात् गरेका छन् । स्वच्छन्दतावादले भावना, कल्पना र रहस्यलाई विशिष्ट स्थान दिने हुँदा काव्यको अन्तः तत्त्व ध्वनि स्वतः यसमा समाहित भएको हुन्छ । साहित्यको सृजन तथा पठन, अवलोकनलाई मानसिक प्रक्रियाकै उपजका रूपमा ग्रहण गर्ने मनोविश्लेषण सिद्धान्तले मानव चेतनाको सूक्ष्म विश्लेषण गर्दै मानवचेतनाभन्दा पृथक् रूपमा साहित्य कलाको कुनै अस्तित्व नरहने मान्यता राख्ने भएकाले यो सिद्धान्त प्रत्यक्षतः रस सिद्धान्तसँग र त्यसैका माध्यमले ध्वनिसिद्धान्तसँग निकटता राख्दछ । ध्वनिसिद्धान्तअनुसार व्यञ्जनालाई एक मानसिक प्रक्रिया मानिन्छ जसले पाठकको मस्तिष्कलाई उद्बुद्ध गर्दछ अनि काव्यद्वारा व्यञ्जित अर्थ प्रतिक्रियाका रूपमा सहृदयमा रासायनिक परिवर्तन घटित भई ऊ एक प्रकारको सम्मोहनमा पर्दछ । ध्वनिमा जुन रसानुभूतिको व्यञ्जना स्वीकार गरिएको छ त्यही फ्रायडको चरम सुखानुभूति हो (नेपाल, २०६८ : ३२) । त्यसैगरी पाश्चात्य साहित्यालोचनामा चर्चित कल्पना सिद्धान्तमा पनि ध्वनिको अस्तित्व भेट्न सकिन्छ । यसले स्रष्टाको विशिष्ट अधिकल्पनाकै माध्यमबाट काव्यमा नवीनता, मोहकता र सौन्दर्यको सृष्टि हुन जाने विचार अघि सारेको छ । यथार्थ वस्तुजगत् भन्दा परको कल्पनाशील सत्यलाई महत्त्व दिने तथा मानसिक आवेगका रूपमा रसलाई अङ्गीकार गर्ने ध्वनिसिद्धान्तको मूल सन्दर्भसँग कल्पना सिद्धान्तले सामञ्जस्य राखेको देखिन्छ भने काल्पनिक जगत्बाट प्राप्त हुने आनन्द नै सौन्दर्यबोधको आनन्द हो भन्ने मान्यता राख्ने अभिव्यञ्जनावाद काव्यको आन्तरिक सौन्दर्यलाई आफ्नो अभीष्ट ठान्ने र

आनन्दका रूपमा रसानुभूतिलाई महत्त्व दिने ध्वनिसिद्धान्तसँग निकट देखिन्छ (नेपाल, २०६८ : ३२) । त्यसैगरी पाश्चात्य साहित्यालोचनाको मूल्य सिद्धान्तले काव्यको स्तर निर्धारणका सन्दर्भमा अघि सारेको मान्यता ध्वनिवादले काव्यको कोटिनिर्धारणमा दिएको योगदानसँग सामञ्जस्य राख्दछ भने प्रतीकवाद, बिम्बवाद र प्रयोगवादले पनि काव्य सौन्दर्यको निरूपणमा ध्वनिसँग तादात्म्य राख्दछन् ।

ध्वनिचिन्तन पूर्वीय साहित्यशास्त्रीय उपज भए तापनि यसले साहित्यको आत्मालाई नै समेटेको हुँदा यो साहित्यमा सार्वभौम विषय बन्न पुगेको छ । सामान्य उक्ति र साहित्यिक उक्ति बीचको भेदको कारण पनि ध्वनि नै हो र अभिव्यक्तिमा अर्थगत सौन्दर्य सिर्जना गरी रसास्वादन गराउने तत्त्व पनि ध्वनि नै हो । त्यसैले ध्वनिविहीन अभिव्यक्ति काव्य या साहित्य बन्न सक्दैन । विशेष प्रतिभावान् कविहरूका रचनामा यस्तो ध्वनिसौन्दर्य भासित हुन्छ । यसरी साहित्य साधनाको अन्तिम प्राप्ति ध्वनि सिर्जना नै भएकाले साहित्यमा यसको स्थान सर्वोच्च रहेको तथ्य स्पष्ट हुन्छ र ध्वनिविवेचना नै साहित्यालोचनाको मुख्य कसी हो भन्ने निचोडको पनि औचित्य सिद्ध हुन्छ ।

## २.७. ध्वनिसिद्धान्तका आधारमा कविता विश्लेषण ढाँचा

ध्वनिवादले काव्यका स्फुटदेखि प्रबन्धात्मक संरचनाको सौन्दर्यको आत्माका रूपमा ध्वनिको अस्तित्वलाई अनिवार्य ठह-याएको छ । यसले काव्य संरचनामा वाच्यार्थ र लक्ष्यार्थपरक रूपले शाब्दी र आर्थी व्यञ्जनाका स्वरूपमा ध्वनि सन्निहित हुन्छ भन्ने दृष्टिकोण राख्दछ र ध्वनिको अनन्ततालाई काव्य प्रतिभाको अनन्ततासँग तुलना गरेर यसका आधारमा काव्य विश्लेषणलाई निकै जटिल बनाएको छ । यद्यपि यस सिद्धान्तका कसीमा विशिष्ट आधारहरू तय गरी तिनैका आधारमा काव्यको विवेचना गर्नु बढी व्यावहारिक र समीचीन हुने देखिन्छ ।

ध्वनिको शास्त्रीय वर्गीकरण ध्वनिबोधमा बढी केन्द्रित भएको हुँदा ध्वनि वर्गीकरणको उक्त आधारलाई मात्र अपनाएर काव्यकृतिको अध्ययन गर्दा सूत्रात्मक सङ्केत मात्र हुन जाने यथार्थलाई हृदयङ्गम गरी नेपाली साहित्यका विद्वान् डा. शैलेन्दुप्रकाश नेपालले आफ्नो विद्यावारिधि शोधका क्रममा ध्वनितात्त्विक मूल्याङ्कनका लागि आश्रयगत, स्वरूपगत र कोटिनिर्धारणगत गरी तीन वटा आधारहरू तय गरेका छन् (नेपाल, २०६८ : ३७) । ध्वनिवादी दृष्टिले काव्य विश्लेषणका लागि उनले तय गरेका उक्त आधारहरू समीचीन देखिन्छन् । उक्त आधारहरू निम्नबमोजिम रहेका छन् :

१. आश्रयगत आधारमा ध्वनि

साहित्यिक रचनाको अभिव्यक्ति माध्यमका रूपमा प्रयुक्त भाषिक संरचनाको कुन एकाइमा ध्वनि निहित छ भन्ने आधार नै आश्रयगत आधार हो । भाषा विभिन्न व्यवस्था, उपव्यवस्थाहरूको समुच्चय हो । यसमा ध्वनिदेखि सङ्कथनसम्मका एकाइहरू रहन्छन् । ती भाषिक एकाइहरू मध्ये पद र यसदेखि माथिल्ला एकाइहरूमा ध्वनिको आश्रय रहन्छ । त्यसैले काव्यमा प्रयुक्त विशिष्ट पद, पदावली, वाक्य, प्रकरण तथा प्रबन्धात्मक संरचनामा ध्वनिको उपस्थिति विवेचनीय हुन्छ । ध्वनि विवेचनाको यो आधार बाह्य वा स्थूल आधार हो । यस आधारमा ध्वनिलाई निम्न प्रकारले विवेचना गर्न सकिन्छ :

(क) पदाश्रित ध्वनि

पद ध्वनिको आश्रय रहने निम्नतम भाषिक एकाइ हो । काव्यमा प्रयुक्त केही विशिष्ट पदहरूले ध्वनि उत्पादनमा भूमिका खेलेका हुन्छन् । पदहरूको व्यञ्जनात्मक प्रयोगबाट त्यस्तो ध्वनि निःसृत हुन्छ । त्यसैले साहित्यिक रचनामा प्रयोग गरिएका कुनकुन पदहरूले त्यस्तो ध्वनि उत्पादनमा भूमिका खेलेका छन्, तिनको निरूपण गरी पदाश्रित ध्वनि पर्गेल्न सकिन्छ । यसलाई निम्न उदाहरणबाट बुझ्न सकिन्छ :

वर्षाई रसको धारा सुखशान्ति दिलाउँछन्

**महेन्द्र** यी भनी सारा प्रेमले गुण गाउँछन् । (शर्म्मा, २०५८ : १७१)

उल्लिखित पद्यांशमा महेन्द्र शब्दले अभिधेयार्थमा राजा महेन्द्र र ध्वन्यार्थमा वर्षातका देवता इन्द्रलाई ध्वनित गरेको छ । त्यसैले उक्त पद यस पद्यांशमा ध्वन्यार्थक रहेको छ ।

(ख) पदावली आश्रित ध्वनि

पदभन्दा माथिल्लो भाषिक एकाइ पदावली हो । पदावली पदसमूहबाट निर्माण हुन्छ । काव्यकृतिमा प्रयोग गरिएका विशिष्ट पदावलीहरूमा ध्वनि आश्रित हुन सक्दछ । त्यसैले ध्वनि सिर्जनामा भूमिका रहने पदावलीहरूको विवेचनाबाट पदावली आश्रित ध्वनि निरूपण गर्न सकिन्छ । यसलाई श्यामलको 'रङ्गहरू' शीर्षकको कविताको निम्न उदाहरणबाट बुझ्न सकिन्छ :

श्रीमान् ! बुझ्नेन यहाँको **लाटो नागरिकले**

तपाइँहरूको **रङ्गीन भाषा** थोरै पनि बुझ्नेन । (श्यामल, २०६८ : ११२)

उल्लिखित कवितांशमा 'लाटो नागरिक' पदावलीले सोझा जनतालाई र 'रङ्गीन भाषा' पदावलीले चाहिँ अस्पष्ट र छलकपटयुक्त सङ्केतलाई ध्वनित गरेको छ ।

(ग) वाक्याश्रित ध्वनि

वाक्य भाषाको पूर्ण कथनात्मक अभिव्यक्ति हो । एउटा पूर्ण वाक्यका माध्यमबाट मात्र अभिव्यक्तिको वास्तविक अर्थ उद्घाटन हुने गर्दछ र त्यसैबाट अनुरणनात्मक रूपमा अर्थका विभिन्न लहरहरू छुट्तछन् । त्यसैले ध्वनिको आश्रयका दृष्टिले वाक्य निकै महत्त्वपूर्ण भाषिक एकाइ हो । काव्यमा प्रयुक्त के-कस्ता वाक्यहरू ध्वन्यात्मकता सिर्जनाका लागि महत्त्वपूर्ण छन् भन्ने कुरा यसको अध्ययनबाट जान्न सकिन्छ । यसलाई श्यामलको 'रङ्गहरू' कविताकै निम्न उदाहरणबाट बुझ्न सकिन्छ :

अन्याय र अत्याचारको रङ्ग कालो हुन्छ । (श्यामल, २०६८ : ११२)

उल्लिखित वाक्यबाट अन्याय र अत्याचार भयप्रद र पीडादायी प्रकृतिको हुन्छ भन्ने आशय ध्वनित भएको छ ।

(घ) प्रकरणाश्रित ध्वनि

सिङ्गो प्रबन्ध काव्यको कुनै एक प्रकरण वा सर्गविशेषमा निहित ध्वनि प्रकरणाश्रित ध्वनि हो । प्रबन्धात्मक स्वरूप नभएका तर स्वतन्त्र र आफैँमा पूर्ण स्फुटकाव्यहरूमा पनि कुनै खास प्रसङ्ग, विचार वा सन्देश निहित हुने हुँदा त्यस प्रकारका रचनामा आश्रित ध्वनिलाई पनि यसैभित्र राखेर हेर्न उपयुक्त हुन्छ । लघु संरचनायुक्त रचना तथा काव्यका कुनै प्रकरणको विवेचना गरी त्यसमा निहित ध्वनि खुट्याउने प्रयत्न यसमा गरिन्छ । फुटकर काव्यकृतिमा आश्रित विशेष भाव वा सन्देश समेतलाई प्रकरणाश्रित ध्वनिले अभिव्यक्त गरेको हुन्छ ।

(ङ) प्रबन्धाश्रित ध्वनि

प्रबन्धात्मक स्वरूपका रचनाहरूमा निहित ध्वनि नै प्रबन्धाश्रित ध्वनि हो । समग्र प्रबन्ध काव्यबाट एकीकृत रूपमा अभिव्यञ्जित अर्थसन्दर्भको निरूपण यसको अध्ययनबाट गर्न सकिन्छ । काव्यकारले काव्य सिर्जनाको औचित्य तथा आफ्नो मूलभूत अभीष्टलाई कुन हदसम्म पुष्टि गर्ने सफलता प्राप्त गरेको छ भन्ने तथ्यलाई उद्घाटन गर्दै कृतिमा निहित ध्वनिको उपस्थितिका

आधारमा सिङ्गो कृतिको कोटि निर्धारण गर्नमा समेत प्रबन्धाश्रित ध्वनिको अध्ययनबाट सहयोग पुग्दछ ।

उपर्युल्लिखित काव्यिक संरचनामा आश्रित ध्वनिभेदहरू मध्ये स्फुटकाव्यको विवेचनाका क्रममा पद, पदावली, वाक्य तथा प्रकरण सम्मको विस्तार आधार हुने देखिन्छ भने प्रबन्धात्मक स्वरूपका रचनामा ती तहहरूका साथै सिङ्गो प्रबन्धाश्रित ध्वनिको समेत निरूपण गर्न सकिन्छ ।

२. स्वरूपका आधारमा ध्वनि

काव्यमा ध्वनि कुन रूपमा प्रकटित छ भनेर ध्वनि निरूपण गर्ने आधार नै स्वरूपको आधार हो । यो ध्वनिको सूक्ष्म विभाजनको आधार हो । काव्यमा ध्वनि रस, अलङ्कार वा वस्तु रूपमा रहने हुँदा स्वरूपका दृष्टिले ध्वनि निम्नबमोजिम तीन प्रकारको हुन्छ :

(क) रसध्वनि

काव्यका सन्दर्भमा रसको तात्पर्य काव्यको श्रवण, दर्शन वा पठनबाट प्राप्त हुने काव्यिक आनन्द हो । पूर्वीय काव्यशास्त्रमा रसबारे प्रथमतः आचार्य भरतमुनिले विवेचना गरेको पाइन्छ । उनले नाट्यशास्त्रीय आधारमा रसको चर्चा गरेका भए पनि पछिल्ला काव्यशास्त्रीहरूले रसलाई समग्र काव्यिक रचनाको चरम लक्ष्यका रूपमा विवेचना गरेका छन् । पूर्वीय काव्यशास्त्रीहरूले शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भूत र शान्त गरी नवरसको निरूपण गरेका छन् । रसको सम्बन्ध अनुभूतिसँग रहने भएकाले यसलाई आस्वाद्य विषय मानिन्छ । मानवमनमा निहित भावहरू काव्यकृतिको आस्वादनबाट जागृत भएर रसरूपमा परिणत हुने मानिन्छ । ध्वनिवादका अनुसार काव्यमा वाच्यार्थका रूपमा नभई व्यङ्ग्य रूपमा प्रकट हुने भएकाले रस ध्वन्यात्मक रूपमा रहेको हुन्छ । काव्यमा शृङ्गारदखि शान्तसम्मका नवरसमध्ये कुनै पनि रसको अभिव्यक्ति हुन सक्दछ । त्यसका साथै रसाभास, भाव, भावाभास, भावोदय, भावशान्ति, भावसन्धि, भावसबलता जस्ता पक्षहरू पनि ध्वनिरूपमा रहन सक्दछन् । यी सबै रसध्वनि अन्तर्गत नै पर्दछन् । रसाभिव्यक्ति नै मुख्य लक्ष्य भएको तथा काव्यको श्रवण/पठन गर्ने बित्तिकै रसाभाव आदि बोध हुनु नै रसध्वनिको अस्तित्व प्रमाणित हुनु हो । ध्वनिवादले रसध्वनिलाई काव्यमा सर्वाधिक महत्त्व दिएको छ र रसध्वनियुक्त काव्यलाई नै उत्तम काव्यको दर्जा समेत दिएको छ ।

(ख) अलङ्कारध्वनि

पूर्वीय साहित्यशास्त्रमा विशेष महत्त्व पाएको विषय अलङ्कार पनि हो । काव्यका सन्दर्भमा अलङ्कारको परिचर्चा आचार्य भरतदेखि नै हुँदै आएको भए तापनि आचार्य भामहबाट प्रधान रूपले महत्त्व पाई एउटा साहित्य सम्प्रदायकै रूपमा अलङ्कारवादको विकास भएको देखिन्छ । यद्यपि ध्वनिवादसम्म आइपुग्दा भने अलङ्कारले पाएको प्रधानता केही सङ्कुचित हुँदै ध्वनिभित्रै समेटिन पुगेको छ । ध्वनिवादले अलङ्कारलाई रससौन्दर्यका हेतुका रूपमा लिएको छ (उपाध्याय, २०६१ : १०४) । काव्यको चरम लक्ष्य चाहिँ रसास्वादन भएको र अलङ्कार रसोपकारक हुने भए तापनि यदि काव्यमा प्रधानरूपले अलङ्कारसौन्दर्य नै व्यञ्जित हुन्छ भने त्यस्तो अवस्थामा अलङ्कार ध्वनि अभिव्यक्त भएको हुन्छ । काव्यमा सहज-स्वाभाविक ढङ्गबाट प्रयुक्त भएका अर्थालङ्कारहरूले काव्यको शोभा बढाउँदै काव्यगत अर्थसन्दर्भलाई सशक्त बनाउन योगदान गर्दछन् (नेपाल, २०६८ : ४२) । अलङ्कारका शब्दालङ्कार र अर्थालङ्कार गरी दुई मूल भेद भए तापनि ध्वनि सिर्जनाका दृष्टिले अर्थालङ्कारहरू नै महत्त्वपूर्ण हुन्छन् । काव्यमा निहित अलङ्कार ध्वनि निरूपणका सन्दर्भमा केकस्तो अलङ्कारसौन्दर्य कुन रूपमा रहेको छ भनी विवेचना गरिन्छ ।

(ग) वस्तुध्वनि

साहित्यिक रचनामा प्रधान रूपमा अभिव्यञ्जित विषयवस्तु नै वस्तुध्वनि हो । प्रायः सबैजसो काव्यकृतिहरू कुनै न कुनै विषयसम्बद्ध त हुन्छन् नै तथापि प्रतीयमानात्मक रूपमा व्यक्तिने विषयसन्दर्भ वस्तुध्वनिका स्वरूपमा रहन्छ । रससिर्जना साहित्यको मूल अभीष्ट भए तापनि सबै साहित्यिक रचनाहरू सदा रसवत् नहुन पनि सक्दछन् र खास विषय, विचार वा दर्शनको ध्वन्यात्मक प्रकटीकरणका सन्दर्भमा वस्तुध्वनिको जन्म हुन्छ । काव्यकृतिमा निहित वस्तुध्वनिको विवेचन, निरूपण यसको अध्ययनबाट गर्न सकिन्छ ।

यसरी स्वरूपका आधारमा हेर्दा साहित्यिक रचनाहरूमा प्रधान रूपले अभिव्यञ्जित रस, अलङ्कार र वस्तुध्वनिको अवस्थिति विवेचनीय देखिन्छ । ध्वनिविहीन अभिव्यक्तिले काव्यात्मक अस्तित्व प्राप्त गर्न नसक्ने हुँदा काव्यमा केकस्तो रस, अलङ्कार र वस्तुध्वनि कसरी अभिव्यक्त भएको छ भनी अध्ययन गर्न सकिन्छ ।

३. कोटि निर्धारणगत आधारमा ध्वनि

कोटि निर्धारण काव्यको मूल्य निर्धारणसँग सम्बद्ध आधार हो । पूर्वीय साहित्य चिन्तनमा ध्वनिवादले नै समग्र काव्यको मूल्य निर्धारण गरी स्तर निर्धारण गर्ने वस्तुगत आधार प्रदान गरेको छ । ध्वनिकार आनन्दवर्धनले काव्यलाई उत्तम, मध्यम र अधम गरी तीन तहमा वर्गीकरण गरेका छन् । रस, वस्तु वा अलङ्कार ध्वनियुक्त काव्य उत्तम काव्य अन्तर्गत पर्दछ भने वाच्यार्थ समान या त्यसभन्दा पनि कमजोर व्यङ्ग्यार्थयुक्त गुणीभूतव्यङ्ग्यकाव्य मध्यम अनि व्यङ्ग्यचारुत्वहीन चित्रकाव्य वा शब्दचित्र अधम काव्यको कोटिमा पर्दछन् । यसरी कोटि निर्धारणका आधारमा काव्यमा निहित ध्वनिसौन्दर्यको विवेचनाका माध्यमले काव्यको मूल्य निर्धारण गर्न सकिन्छ ।

उपर्युल्लिखित आधारहरूमा ध्वनिको विश्लेषण गर्दा कतिपय कविताहरूको पृष्ठभूमि र रचनासन्दर्भको विवेचना समेत उल्लेखनीय हुन्छ । उक्त पृष्ठभूमि र सन्दर्भकै सापेक्षतामा मात्र कतिपय कविताको अर्थबोध गर्न सकिन्छ भने कतिपय कविताले अर्थबोधका लागि बाह्य आधारको अपेक्षा गर्दैनन् । विशेषतः कुनै खास देश, काल, परिवेशसँग सम्बद्ध रचनाहरू त्यसै देश, काल र परिवेशका सन्दर्भमा मात्र अर्थिने भएकाले त्यस्ता कविताहरूको ध्वनिबोधका निम्ति उक्त बाह्य सन्दर्भ वा पृष्ठभूमिसम्म पुग्नुपर्ने हुन्छ । यसलाई निम्न उदाहरणहरूणबाट बुझ्न सकिन्छ :

१. फूलको थुङ्गा बगेर गयो गङ्गाको पानीमा
   कहिले भेट होला हे राजै यो जिन्दगानीमा

२. आमा त्यो आउँछ र !
   हो बा, त्यो आउँछ
   त्यो बिहानको सूर्यझैँ उज्यालो छर्दै आउँछ ।

माथिको पहिलो पद्यांश राष्ट्रकवि माधवप्रसाद घिमिरेको रचना र तारादेवीको स्वरमा रहेको चर्चित गीतको हो भने दोस्रो कवितांश कवि गोपालप्रसाद रिमालको बहुचर्चित कविता 'आमाको सपना'को हो । यी दुई उद्धरणमध्ये पहिलो उद्धरणको व्यञ्जनाबोधका लागि कुनै बाह्य पृष्ठभूमि वा सन्दर्भको सहायता आवश्यक पर्दैन । यस पद्यमा 'फूलको थुङ्गा' पदावलीले सुन्दर सिर्जना भन्ने अर्थ ध्वनित गरेको छ र त्यसैका माध्यमबाट सिङ्गो पद्यले जिन्दगीमा अब कहिल्यै भेट नहुने गरी सृष्टिको एउटा सुन्दर सिर्जनाको अवसान भएको आशयका साथ करुण रस ध्वनित गरेको छ । तर दोस्रो उद्धरणमा भने त्यसको पृष्ठभूमि र बाह्य सन्दर्भको सहायता नलिई ध्वन्यार्थबोध हुन नसक्ने

अवस्था छ । उक्त कविता राणाशासनको अन्त्य हुनुभन्दा अघि अर्थात् वि.सं. २०००, कार्तिकको शारदा पत्रिकामा प्रकाशन भएको हो । (उपाध्याय, २०३२ : ४५) कविताको उक्त रचनागत समय र त्यसबेलाको देश, काल, परिवेशका सन्दर्भमा मात्र यस कविताको ध्वनि अर्थिन्छ । जनताले खुलेर आफ्ना विचार अभिव्यक्त गर्न नपाइने त्यस समयमा विद्यमान शासनव्यवस्था प्रतिको आक्रोश बढ्दै गएको र व्यवस्था परिवर्तनको जनआकाङ्क्षा रहेको हुँदा उक्त कवितांशमा कविले घुमाउरो तवरले 'त्यो आउँछ' भनेर क्रान्तिलाई सङ्केत गरेका छन् । उक्त देश, काल आदि सन्दर्भ नबुझी यहाँ 'त्यो' पदले क्रान्तिलाई सङ्केत गरेको हो भनेर बुझ्न सम्भव छैन ।

ध्वन्यार्थको निर्धारण सन्दर्भसापेक्ष हुन्छ भन्ने कुरा ध्वनिवादी आचार्यहरूले स्पष्ट पारेका छन् । यस सन्दर्भमा व्यञ्जनार्थ कसरी निर्धारण हुन्छ भन्ने कुरा आचार्य विश्वनाथले साहित्यदर्पणको द्वितीय परिच्छेदमा निम्नानुसार उल्लेख गरेको दृष्टान्त डा. केशवप्रसाद उपाध्यायले उद्धृत गरेका छन् :

वक्तृबोद्धव्यवाक्यानामन्यसन्निधिवाच्ययो ।

प्रस्तावदेशकालानां काकोश्चेष्टादिकस्य च ।

वैशिष्ट्यादन्मर्थं या बोधयेत् सार्थसंभवा ॥

(वाक्यको अभिधेयार्थ वा वाच्यार्थको बोध भइसकेपछि वक्ता, बोद्धव्य (जसलाई लक्ष्य गरेर केही भनिन्छ), वाक्यसन्निधि, वाच्य, प्रस्ताव, देश, काल, काकु, चेष्टा आदि अनेक वैशिष्ट्यका कारणले वाच्यार्थभन्दा (लक्ष्यार्थभन्दा पनि) अर्को अर्थको प्रतीति गराउने शक्ति व्यञ्जना शक्ति हो ।) (उपाध्याय, २०६१ : १७८)

आचार्य विश्वनाथको ध्वन्यार्थको सिर्जनामा केही सहायक कारण र वैशिष्ट्य रहने भनाइबाट ध्वनि खास पृष्ठभूमिमा वा विशिष्ट सन्दर्भमा नै अर्थिने तथ्य स्पष्ट हुन्छ । देश, काल, परिवेश आदिका सापेक्षतामा मात्र व्यङ्ग्यार्थबोध हुने प्रकृतिका कविताका निम्ति तिनमा निहित व्यङ्ग्यार्थको विवेचनाका लागि तिनको पृष्ठभूमि समेत निरूपण गर्न आवश्यक देखिन्छ । त्यसैले प्रस्तुत अध्ययनका क्रममा कविताको रचनागत पृष्ठभूमिको संक्षिप्त दिग्दर्शन गरी उपर्युल्लिखित ध्वनि विवेचनाका विविध आधारमध्ये आश्रयगत आधारलाई मात्र अवलम्बन गरेर कवि श्यामलका कवितामा प्रयुक्त पद, पदावली, वाक्य र प्रकरणमा निहित ध्वन्यार्थको विवेचना गरिएको छ ।

# परिच्छेद तीन

# श्यामलका कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

## ३.१. विषय प्रवेश

पद, पदावली र वाक्य भाषाका अर्थगत संरचना हुन् । काव्य वा साहित्यमा प्रयुक्त विशिष्ट पद, पदावली र वाक्यबाट अर्थको अभिव्यञ्जना भएको हुन्छ । त्यसैले काव्यमा निहित ध्वन्यार्थको अध्ययनका सन्दर्भमा उक्त विशिष्ट पद, पदावली र वाक्यहरूको निरूपण र विश्लेषण गर्नु आवश्यक हुन्छ । प्रस्तुत परिच्छेदमा कवि श्यामलका तीन वटा कविता सङ्ग्रहका पाँचपाँच वटा कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको छुट्टाछुट्टै उपशीर्षकहरूमा विवेचना गरिएको छ ।

## ३.२. श्यामलका कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

यस उपशीर्षकअन्तर्गत कवि श्यामलका *तपाईंहरू मार्फत्*, *लयब्रह्म* र *हतारमा यात्रा* कविता सङ्ग्रहका पाँचपाँच वटा कविताहरूमा प्रयुक्त ध्वन्यार्थक पद, पदावली र वाक्यहरूको निरूपण र विश्लेषण गरिएको छ ।

### ३.२.१. *तपाईंहरू मार्फत्* सङ्ग्रहका कवितामा पद, पदावली र वाक्यका तहमा निहित ध्वन्यार्थ

*तपाईंहरू मार्फत* (२०४४) श्यामलको पहिलो कविता सङ्ग्रह हो । उनले २०२६ सालमा त्रिभुवन मा.वि. दैलेखद्वारा आयोजित मासिक साहित्यिक कार्यक्रममा आफूले रचना गरेको *नदी* शीर्षकको कविता वाचन गरी सिर्जनात्मक लेखनको यात्रा आरम्भ गरेका हुन् । २०३१ सालमा नेपालगञ्जबाट प्रकाशित कुनै पत्रिकामा आफ्नो कविताको प्रथम प्रकाशन भएको तर हाल उक्त पत्रिका र त्यसमा प्रकाशित आफ्नो कविता दुवै उपलब्ध नरहेको बताउने श्यामलका त्यसबेलादेखि २०४४ सालसम्म रचना गरिएका अट्ठाइस वटा कविता *तपाईंहरू मार्फत* सङ्ग्रहमा सङ्गृहीत छन् । श्यामलले आफ्नो तेस्रो कविता सङ्ग्रह प्रकाशन गर्दा पूर्वप्रकाशित पहिलो र दोस्रो कविता सङ्ग्रहका छानिएका कविताहरू समेत समावेश गरेका छन् । *हतारमा यात्रा* कविता सङ्ग्रहभित्र

उनका पहिलो कविता सङ्ग्रहका चौध वटा र दोस्रो कविता सङ्ग्रहका सत्र वटा कवितासमेत पूर्वप्रकाशित कविता सङ्ग्रहका नामकरणअनुसार नै छुट्टाछुट्टै शीर्षकमा समाविष्ट छन् । यसरी तेस्रो कविता सङ्ग्रहका साथमा पहिलो र दोस्रो सङ्ग्रहका छानिएका कविताहरू समेत पुनः प्रकाशित गरिएकाले उक्त सङ्ग्रहलाई श्यामलका कविताहरूको प्रमुख एवम् प्रतिनिधि सङ्ग्रहका रूपमा लिन सकिन्छ ।

*तपाईंहरू मार्फत* कविता सङ्ग्रहभित्र कविले वि.सं. २०३५ देखि २०४४ सम्ममा रचना गरेका कविताहरू सङ्गृहीत छन् । यस समयावधिमा देशमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक आदि बाह्य परिवेश र त्यस बाह्य परिवेशबाट प्रभावित, प्रेरित एवम् आफ्नै जीवनानुभवका क्रममा निर्मित, विकसित कविचेतनागत आन्तरिक पृष्ठभूमि नै यस सङ्ग्रहका कविताहरूको ध्वनि निर्धारणका मूल आधार हुन् । प्रस्तुत कविता सङ्ग्रहका कविताहरूको रचनागत पृष्ठभूमिलाई दृष्टिगत गर्दा तीसको दशकदेखि उक्त सङ्ग्रहको प्रकाशन हुँदासम्मको समयावधि र त्यस अवधिमा विद्यमान नेपाली राजनीतिक, सामाजिक, आर्थिक आदि बाह्य परिवेश यसले समेटेको देखिन्छ । कविता लेखनको उक्त कालखण्ड नेपाली सामाजिक, राजनैतिक विकासक्रमको एक विशिष्ट र अर्थपूर्ण अवधि हो । नेपाली राजनीतिक विकासका दृष्टिले उक्त अवधि निर्दलीय पञ्चायती व्यवस्थाको उत्तरार्द्धको समय हो भने यसै अवधिमा देशमा विद्यार्थी आन्दोलनले अर्थपूर्ण उचाइ हासिल गरेको, सुधारिएको पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्था बीचको जनमत सङ्ग्रह भई त्यसमा निर्दलीय पञ्चायती व्यवस्था नै विजयी भएको, प्रजातान्त्रिक व्यवस्था प्राप्तिको यात्रा अघि बढिरहेको, आफ्ना प्रजातान्त्रिक हकअधिकारप्रति जनचेतना बढ्दै गएको, देशको प्रमुख प्रजातान्त्रिक दलले राष्ट्रिय मेलमिलापको नीति लिएको, वामपन्थी शक्तिहरूका पञ्चायती व्यवस्था विरुद्धका गतिविधिहरू बढ्दै गएका, वामपन्थी धारका अगुवा नेता पुष्पलाल श्रेष्ठको २०३५ मा र प्रजातान्त्रिक धारका अगुवा नेता वी.पी. कोइरालाको २०३९ मा भएको निधनले तत्तत् धारहरूमा केही हडबड र अन्योलको स्थितिसमेत सिर्जना भएको परिवेश विद्यमान देखिन्छ । त्यसैगरी तात्कालिक नेपाली समाज राजनीतिक दृष्टिले पञ्चायती व्यवस्थाका पक्ष र विपक्षमा विभाजित, शासकीय दृष्टिले शोषित, उत्पीडित, वर्गीय दृष्टिले विभेदग्रस्त र शिक्षा एवम् चेतनागत दृष्टिले निकै कमजोर अवस्थामा रहेको देखिन्छ । यही युगीन परिवेश एवम् ग्रामीण जीवन भोगाइका क्रममा विकसित सरल, कोमल अनि स्वच्छन्दताप्रेमी कविहृदयमा देशमा विद्यमान प्रतिकूल वातावरणका प्रतिक्रियास्वरूप जागेको विद्रोहभाव र त्यसले अवलम्बन गरेको प्रगतिवादी वैचारिक धारा नै यस सङ्ग्रहका कविताहरूबाट व्यञ्जित ध्वन्यार्थको निर्धारक पृष्ठभूमिका रूपमा रहेका छन् । त्यसै

पृष्ठभूमिको आधारमा प्रस्तुत सङ्ग्रहका 'घोडाको मृत्यु', 'निर्वाचन र गल्लाहरू', 'रङ्गहरू', 'देश दृश्य', र 'छाला' शीर्षकका कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्यहरू र तिनबाट अभिव्यञ्जित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

### ३.२.१.१. 'घोडाको मृत्यु' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*तपाईंहरू मार्फत* कविता सङ्ग्रहमा सङ्गृहीत 'घोडाको मृत्यु' शीर्षकको कविता वि.सं. २०३९ मा रचिएको हो (उप्रेती, २०६७ : ९) । उक्त कवितामा प्रयुक्त ध्वन्यार्थ निर्धारक भाषिक आधारका रूपमा रहेका ध्वनियुक्त पद, पदावली र वाक्यमा निहित ध्वनिको विवेचना उल्लिखित समयसन्दर्भ र रचनागत परिवेशका पृष्ठाधारमा निम्नबमोजिमका उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक पदहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१.आफ्ना पिठ्यूँमा बोकेर **काँठी*** (८९)

यस कवितांशमा प्रयुक्त 'काँठी' पदले मानवद्वारा वहन गरिने जिम्मेवारीलाई ध्वनित गरेको छ ।

*२. धेरै बाँकी थियो **रात*** (८९)

प्रस्तुत वाक्यमा प्रयुक्त 'रात' पद ध्वन्यार्थक रहेको छ । यसमा प्रयुक्त 'रात' पदले युगीन सन्दर्भबाट हेर्दा अन्धकारजनित लामो समयको विद्यमानताबाट अधिकारहरू प्रतिबन्धित रात्रीतुल्य कष्टकर र अन्योलपूर्ण पञ्चायतकालीन निरङ्कुश शासनको निरन्तरता कायमै रहेको भाव अभिव्यञ्जना गराएको छ ।

*३.. अर्थात् **तबेलामा** एउटा घोडा हिजो साँझ मऱ्यो (८९)*

यस वाक्यमा प्रयुक्त 'तबेलामा' पदले नियन्त्रण परिधिमा भन्ने आशय ध्वनित गरेको छ ।

*४. **हामीहरू** कुरा गर्दै थियौँ*
*अधिकारका कुरा गर्दै थियौँ*
*कर्तव्यका कुरा गर्दै थियौँ*

प्रस्तुत कवितांशमा प्रयुक्त 'हामीहरू' पदले नागरिक हकअधिकारको प्राप्तिप्रति सचेत र अग्रसर वर्गलाई ध्वनित गरेको छ ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. फगत सहेर **शासनका डामहरू** (८९)*

यस कवितांशमा प्रयुक्त 'शासनका डामहरू' पदावलीले शासनका क्रममा भोग्नुपरेको उत्पीडनलाई ध्वनित गरेको छ ।

*२. फगत सहेर **नयाँनयाँ लगामहरू** (८९)*

यस कवितांशमा प्रयुक्त 'नयाँनयाँ लगामहरू' पदावलीले नयाँनयाँ बन्धनकारी नीतिनियमहरूलाई ध्वनित गरेको छ ।

*३. नाङ्गो, **बिलकुल नाङ्गो र घोडाझैँ नाङ्गो***

*एउटा मानिस मर्‍यो (८९)*

यस कवितांशमा प्रयुक्त 'बिलकुल नाङ्गो' पदावलीले कुनै ढाकछोप नगरिएको, उदाङ्गो भन्ने भाव ध्वनित गरेको छ भने 'घोडाझैँ नाङ्गो' पदावलीले साधनका रूपमा उपयोग गरिएको सहजै देखिने अवस्थाको भन्ने भाव ध्वनित गरेको छ ।

*४. **प्रतिबन्धित सपनाहरू** सँगसँगै*

*एउटा बूढो घोडा*

*हिजो साँझ मर्‍यो (९०)*

यस कवितांशमा प्रयुक्त प्रतिबन्धित सपनाहरू पदावलीले पञ्चायती शासन व्यवस्थाले बन्देज लगाएका प्रजातन्त्र प्राप्तिका अभीष्टहरू भन्ने आशय ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *शासनका डामहरू र नयाँनयाँ लगामहरू सहेर आफ्नो पिठ्यूँमा बोकेको काँठीसितैको एउटा घोडा हिजो साँझ मऱ्यो । (८९)*

यस वाक्यबाट अभिधेयार्थमा घरपालुवा जनावरका रूपमा पालिँदै आएको र विशेषतः भारवाही प्राणीका रूपमा मानव सवारी प्रयोजनमा उपयोग गरिने घोडाको मृत्यु भएको अर्थ द्योतन भएको छ भने यस कविताको आभ्यन्तरिक र व्यापक बाह्य परिवेशलाई दृष्टिगत गर्दा घोडाको समतुल्य भारवाही, सहनशील, शक्तिशाली तर अरूको नियन्त्रणमा चल्न विवश आदि विशेषतायुक्त पात्रको प्राणहीनतालाई व्यञ्जित गरेको छ । कुशासनको अत्याचार र अनेक क्रूरतापूर्ण नीतिनियमको बन्धन सहन बाध्य प्रजातन्त्रप्रेमी नेपाली जनता र प्रजातान्त्रिक आन्दोलनको संवाहक शक्तिको नेतृत्वकर्ताहरू नै यहाँ घोडाको रूपमा ध्वनित भएको देखिन्छ । शासकीय प्राधिकार सुनिश्चित गर्ने शक्तिको मूल स्रोतका रूपमा रहेको जनता स्वयं शासकहरूको शोषण, दमन, अन्याय र अत्याचार सहन बाध्य भई निष्प्राण बन्न पुगेको, प्रजातान्त्रिक आन्दोलनको जिम्मेवारी सम्हालिरहेका बी.पी.को निधन २०३९ भएको, हिजो अर्थात् २००७ अघि र तत्पश्चात् २०१७, २०३७ मा प्रजातन्त्रलाई निष्प्राण बनाउने कार्य भएको सन्दर्भलाई समेत प्रस्तुत वाक्यले व्यञ्जित गरेको छ । यसका साथै स्वतन्त्र, स्वविवेक र स्वनिर्णयको अधिकारको प्रयोगावस्था नहुँदा अरूको कुशासन भोग्नु पर्ने घोडा प्रवृत्तिको विवशता समेत यस वाक्यबाट व्यञ्जित भएको छ ।

२. *यो पृथ्वी मानौँ सुतिरहेकी थिई । (८९)*

प्रस्तुत वाक्यले पृथ्वीको चराचर जगत् निद्रामा थियो भन्ने लक्ष्यार्थका सहायताले नेपाली चेतनाको सुषुप्तावस्थालाई सङ्केत गर्दै जनतामा जागरण आउन बाँकी रहेको र जनता आफूमाथिको अन्यायको प्रतिरोधमा अग्रसर नभइरहेको मान्न सकिने तात्कालिक अवस्थाको अभिव्यञ्जना गरेको छ ।

३. *मलाई थाहा छ त्यसै घोडाको पीठमा चढेर प्रत्येक वर्ष प्रजातन्त्र दिवस आउँथ्यो र दफाहरू पढ्थ्यो । (८९ र ९०)*

प्रस्तुत वाक्यमा 'त्यसै घोडा' पदावलीले सामान्यार्थमा प्रजातन्त्रका संवाहक नेपाली जनता र विशिष्टार्थमा तात्कालिक परिवेशका प्रजातान्त्रिक आन्दोलनका संवाहक (बी.पी.)लाई सङ्केत गरेको छ । यस वाक्यमा 'प्रजातन्त्र दिवस आउँथ्यो' भनेर अभ्यस्त भूतकालिक क्रियापदको प्रयोग गरिनाले प्रजातन्त्रको वर्तमान र भविष्य अन्योलमा रहेको व्यञ्जनाबोध गर्न सकिन्छ भने प्रजातन्त्र दिवसमा 'दफाहरू पढिने' सन्दर्भबाट प्रजातन्त्र दिवसमा गरिने वक्तव्यबाजी, प्रजातन्त्रका नाउँमा प्रदर्शन गरिने देखावटीपन र प्रजातन्त्र व्यवहारमा नभई दफाहरूमा मात्र झल्किने गरेको स्थितिको अभिव्यञ्जना भएको देखिन्छ । यसरी समग्रतः यस वाक्यबाट प्रजातन्त्रप्रेमी नेपाली जनता र तिनको नेतृत्वले कठिन सङ्घर्षबाट ल्याएको प्रजातन्त्र वर्तमानमा भने ढोंगीहरूको पाखण्डप्रदर्शनको माध्यम भइरहेको र यसको भविष्य अन्योलमा परेको आशय अभिव्यञ्जित भएको छ ।

### ३.२.१.२. 'निर्वाचन र गल्लाहरू' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*तपाईंहरू मार्फत* कविता सङ्ग्रहमा सङ्गृहीत प्रस्तुत कविता वि.सं. २०४२ मा रचना गरिएको हो  (उप्रेती, २०६७ : ९) । उक्त कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली र वाक्यमा निहित ध्वनिको विवेचना उल्लिखित समयसन्दर्भ र रचनागत परिवेशका पृष्ठाधारमा निम्नबमोजिमका उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा ध्वन्यार्थक पदहरूको प्रयोग गरिएको छैन ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. निर्वाचन आउँछ*

***भोकदेखि तर्सेका तन्नेरीहरू**लाई*

*फिताले नाप्तै (९१)*

यस कविताांशमा प्रयुक्त 'भोकदेखि तर्सेका तन्नेरीहरू' पदावलीले गरिबी र अभावबाट भयभीत युवाहरू भन्ने आशय ध्वनित गरेको छ ।

२. ***अनकन्टार गुफाजस्तो मतपेटिका*** *लिएर*

*निर्वाचन आउँछ (९१)*

यस कविताांशमा प्रयुक्त 'अनकन्टार गुफाजस्तो मतपेटिका' पदावलीले मतपेटिकाको अनिश्चयपूर्ण, संशययुक्त र रहस्यमय अवस्थालाई सङ्केत गर्दै निर्वाचनप्रतिको अविश्वासलाई व्यञ्जित गरेको छ ।

३. ***नक्कली दाँतहरू देखाउँदै***

*भोट माग्न के आउँछ निर्वाचन (९२)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'नक्कली दाँतहरू देखाउँदै' पदावलीले कपटपूर्ण र बनावटी मुस्कानलाई ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *सुक्नै लागेको रुखका नसाहरू छाम्दै जसरी धमिरा आउँछ, माझीले खोलामा हानेको जाल जसरी फैलिएर आउँछ, त्यसैगरी आउँछ निर्वाचन । (९१)*

प्रस्तुत वाक्यमा 'सुक्नै लागेको रुख' पदावलीले कमजोर बन्दै गइरहेको अवस्था व्यञ्जित गरेको छ भने 'धमिरा' पदले कमजोरीको फाइदा उठाउँदै नदेखिने गरी आफ्नो स्वार्थको सिकार बनाउने तत्त्वलाई ध्वनित गरेको छ । आफ्नै आश्रयस्थललाई समेत भित्रभित्रै खाएर नष्ट गर्ने धमिरा आफन्त नचिन्ने र तिनलाई लुकेर हानि पुऱ्याउने तत्त्वको प्रतीक हो । त्यसैगरी 'माझीले खोलामा हानेको जाल' षड्यन्त्रको प्रतीक हो । यसलाई षड्न्त्रपूर्वक अभीष्ट सिद्ध गर्ने साधनका रूपमा लिन सकिन्छ । यसरी प्रस्तुत वाक्यले सत्ताप्राप्तिहेतु निर्वाचनका प्रयोगकर्ताहरूले आफ्नो अस्तित्वस्रोतका रूपमा रहेका नागरिकहरूको मत प्राप्त गर्न तिनका समस्या, विवशता र कमजोरीहरूमा खेल्दै अनेक प्रपञ्चद्वारा जनमत आफ्नो पक्षमा पार्ने र त्यस तवरले सत्तामा पुगिसकेपछि मतदाताको अवमूल्यन गर्दै आफ्नो कुशासन लाद्ने गरेको विसङ्गत पक्षमाथि व्यङ्ग्य गरेको छ । निर्वाचनको मर्म र उद्देश्य वास्तवमा जनतालाई शक्तिसम्पन्न बनाउने भए तापनि यहाँ त्यसको ठीक उल्टो जनतालाई शक्तिहीन बनाउने साधनका रूपमा यसको प्रयोग गरिएको आशय यस वाक्यमा

झल्किएको छ । यसबाट षड्यन्त्रकारी साधनका रूपमा निर्वाचनको दुरूपयोग गर्दै प्रजातन्त्रका नाममा भइरहेको गलत अभ्यासको अभिव्यञ्जना भएको छ ।

२. *निर्वाचन आउँछ भोकदेखि तर्सेका तन्नेरीहरूलाई फिताले नाप्तै, जसरी गाउँघरमा गल्ला आउँछ र भर्ती हुन सकी नसकी केरा खाएर वजन ठीक गर्दछन् केटाहरू । (९१)*

प्रस्तुत वाक्यमा गाउँघरका युवाहरूलाई आफ्नो सेनामा भर्ती गराउन आउने गल्लाहरू र अभावग्रस्त जीवनको भयबाट मुक्तिका लागि बलपूर्वक भए पनि धेरै खाएर आफ्नो वजन ठीक पार्ने केटाहरूका माध्यमबाट एकातिर हाम्रो देशका ऊर्जावान् युवाहरूलाई आर्थिक प्रलोभनमा पारेर विदेशीहरूले आफ्नो ढालको रूपमा उपयोग गरिरहेको सन्दर्भ व्यञ्जित भएको छ भने अर्कातर्फ युवावर्गको अभावग्रस्त जीवनबाट उन्मुक्तिको तीव्र चाहना र लाहुरे जीवनप्रतिको आकर्षण समेत अभिव्यञ्जित भएको छ । जसरी विदेशी गल्लाहरूद्वारा यस देशका क्षमतावान् युवाहरूलाई प्रलोभनमा पारेर आफ्नो रक्षाकवच बनाउँदै आफ्नो स्वार्थमा प्रयोग गरिएको छ त्यस्तै तवरले निर्वाचनद्वारा पनि ऊर्जाशील एवम् सम्भावनायुक्त युवाहरूलाई विभिन्न प्रलोभन र आश्वासनमा भुल्याएर सत्ता प्राप्तिको भऱ्याङका रूपमा दुरूपयोग गरिएको छ भन्ने भाव प्रस्तुत वाक्यबाट व्यञ्जित भएको छ ।

३. *त्यसैबेला सेवामुक्त लाहुरेलाई आफ्नो विगतको सम्झना आउँछ । (९१)*

प्रस्तुत वाक्यले अघिल्लो वाक्यसँग संसक्ति कायम गर्दै विदेशी गल्लाहरूको फितामा नापिएर लाहुरे बनेकाहरूको जीवनको यथार्थलाई व्यञ्जित गरेको छ । लाहुरे जीवनप्रतिको आकर्षण, अपेक्षा र सपना अनि लाहुरे बनेपछिको भोगाइ र वास्तविकता बीचको विशाल अन्तरको अनुभव हासिल गरिसकेको सेवानिवृत्त लाहुरेले शक्तिवान्हरूले शक्तिहीनहरूलाई आफ्नो स्वार्थमा उपयोग गर्ने षड्यन्त्र जुन लाहुरे जीवनमा भोगेको थियो त्यस्तै षड्यन्त्रकारी यत्नको अर्को संस्करणको रूपमा निर्वाचनलाई महसुस गरेको भाव यस वाक्यबाट ध्वनित भएको छ ।

४. *गल्ला के आउँछ हाम्रो गाउँघरमा मलाई विश्वयुद्धमा हराएको मानिसको सम्झना आउँछ । (९१)*

प्रस्तुत वाक्यले प्रथम र द्वितीय विश्वयुद्धमा सर्वसाधारण नेपाली जनताका हजारौँ होनहार छोराहरू विदेशी भूमिमा मारिएको यथार्थलाई सङ्केत गरेको छ । गरिबी र बेरोजगारीको समस्याले ग्रसित युवाहरूलाई आर्थिक प्रलोभनमा पारेर युद्धमा होम्ने र आफ्नो स्वार्थरक्षाका निम्ति उनीहरूको जीवन समाप्त गर्ने गल्लाहरूको कुटिल चाललाई यस वाक्यले व्यञ्जित गरेको छ ।

५. *नक्कली दाँतहरू देखाउँदै भोट माग्न के आउँछ निर्वाचन मलाई महामारीमा परेका बुद्धिहरूको सम्झना आउँछ र निर्वाचन आउँदा मलाई खसी किन्न गाउँ पसेका मानिसहरूको सम्झना आउँछ । (९२)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'नक्कली दाँतहरू देखाउँदै' पदावलीले षड्यन्त्रनिहित बनावटी मुस्कानलाई सङ्केत गरेको छ भने 'महामारीमा परेका बुद्धिहरू'ले मानिसहरूको विवेकहीनतालाई व्यञ्जित गरेको छ । त्यसैले यस वाक्यमा निर्वाचनका समयमा भोट माग्नका लागि देखाइने बनावटी आत्मीयता, सामीप्यको षड्यन्त्र र त्यसैमा फस्ने मानिसहरूको विवेकहीनता ध्वनित भएको छ । आफ्नो विवेकको उपयोग गरेर सही र गलत छुट्याई मतदान गर्नुभन्दा विपरीत क्षणिक लाभ र झूटो आश्वासनमा फस्ने मतदाताहरूको कमजोरीलाई यसले व्यञ्जित गरेको छ । सहरबजारका व्यापारीहरू गाउँमा खसी किन्न पस्दा सोझा ग्रामीण किसानहरूलाई अनेक तरहले षड्यन्त्र गरेर सस्तो मोलमा खसी फुत्काएर लिई आफूले त्यसलाई निकै फाइदा निकालेर बिक्री गरेजस्तो दलाली निर्वाचनमा पनि भइरहेको हुँदा यहाँ स्वस्थ प्रजातान्त्रिक अभ्यास हुन सकिरहेको छैन भन्ने भाव यस वाक्यबाट व्यञ्जित भएको छ ।

### ३.२.१.३. 'रङ्गहरू' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*तपाइँहरू मार्फत* कविता सङ्ग्रहमा सङ्गृहीत प्रस्तुत कविता वि.सं. २०३७ मा रचना गरिएको हो (उप्रेती, २०६७ : ९) । उक्त कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्यहरू र तिनमा निहित ध्वनिको विवेचना उल्लिखित समयसन्दर्भ र रचनागत परिवेशका पृष्ठाधारमा निम्नबमोजिमका उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा ध्वन्यार्थक पदहरूको प्रयोग गरिएको छैन ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *श्रीमान् ! बुझेन यहाँको* ***लाटो नागरिकले*** *(११२)*

यस वाक्यमा प्रयुक्त 'लाटो नागरिक' पदावलीले सोझा जनतालाई ध्वनित गरेको छ ।

२. ***तपाइँहरूको रङ्गीन भाषा*** *थोरै पनि बुझ्दैन (११२)*

यस वाक्यमा प्रयुक्त 'रङ्गीन भाषा' पदावलीले शासकहरूको कपटी चाललाई ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *अन्याय र अत्याचारको रङ्ग कालो हुन्छ । (११२)*

प्रस्तुत वाक्यमा प्रयुक्त कालो रङ्गले दोषयुक्त र पीडादायी भन्ने आशय ध्वनित गरेका कारण यस वाक्यबाट अन्याय र अत्याचारको चालढाल दुष्ट प्रकृतिको हुन्छ भन्ने लक्ष्यार्थका माध्यमबाट अन्याय र अत्याचार भयप्रद र पीडादायी हुन्छ भन्ने ध्वन्यार्थ व्यञ्जित छ ।

२. *भन्छन्, पहेँलो हुन्छ त्याग र उत्सर्गको रङ्ग । (११२)*

पहेँलो रङ्गलाई त्याग एवम् उत्साहको प्रतीक मानिन्छ । महामानव गौतम बुद्धले पहेँलो रङ्गको चीवर पहिरिनुको प्रतीकात्मक अर्थ पनि त्यही नै हो । पहेँलो रङ्गको यसै प्रतीकार्थको प्रयोग गर्दै तात्कालिक समयमा भएको जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाको निर्वाचन चिह्नमा पहेँलो रङ्गको मतपत्रको प्रयोग गरिएको थियो । शान्तिक्षेत्र घोषणा गरिएको अवस्थामा शान्तिका प्रतीक मानिने बुद्धबाट त्याग र उत्सर्गका द्योतकका रूपमा प्रयोग गरिएको पहेँलो रङ्गलाई पञ्चायती शासकहरूले प्रयोग गर्नुमा उनीहरूको देखावटी चातुर्य निहित थियो । यसरी प्रस्तुत वाक्यले जनमत सङ्ग्रहकालीन समयमा निर्दलीय पञ्चायती व्यवस्थाले प्रस्तुत गरेको त्याग र उत्साहको देखावटी भावनालाई सूक्ष्म रूपमा व्यञ्जित गरेको छ । यस वाक्यमा प्रयुक्त 'भन्छन्' क्रियापदले एकतर्फी अभिव्यक्तिलाई व्यञ्जित गरेको छ र यसबाट पञ्चायती शासकहरूले आफूमा त्यागको भावना भएको र पञ्चायती व्यवस्थाप्रति जनता उत्साहित रहेको अभिव्यक्ति दिने गरेको सन्दर्भ व्यञ्जित छ ।

३. *बलिरहेको आगो झैँ रातो भनिन्छ क्रान्ति र परिवर्तन । (११२)*

बलिरहेको आगोले जागरुकता, दाहकता र अस्तित्व समाप्तिलाई व्यञ्जित गर्दछ । क्रान्तिका माध्यमबाट हुने परिवर्तन ठूलो शक्तिको प्रयोगबाट हुने परिवर्तन हो । जसरी आगोले एउटा

स्वरूपमा अस्तित्ववान् वस्तुको दहन प्रक्रियाबाट पूरा अस्तित्व परिवर्तन गरिदिन्छ त्यसरी नै क्रान्तिले पनि विद्यमान पद्धतिको पूरा ढाँचा बदलिदिन्छ । अग्नितुल्य जागरुक, दाहक र क्रूर नभईकन आमूल परिवर्तन सम्भव पनि हुँदैन । क्रान्ति र परिवर्तनको यसै प्रवृत्तिको ध्वनन प्रस्तुत वाक्यबाट भएको छ ।

४. *शान्ति समुद्र झैँ नीलो र गहिरो हुन्छ भन्छन् । (११२)*

प्रस्तुत वाक्यका पृष्ठभूमिमा २०३६ सालको जनमत सङ्ग्रहमा बहुदलीय व्यवस्थाको चुनावी चिह्नमा नीलो रङ्गको मतपत्रको प्रयोग गरिएको सन्दर्भ विद्यमान छ । २०३१ सालमा तात्कालिक राजा वीरेन्द्रबाट नेपाललाई शान्तिक्षेत्र घोषणा गरिएका सन्दर्भमा यहाँ वास्तविक शान्ति त बहुदलीय प्रजातन्त्रका माध्यमबाट मात्र कायम हुनसक्छ भन्ने सङ्केत द्योतन गर्न बहुदल पक्षले नीलो रङ्गको प्रयोग गरेको देखिन्छ । नीलो रङ्ग व्यापकता र गहनतामा आश्रित हुन्छ । आकाश र समुद्रको व्यापकता र गहनतामा नीलो रङ्ग गोचर हुनु त्यसैको दृष्टान्त हो । त्यसैले प्रस्तुत वाक्यबाट समुद्रको गहनता, व्यापकता र स्थिरतायुक्त वैशिष्ट्यका माध्यमबाट शान्तिको गहनता, व्यापकता र स्थिरतालाई व्यञ्जित गर्दै बहुदलीय प्रजातन्त्रका माध्यमबाट नै नेपालमा व्यापक र दीगो शान्ति कायम हुन सक्छ भन्ने आशय ध्वनित भएको छ ।

५.*कालो सहरको पहेँलो बत्तीमा हिँड्दा शान्तिको विशाल पोखरीमा डुबेका छन् धेरै नागरिकहरू । (११२)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'कालो सहर' पदावलीले कवितामा निहित सन्दर्भ र पृष्ठभूमिका आधारमा अन्याय र अत्याचारको पीडा भोगिरहेको तात्कालिक नेपाल, 'पहेँलो बत्ती' पदावलीले त्याग र उत्साहको निहितार्थमा जनमत सङ्ग्रहमा पहेँलो रङ्गको मतपत्रमार्फत प्रतिनिधित्व गरेको पञ्चायती व्यवस्था, 'शान्तिको विशाल पोखरी' पदावलीले शान्तिक्षेत्र घोषित नेपाल र यहाँ पोखरीतुल्य थोरै परिमाणमा सीमित शान्तिको अवस्था र 'नागरिकहरू डुबेको' अभिव्यक्तिले नागरिकहरू अन्यायपूर्वक मरिरहेको आशय व्यञ्जित गरेका छन् । यसरी प्रस्तुत वाक्यबाट सिङ्गो नेपाललाई शान्तिक्षेत्र घोषणा गरिएको भए तापनि अन्याय र अत्याचारयुक्त तात्कालिक पञ्चायती शासन व्यवस्थामा न्यून सङ्ख्याको प्रतिनिधित्व गर्ने शासकवर्ग मात्र सुखशान्तिको अवस्थामा रहेको र बहुसङ्ख्यक नागरिकहरूलाई भने त्यस शान्तिले समेट्न नसकेको बरु बाहिर त्याग र उत्साह देखाएर भित्र भने अन्याय, अत्याचार गरिएको र शासकका उत्पीडनमा परेर नागरिकहरू मरिरहेको आशय व्यञ्जित भएको छ ।

६. *भन्नुस्, कस्तो हुन्छ तिनीहरूको जीवनको रङ्ग, भोकको रङ्ग र त्यहाँ फैलिएको अराजकताको रङ्ग ? (११२)*

प्रस्तुत वाक्यले अघिल्लो वाक्यको पृष्ठभूमिलाई लिएर अन्याय र अत्याचारपूर्ण पञ्चायती शासनको रूप र सारका बीचमा व्याप्त असङ्गतिबाट प्रभावित नेपाली जनजीवन, त्यसबाट सिर्जित समस्या एवम् विकृति, विसङ्गतिको यथार्थबोध हुन नसकेको अवस्थालाई व्यञ्जित गर्नुका साथै यसबाट आउनसक्ने अराजकताजन्य सम्भावित गम्भीर परिणामलाई समेत सङ्केत गरेको छ ।

### ३.२.१.४. 'देश दृश्य' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*तपाईंहरू मार्फत* कविता सङ्ग्रहमा सङ्गृहीत प्रस्तुत कविता वि.सं. २०४४ मा रचना गरिएको हो (उप्रेती, २०६७ : ९) । उक्त कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्यहरू र तिनमा निहित ध्वनिको विवेचना उल्लिखित समयसन्दर्भ र रचनागत परिवेशका पृष्ठाधारमा निम्नबमोजिमका उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा ध्वन्यार्थक पदहरूको प्रयोग गरिएको छैन ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक पदावलीहरू र तिनबाट अभिव्यञ्जित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. ***शोक सन्तप्त पर्वत***
***भागिरहेका नदीहरू***
*र **निरन्तर लुकिरहेको सूर्य** । (११५)*

यस कवितांशमा प्रकृतिको मानवीकरण गरी बिम्बात्मक प्रस्तुति गरिएको छ । यहाँ 'शोक सन्तप्त पर्वत' पदावलीका माध्यमबाट पर्वतीय क्षेत्रमा विद्यमान प्रचुर सम्भावनाको सदुपयोग गर्न नसक्दा कष्टकर बनेको त्यहाँको जनजीवन व्यञ्जित भएको छ । 'भागिरहेका नदीहरू' पदावलीले यहाँका द्रुत प्रवाही नदीनालाहरूको ऊर्जा उपयोग गर्न नसक्दा त्यसै खेर गइरहेको तथा ती नदीनालाहरू क्रमशः आफ्नो देशको हितविपरीत बेचिइरहेको आशय ध्वनित गरेको छ भने 'निरन्तर

लुकिरहेको सूर्य' पदावलीले चाहिँ देशले ऊर्जा सङ्कट भेलिरहेको र बिजुलीबत्तीको सुविधाको अभावमा अन्धकार छाइरहेको बिडम्बनापूर्ण अवस्थाको व्यञ्जना गरिएको छ ।

२. *कुष्ठरोगीका औँलाभैँ*

*पात र क्रमशः हाँगा भारिरहेका रूखहरू । (११५)*

यस पदावलीले जसरी कुष्ठरोगग्रस्त व्यक्तिका शरीरका अङ्गहरू परिधिबाट केन्द्रतिर क्रमशः गल्दै भर्दै जान्छन् र अन्त्यमा उसको मृत्यु हुन्छ त्यसैगरी यस देशको परिधिबाट केन्द्रतिर विस्तारै आक्रमण भइरहेको छ भन्ने आशय व्यञ्जित गरेको छ । यसका साथै यसबाट यहाँका वन्य सम्पदाहरू पनि विस्तारै विनास भइरहेका छन् भन्ने आशय पनि व्यञ्जित गरेको छ ।

३. *सुगन्ध गुमाइरहेको फूलको सानो बगैँचानिर*

*सीमा गुमाइरहेको चेकपोष्ट । (११५)*

प्रस्तुत कवितांशमा 'सुगन्ध गुमाइरहेको फूलको सानो बगैँचा' पदावलीले जाति, भाषा, धर्म, संस्कृति आदिको विविधतायुक्त देश नेपालको उक्त विविधताबाट सिर्जित सौन्दर्यरूप राष्ट्रियता, राष्ट्रिय एकतामा आँच आई विभाजन र विखण्डनतर्फ उन्मुख रहेको स्थितिलाई ध्वनन गरेको छ । 'सीमा गुमाइरहेको चेकपोष्ट'ले चाहिँ देशका सिमानाहरूमा भइरहेको अतिक्रमणलाई व्यञ्जित गरेको छ । यसरी प्रस्तुत पदावलीहरूबाट राष्ट्रियता कमजोर बनेको र विखण्डनतर्फ उन्मुख रहनुका साथै राज्यका सिमानाहरूमा अतिक्रमण बढिरहेको हुँदा यसको अस्तित्वमा चुनौति सिर्जना भइरहेको अवस्था ध्वनित भएको छ ।

४. *ग्रहण लागिरहेको चन्द्रमा*

*तुषारोमा ढुङ्गाभैँ नुहाइरहेका कथित इष्ट-देवताहरू । (११५)*

'चन्द्रमा'ले रात्रीकालीन सौन्दर्य एवम् अन्धकारको व्याप्ततामा पनि देख्न सकिने रोशनीरूप आशा वा आस्थाको अस्तित्वलाई सङ्केत गरेको देखिन्छ । त्यसैले यहाँ 'ग्रहण लागिरहेको चन्द्रमा' पदावलीले अन्धकारको पूर्ण व्याप्ति भएको आस्थाशून्य अवस्थालाई इङ्गित गरिएको छ । यसबाट बिलकुल निराशाजनक स्थितिको विद्यमानता ध्वनित भएको छ । इष्टदेवता अनिष्ट निवारक प्रिय कुलदेवताहरू हुन् । सङ्कटमोचनका लागि तिनमा भरोसा गरिन्छ । त्यसैले यहाँ 'तुषारोमा नुहाइरहेको ढुङ्गोभैँ कथित इष्टदेवताहरू' पदावलीले सङ्कटमुक्तिका लागि भरोसा गरिएका शक्ति समेत संवेदनशून्य बनेको अवस्था ध्वनित भएको छ ।

५. *स्वर हराइरहेको गायक*

*र बौलाहा बाजाहरू । (११५)*

प्रस्तुत कविताांशमा अभिव्यक्त 'स्वर हराइरहेको गायक' पदावलीले गायकहरूले खुलेर गाउन नसकिरहेको, तिनले गाए पनि त्यस गायनले जीवनको यथार्थलाई स्वर दिन नसकेको लक्ष्यार्थका सहायताले अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाइएको तात्कालिक स्थितिलाई व्यञ्जित गरेको छ । 'बौलाहा बाजाहरू' पदावलीले वाद्ययन्त्रको तालसङ्गतिहीनतालाई लक्षित गरेको छ । जथाभावी बजिदिने वाद्ययन्त्रको सङ्गतिहीनताबाट वादकहरूको विवेकशून्यता व्यञ्जित भएको छ । सुभ्नु न बुभ्नुसित जेमा पनि ताली ठोक्ने प्रवृत्तिउपर पनि यस कथ्यले व्यङ्ग्य गरेको छ ।

६. *गलत हिसाब पढाइरहेको मास्टर*

*र चुप लागेको हावापानी । (११५)*

हावापानी गतिको प्रतीक हो । त्यसको मौनताले गतिहीनतालाई सङ्केत गरेको छ । त्यसैले यहाँ 'चुप लागेको हावापानी' पदावलीले यहाँको हावापानी सुहाउँदो अर्थात् यहाँको वस्तुगत, सामाजिक यथार्थ र आवश्यकतालाई समेट्न सक्ने शिक्षा व्यवस्थाको अभाव हुँदाहुँदै पनि उक्त अभावपूर्तितर्फ अग्रसर नभइरहेको यहाँको परिवेशलाई ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा निम्न वाक्य ध्वन्यार्थक रहेको छ र उक्त वाक्यमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *यस नक्सामा, यस भूगोलमा र यस संस्कृतिमा सधैँ सपना देखिरहन्छ विक्षिप्त किसान र सधैँ व्याख्यान दिइरहन्छ पागल दार्शनिक, सधैँ सुनिरहन्छ अवाक् श्रोता अर्थात् जनता । (११६)*

प्रस्तुत वाक्यले किसानहरूको विवशता, बौद्धिकवर्गको वस्तुनिष्ठ नभई आत्मनिष्ठ हेराइ र जनताहरूको अकर्मण्यतालाई ध्वनन गरेको छ । देशको जनसङ्ख्याको ठूलो हिस्सा कृषि पेशामा आवद्ध भएको भए तापनि यस क्षेत्रको विकासका निम्ति ठोस एवम् अर्थपूर्ण पहल हुन नसक्दा किसानहरू स्वप्निल योजना र आश्वासनका भ्रममा बाँच्न विवश छन् । देशको विकासका योजना तथा नीतिनिर्माणमा संलग्न बौद्धिकवर्ग विकासका सपना बाँड्नमै व्यस्त छ । देशको सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रका समस्या र आवश्यकताहरूको वस्तुनिष्ठ अध्ययनका साथ ठोस परिणाम आउने गरी नीति, योजना र कार्यक्रमको निर्माण एवम् कार्यान्वयन हुन सकिरहेको छैन तैपनि

विकास र प्रगतिका स्वप्निल व्याख्यानहरू निरन्तर दिइएका छन् र त्यो सुन्दासुन्दा दिक्क भएका जनतासमेत अकर्मण्य भएर बसिरहेका छन् भन्ने व्यङ्ग्य प्रस्तुत वाक्यबाट व्यञ्जित भएको छ ।

### ३.२.१.५. 'छाला' कवितामा पद, पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यार्थक भाषिक पद, पदावली एवम् वाक्यहरू र तिनमा निहित ध्वनिको विवेचना उल्लिखित समयसन्दर्भ र रचनागत परिवेशका पृष्ठाधारमा निम्नबमोजिमका उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त निम्न पद ध्वन्यार्थक रहेको छ र उक्त पदमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *यो त्यही* ***छाला*** *हो जो मानिसमा हुन्छ*

*रङ्गले होइन संवेदनाले छुट्टिन्छ । (९५)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'छाला' पदले मानव चेतनालाई ध्वनित गरेको छ

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *तपाईं* ***छालाको व्यापार*** *गर्नुहुन्छ । (९५)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'छालाको व्यापार' पदावलीले मानवीय संवेदनामाथि गरिने खेलवाडलाई ध्वनित गरेको छ । मान्छेको कमजोर चेतनाको फाइदा उठाउँदै उसको पहिचान र अस्तित्वमाथि खेलवाड गर्ने सामन्ती चरित्रमाथि यसले व्यङ्ग्य गरेको छ ।

२. *माफ गर्नुहोला*

*म आफ्नो छाला*

*तपाईंको* ***म्यानको खोल*** *बन्न दिन्नँ । (९५)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'म्यानको खोल' पदावलीले रक्षाकवच भन्ने आशय ध्वनित गरेको छ ।

३. *तपाईंको* ***ब्रिफकेसको गोप्यता छोप्ने***

***पोसाक****मा आफूलाई बदल्न दिन्नँ । (९६)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'ब्रिफकेसको गोप्यता छोप्ने पोसाक' पदावलीले निहित स्वार्थ र षड्यन्त्रलाई लुकाउने माध्यमलाई ध्वनित गरेको छ ।

४. *हो, तपाईं सौखिन हुनुहुन्छ*

*तर म मानिस हुँ*

*आफूलाई तपाईंको*

***जुत्ताको सोल*** *बन्न  दिन्नँ । (९६)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'जुत्ताको सोल' पदावलीबाट शोषण र दमन सहन बाध्य हुने अवस्था ध्वनन भएको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *माफ गर्नुहोला, म आफ्नो छाला जुत्ता बनाउन दिन्नँ ।*

प्रस्तुत वाक्यमा प्रयुक्त 'माफ गर्नुहोला' वाक्यांशले वक्ताको दृढता, दृढनिश्चयतालाई ध्वनित गरेको छ । यसमा प्रयुक्त प्रथम पुरुष, एकवचन वक्ता 'म' ले हेपाइ सहनुपरेको देखिएकाले उक्त पात्र उत्पीडित वर्गको प्रतिनिधि पात्रका रूपमा रहेको देखिन्छ । त्यसैले उक्त वर्ग सधैंभरि अरूको सेवक, दास बनिरहन सक्दैन र ऊ सचेत एवम् जागरुक भइसकेकाले आफ्नो चेतना, संवेदना, पहिचान र अस्तित्वमाथिको अत्याचार, उत्पीडन र दमन उसलाई सह्य छैन भन्ने विद्रोही भाव यस वाक्यबाट व्यञ्जित भएको छ ।

२. *यो त्यही छाला हो जसलाई रङ्गहरूले सिँगार्नु पर्दैन । (९५)*

प्रस्तुत वाक्यले मानवीय चेतनाको विशिष्ट अस्तित्वलाई ध्वनित गरेको छ । आवरण जस्तोसुकै भए तापनि त्यसको कार्य र प्रकृति समान छ र त्यसमा निहित चेतना र संवेदनाको मर्म समान छ भन्ने भाव यसमा निहित छ ।

३. *त्रासहरू सबै एकै ठाउँमा सोहोरेर कुनै पनि सिकारी यन्त्रमा गोलीझैँ भरेर मलाई ताक्तैमा म मेरो छाला उतार्न दिन्नँ । (९६)*

प्रस्तुत वाक्यबाट जतिसुकै डर, त्रास देखाए पनि आफ्नो चेतना र अस्तित्व समाप्त पार्न नदिने अठोटको व्यञ्जना बिम्बात्मक रूपले गरिएको छ । उत्पीडनबाट मुक्तिका लागि जस्तोसुकै कठिनाइ भोग्न तयार रहेको आशय यसमा निहित छ ।

४. *तपाईंको कम्मरपेटी या पैसा राख्ने थैली या बैठकको चित्तलको छालाझैँ म आफूलाई सजाउन दिन्नँ । (९६)*

प्रस्तुत वाक्यबाट शासक वर्गको रवाफी जीवनको यथार्थ व्यञ्जित भएको छ । उच्चवर्गले आफ्नो चाहना र आवश्यतापूर्तिका लागि मानवीय संवेदना र चेतनालाई अवमूल्यन गर्दै निम्नवर्गलाई केवल निर्जीव वस्तुसरह प्रयोग गरिरहेको तर शासितहरूमा वर्गीय मुक्तिको चेतना जागिसकेकोले त्यसो हुन नदिने विचार यस वाक्यबाट ध्वनित भएको छ ।

५. *तपाईंका डमरु, ढोल र नगराहरूमा मोडिएर माफ गर्नुहोला म आफूलाई जुत्ता बनाउन दिन्नँ । (९६)*

प्रस्तुत वाक्यमा प्रयुक्त डमरु, ढोल र नगराहरू सूचना प्रवाहका लागि श्रोताहरूको ध्यानाकृष्ट गर्नसमेत प्रयोग गरिने वाद्ययन्त्रहरू हुन् । त्यसैले शासकवर्गबाट फैलाइएका भ्रमका पछि लागेर वा त्यसबाट प्रेरित भई उनीहरूप्रति आस्थावान् बनेर तिनको सेवक बन्न नसक्ने दृढतापूर्ण विद्रोही भाव यस वाक्यबाट ध्वनित भएको छ ।

६. *धेरै कन्जुस छु म यसलाई तपाईंको प्रिय छोराले हावा भरेर खेल्ने भकुण्डो बनाउन दिन्नँ ।(९६)*

प्रस्तुत वाक्यबाट वंशपरम्परामा आधारित शासन व्यवस्थाले शासितहरूको चेतना र संवेदनालाई खेलौनाका रूपमा लिई उनीहरूप्रति गरेको उपेक्षा र तिरस्कारपूर्ण व्यवहारप्रति उत्पीडित वर्ग सचेत एवम् होसियार रहेको र आफूमाथि भएको अत्याचार र उत्पीडनको अन्त्यका लागि दृढ रहेको विद्रोही भाव व्यञ्जित भएको छ ।

## ३.२.२. *लयब्रह्म* सङ्ग्रहका कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*लयब्रह्म* (२०६०) श्यामलको दोस्रो कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा उनका प्रथम सङ्ग्रहका कविता रचनाकालमा लेखिएका तर त्यस सङ्ग्रहमा नसमेटिएका केही कविताहरू र उक्त सङ्ग्रहको प्रकाशनदेखि २०६० सालको बीचमा रचिएका धेरैजसो कविताहरू सङ्गृहीत छन् । उनको प्रथम कविता सङ्ग्रहले जस्तै यस सङ्ग्रहले पनि देशको विशिष्ट राजनीतिक एवम् सामाजिक सन्दर्भको प्रतिनिधित्व गरेको छ । २०४४ देखि २०६० सालसम्मको अवधिमा विकसित घटनाक्रम र त्यसले राजनीतिक तथा सामाजिक जीवनमा पारेको प्रभाव नै यस कविता सङ्ग्रहका कविताको रचनागत पृष्ठभूमिका रूपमा रहेका छन् । तात्कालिक अवस्थामा विद्यमान निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र समेटिएको संविधान निर्माण र कार्यान्वयन, राजनीतिक परिवर्तनले ल्याएको खुकुलोपन र त्यससँगै भित्रिएका विकृति, विसङ्गतिहरू पनि मौलाउँदै गरेको अवस्था, बढ्दो राजनीतिक खिचातानी र सत्तास्वार्थ केन्द्रित सङ्कीर्ण प्रवृत्ति, राजनीतिक दलहरूमा टुटफुट र गुटगत विभाजन भइरहेको स्थिति, प्रभावशाली एवम् उदीयमान तात्कालिक वामपन्थी नेता मदन भण्डारीको रहस्यमय दुर्घटनामा परी मृत्यु हुनु, माओवादी युद्धको घोषणा र त्यस युद्धको प्रभाव, नारायणहिटी राजदरबार हत्याकाण्ड र तात्कालिक राजा वीरेन्द्रको सपरिवार हत्या, अधिराजकुमार ज्ञानेन्द्र शाहको राज्यारोहण र विस्तारै सक्रिय राजतन्त्रको सुरुवात, देशमा सङ्कटकालको घोषणा आदि त्यस समयका प्रमुख राजनीतिक घटना एवम् सामाजिक सन्दर्भहरू हुन् ।

तात्कालिक अवस्थामा देशमा विद्यमान उल्लिखित राजनीतिक तथा सामाजिक सन्दर्भ, त्यसबाट प्रभावित एवम् प्रेरित कविचेत नै प्रस्तुत कविता सङ्ग्रहका कविताहरूबाट व्यञ्जित ध्वन्यार्थको निर्धारक पृष्ठभूमि हुन् । यही पृष्ठभूमिका आधारमा प्रस्तुत सङ्ग्रहका लुतो, दुःस्वप्न, रातको हुम्ला, सम्भ्रान्त र विकास पण्डित शीर्षकका कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्यहरू र तिनबाट अभिव्यञ्जित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

### ३.२.२.१. 'लुतो' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

'लुतो' कविताका पद, पदावली र वाक्यका तहमा निहित ध्वनिको विवेचना उल्लिखित समयसन्दर्भ र रचनागत परिवेशका पृष्ठाधारमा निम्नबमोजिमका उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त निम्न पद ध्वन्यार्थक रहेको छ र उक्त पदमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. बस् एउटै कुरामा छ आनन्द*

***कन्याइरहनुमा***

यस कवितांशमा प्रयुक्त 'कन्याइरहनु' पदले आफ्नै रटानमा मस्त रहनु भन्ने भाव व्यञ्जित गरेको छ ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*२. बस्, एउटै हुन्छ आनन्दको स्रोत*

***आफ्नै जीउ कन्याइरहनुमा*** *। (६३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'आफ्नै जीउ कन्याइरहनु' पदावलीले एकलकाँटे तवरले आत्मरतिमा निमग्न हुनु भन्ने भाव व्यञ्जित छ ।

*३. लुतो लागेपछि केवल* ***लुतो लाग्छ,***

*आमाबाबु र छरछिमेकको माया लाग्दैन । (६३)*

यस वाक्यमा प्रयुक्त 'लुतो लाग्छ' पदावलीले अमूक विचार वा दृष्टिले वशीभूत भई एकोहोरिने अवस्थालाई ध्वनित गरेको छ ।

*४. जब लाग्छ लुतो कसैलाई*

***बाँदरलाई घाउ लागेजस्तो***

*ऊ बिर्सन्छ बाल्यकालका स्मृतिहरू*

***आफ्ना छानामाथि लाग्ने घामको ताप***

*वा* ***आफ्नी आमाको चौबन्दीमा मगमगाउने दूधको सुगन्ध***

*सबै बिर्सन्छ लुतोग्रस्त मानिस*

*र एउटै कुरामा व्यस्त रहन्छ*

*आङ कन्याइरहनुमा । (६३ र ६४)*

बाँदर निकै चकचके, उद्दण्ड र उत्सुकतायुक्त प्राणी हो । बाँदरको शरीरमा कतै सानो घाउ लाग्यो भने ऊ आफैँले र त्यो घाउ देख्ने अरू बाँदरहरूसमेत जम्मा भएर त्यस सामान्य घाउलाई कोट्याउँदै-कोट्याउँदै झनै ठूलो पारी अन्ततः त्यसैका कारणले प्राण जाने अवस्थाको सिर्जना गर्दछन् । त्यसैले यस कवितांशमा प्रयुक्त 'बाँदरलाई घाउ लागेजस्तो' पदावलीले झिनामसिना समस्यामा अलमलिएर अझ उल्झन थप्ने प्रवृत्तिलाई ध्वनन गरेको छ । त्यसैगरी 'आफ्ना छानामाथि लाग्ने घामको ताप' पदावलीले आफूलाई प्राप्त हुने लाभ, सौभाग्य आदिलाई ध्वनन गरेको छ भने 'आफ्नी आमाको चौबन्दीमा मगमगाउने दूधको सुगन्ध' पदावलीले आफ्नो पृष्ठभूमि, प्रेरणा र ऊर्जाको स्रोतलाई ध्वनन गरेको छ ।

५. *लुतो एक विचार रहेछ*

*मानिसलाई विचारशून्य बनाउने*

***आद्यबिम्बसहितको उत्तरआधुनिक विचार*** *। (६४)*

उत्तरआधुनिकता आधुनिकतालाई निषेध गर्दै देखापरेको विचारधारा हो । दोस्रो विश्वयुद्धपश्चात् आधुनिकताउपर देखापरेको वितृष्णासँगै केन्द्रको विखण्डन, इतिहासको विरोध, स्थापित परम्परा, मूल्यमान्यता र मानकहरूको समेत निषेध गर्ने सिद्धान्तका रूपमा यसको जन्म भएको हो । यस सिद्धान्तले स्थापित मूल्य र मानकहरूलाई निषेध गर्ने भएकाले मानिसलाई उही प्रारम्भिक आद्यबिम्बहरू र जङ्गली सभ्यता (असभ्यता) को अवस्थातिर अग्रसर गराउँछ भन्ने विचार कतिपय विद्वान्हरूको पाइन्छ । उल्लिखित कवितांशमा प्रयुक्त 'आद्यबिम्बसहितको उत्तरआधुनिक विचार' पदावलीले पनि असभ्य एवम् जङ्गली युगीन अवस्थातर्फ उन्मुख गराउने विचार भन्ने आशय ध्वनित गरेको छ ।

६. ***रोग र औषधी दुवै बेच्ने***

***नाफाखोर बजारजस्तो*** *लुतो*

*जहाँ रहँदैन मानिस मानिसझैँ बस्*

*कन्याइरहन्छ आफ्नो आङ । (६४)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'रोग र औषधी दुवै बेच्ने नाफाखोर बजारजस्तो' पदावलीले झुक्याएर शोषण गर्ने प्रवृत्तिलाई ध्वनन गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१.बस्, एउटै कुरामा छ आनन्द कन्याइरहनुमा, कविता, कथा र चित्र लेख्ने औँलाहरूले फगत आङ कन्याइरहनुमा विद्रोहमा उचालिने हातहरूले आफ्नै शरीरका कापहरूमा चलाइरहनुमा । (६३)*

'लुतो' शब्दले अभिधेयार्थमा छालामा ससाना बिमिरा आएर चिलाउने एक प्रकारको चर्मरोगलाई जनाउँछ । यो रोग लागेपछि बिमिरा आएका ठाउँमा असाध्यै चिलाउने गर्छ र जति कन्यायो उति तृप्ति मिल्ने हुँदा रोगी अन्य कुरा छाडी केवल कन्याउनमै तन्मय रहन्छ । लुतो रोगको यही प्रवृत्ति एवम् विशेषता र यस रोगग्रस्त मानिसको अवस्थाको प्रतीकात्मक प्रयोग गरिएको प्रस्तुत कविताको यस वाक्यबाट लुतो रोगीले यस रोगका वशमा परी अन्य सबै कुरा छाडेर कन्याउनमै व्यस्त रहेझैँ आफ्ना निर्दिष्ट चिन्तन, विचार वा वादका वशमा परी आग्रही बन्न पुगेको मानिस पनि वस्तुसत्यबाट विचलित, आत्मकेन्द्री र आत्मरतिमा निमग्न भई आफ्ना विचारको रटान लगाइरहेको हुन्छ र यस्तो खास आग्रहनिर्देशित मानिसले आफ्नो सिर्जनशीलता र नवप्रवर्तनकारी ऊर्जा समेत गुमाउँछ भन्ने आशय व्यञ्जित भएको छ ।

*२. लुतो लागेपछि हराउँछ सोच र दृष्टि, आफ्नै अगाडि भएको व्यभिचार व्यभिचार हुँदैन । (६३)*

मानिस विवेकशील एवम् चिन्तनशील प्राणी हो । अन्य प्राणीहरूभन्दा मानिसलाई उन्नत र विशिष्ट तुल्याउने तत्त्व पनि उसको चेतना र विवेक नै हुन् । यद्यपि मानिस चेतनशील हुँदाहुँदै पनि उसमा सर्वपक्षीय पूर्णताको भने अभाव नै छ । मानिसले बाँचेको दुनियाँ अनेकौँ रहस्य र सम्भावनायुक्त छ । त्यसैले कुनै एक व्यक्तिले खास परिवेश र समयमा प्राप्त गरेको अनुभव, ज्ञान र प्रतिपादन गरेको विचार वा सिद्धान्त सार्वभौम र सार्वकालिक बन्न सक्दैन । यस यथार्थका विपरीत कुनै निर्दिष्ट विचार वा वादबाट निर्देशित मानिस त्यसै विचारका सीमाभित्र बाँधिएको हुन्छ र त्यसैलाई पूर्णतः सही ठान्छ । त्यसकारण उसमा स्वतन्त्र विवेकदृष्टिको सत्ता नरहने हुँदा वास्तविकताको बोध गर्नबाट वञ्चित हुनुका साथै स्वविवेकीय सम्भावनाहरू समेत उसले गुमाउन पुग्छ । यस्तो मानिस नितान्त आत्मकेन्द्री र आग्रही हुने भएकाले उसले आफूलाई सर्वोच्च, सर्वज्ञ र

श्रेष्ठ ठान्ने हुँदा आफूबाट र आफ्ना सवर्गीहरूबाट भएका व्यभिचार, अत्याचार आदिलाई समेत औचित्यपूर्ण ठान्न थाल्छ अनि आलोचकहरूप्रति असहिष्णु बन्न पुग्छ भन्ने आशय माथिको वाक्यबाट व्यञ्जित भएको छ ।

*३. मानिस व्यस्त हुन्छ बिर्सेर यावत् कुरा, विचार, स्मृति, बहस र वरिपरिको दुनियाँका कुरा । (६३)*

मानिस आफैमा पूर्ण छैन र मानिसको छोटो जीवनावधिमा दुनियाँका यावत् सत्यतथ्यहरूको बोध गर्न सम्भव पनि छैन । त्यसैले कुनै पनि मानिसको अनुभव र ज्ञानको दायराभन्दा बाहिर सत्य र ज्ञानको व्यापक अस्तित्वको सम्भावना जहिल्यै रहन्छ तर लुतोले जसरी अमूक विचारद्वारा विवेक नियन्त्रित मानिस आफ्नो त्यस विचारको सीमाभन्दा बाहिरको संसार देख्न सक्दैन र ऊ केवल आफ्ना आग्रहहरू लाद्नमै व्यस्त रहन्छ भन्ने आशय यस वाक्यबाट व्यञ्जित भएको छ ।

*४. तृप्त आनन्दविभोर र बिलकुल एक्लो मजा लिइरहन्छ आफ्नो आङ कन्याइरहनुमा । (६४)*

कुनै अमूक विचार, वाद वा दृष्टिकोणबाट वशीभूत मानिस एकोहोरो र एकलकाँटे बन्ने भएकाले ऊ आफ्नो सोचाइलाई नै सफेद सत्य ठान्दछ र आत्मरतिमा निमग्न हुन्छ । त्यसैले यस्तो मानिस असामाजिक र अव्यावहारिक हुने भएकाले ऊ अरूका सल्लाह, सुझावलाई बेवास्ता गर्दछ र आफ्नै बुझाइको रटान लगाइरहन्छ भन्ने आशय प्रस्तुत वाक्यबाट व्यञ्जित भएको छ ।

### ३.२.२.२. 'दुःस्वप्न' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*लयब्रह्म* (२०६०) कविता सङ्ग्रहमा सङ्गृहीत 'दुःस्वप्न' शीर्षकको कविता २०५२ सालदेखि देशमा सुरु भएको माओवादी युद्धको परिवेशमा लेखिएको र तात्कालिक युद्धबाट सिर्जित कठिनाइलाई विषयवस्तु बनाइएको कविता हो । प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली र वाक्य र तिनमा निहित ध्वन्यार्थको विवेचना उल्लिखित समयसन्दर्भ र रचनागत परिवेशका पृष्ठाधारमा निम्नबमोजिमका उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

*१. हामी त खेल्थ्यौँ जे भेट्यो त्यही*
*हामी त जान्थ्यौँ जहाँ मन पर्थ्यो उहीँ*
*अचेल पड्किन्छन्* ***भाँडाहरू***
*हाम्रा प्यारा खेलौनाहरू । (६८)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'भाँडाहरू' पदले घरेलु भाँडाकुँडाहरूबाट बनाइएका बमहरूलाई ध्वनित गरेको छ ।

२. *कहिल्यै नरिसाउने **माइलो***

*रिसायो बेसरी अब के-के हुने हो । (६९)*

प्रस्तुत वाक्यमा प्रयुक्त माइलो पदले तात्कालिक राजा ज्ञानेन्द्र शाहलाई ध्वनित गरेको छ ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

१. *भन्छन् **योद्धाहरूले डामेका ढाडहरू***

*अब केके हुने हो । (६७)*

प्रस्तुत कवितांशमा प्रयुक्त 'योद्धाहरूले डामेका ढाडहरू' पदावलीले युद्धरत पक्षबाट गरिएका कुटपीट र यातनाबाट पीडित मानिसहरूलाई ध्वनित गरेको छ ।

२. *कोचिएको छ खचाखच दिमागमा **बदलाको भूत** । (६७)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'बदलाको भूत' पदावलीले डरलाग्दो गरी जागेको बदलाको भावना भन्ने आशय ध्वनित गरेको छ ।

३. *कहिल्यै केही नखाए पनि*

*गर्मी भए पनि जाडाले सताए पनि*

*हाँसिरहेको हुन्थ्यो **बुद्धको मूर्ति***

*धेरै भयो चुपचाप रून थाल्यो*

*भन्छन् **क्युरियो पसलका मालिकहरू** । (६८)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'बुद्धको मूर्ति' पदावलीले शान्तिको देश नेपाललाई व्यञ्जित गरेको छ । त्यसैगरी 'क्युरियो पसलका मालिकहरू' पदावलीले इतिहासको जानकारी राख्नेहरूलाई ध्वनित गरेको छ ।

४. *टेलीभिजनको पर्दामा*

*साह्रै गम्भीर देखिए गृहमन्त्री*

*र उदासउदास देखियो **उत्तरी श्वेतमाला** । (६९)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'उत्तरी श्वेतमाला' पदावलीले नेपालका उत्तरी भागमा अवस्थित भूभाग र त्यहाँको जनजीवनलाई ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

१. *खोलाहरूमा बग्नै छाड्यो कञ्चन पानी, रगतको बेगवान् नदीमाथि हल्लिँदै छ झोलुङ्गे पुल । (६७)*

प्रस्तुत वाक्यले तात्कालिक अवस्थामा विद्यमान हिंसाग्रस्त अवस्था र देशले भोग्नुपरेको पीडालाई व्यञ्जित गरेको छ । द्वन्द्वकालीन समयमा युद्धरत पक्षहरूबीच आक्रमण र दोहोरो भिडन्तका घटनाहरू भैरहन्थे र त्यसक्रममा थुप्रै योद्धाहरू मारिन्थे । यसका साथै नियन्त्रणमा लिएर गैरकानूनी तवरले हत्या गर्ने घटनाहरू पनि प्रशस्तै हुने गर्थे । यसरी मारिएका कतिपय व्यक्तिका लासहरू खोल्साखाल्सी र खोलानालाहरूमा समेत बेवारिस फालिएका हुन्थे । प्रस्तुत वाक्यले यही परिवेशलाई सङ्केत गर्दै देशमा हत्याहिंसा तीव्र रूपमा बढिरहेको स्थितिलाई व्यञ्जित गरेको छ । यसका साथै खोलानदीहरूका पुलपुलेसाहरू शत्रु पक्षलाई रोक्नका निम्ति बम प्रहार गरी भत्काइएको वा कमजोर बनाइएको सन्दर्भलाई हल्लिरहेको झोलुङ्गे पुलले व्यञ्जित गरेको छ भने नागरिकहरू युद्धरत पक्षको ज्यादतीमा परेको र विनाकारण कुटाइपिटाइ भोग्न विवश रहेको सन्दर्भलाई योद्धाहरूले डामेका ढाडहरूले व्यञ्जित गरेको छ । यसरी प्रस्तुत बाक्यबाट समग्रतः हत्याहिंसा तीव्र गतिमा बढिरहेको, बाटाघाटा, पुलपुलेसालगायत भौतिक संरचनाहरूमाथि आक्रमण गरिएको र निहत्था नागरिकहरूमाथि ज्यादती भइरहेको तात्कालिक परिवेश अभिव्यञ्जित भएको छ ।

२. *बाटाहरू यति धेरै छन् यस ठाउँमा कुन ठाउँमा कोही किन जाने हो भन्छन् स्कुलका मास्टरहरू । (६७)*

प्रस्तुत वाक्यले पूर्वप्रसङ्गअनुसार बदलाको भावनाप्रेरित व्यक्तिहरूले आफ्नो अभीष्ट सिद्ध गर्न जस्तोसुकै बाटो अँगाल्नसक्ने सम्भावनालाई ध्वनित गरेको छ । युद्धरत पक्षहरूबाट फैलाइएको आतङ्क र ज्यादतीबाट बदलाको भावना जागेको र बदला लिनका लागि सेना वा विद्रोहीमध्ये आफूलाई उपयोगी हुने पक्षमा लाग्नुपर्ने स्थितिको सिर्जना भएको विश्लेषण शिक्षित समुदायको रहेको आशय यस वाक्यबाट व्यञ्जित भएको छ ।

*३. स्कुल नगएको पनि धेरै भयो अब के-के हुने हो ! (६७)*

द्वन्द्वकालीन अवस्थामा देशमा भइरहने बन्दहडताल, चक्काजाम, अपहरण आदिका कारण मानिसहरू त्रासमा रहेको, विद्यालयहरू बन्द अवस्थामा रहेको र बालबालिकाको पठनपाठन ठप्प भएको भयप्रद एवम् सङ्कटग्रस्त स्थितिको व्यञ्जना प्रस्तुत वाक्यबाट भएको छ ।

*४. जहाँ गए पनि हुन्थ्यो, जतिबेला पुगे पनि हुन्थ्यो, कसले जाँच्थ्यो र पिठ्यूँको झोला र सोलीमा राखिएको कोसेली ? (६७)*

प्रस्तुत वाक्यबाट देशभित्र युद्ध चलिरहेकाले सङ्कटकालको घोषणा भएको हुँदा निषेधित क्षेत्र तोकिएको, कर्फ्यु आदेश जारी गरिने र बाटाघाटामा यात्रीहरूका झोला, सामान आदिको समेत जाँच/परीक्षण गरिने हुँदा नागरिकहरूले अनाहकमा सास्ती बेहोर्नु परिरहेको अवस्थाका साथै मानिसहरू युद्धबाट आजित भएको र उनीहरूमा युद्धपूर्वको स्थितितर्फको मोहभाव जागेको आशय व्यञ्जित भएको छ ।

*५. अहो ! अचेल आउँदैनन् कोही आफन्त, उराठलाग्दो फलैँचामा बसेर सोचिरहन्छन् बूढाहरू धुवाँको सर्को तान्दै । (६७ र ६८)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'उराठलाग्दो फलैँचा' पदावलीले युद्धभयबाट सिर्जित सन्नाटालाई व्यञ्जित गरेको छ । यस वाक्यले देशमा विद्यमान भयग्रस्त वातावरणका कारण मानिसहरूको चहलपहलमा कमी आएको, समाजमा हुने सामान्य भेटघाट, गफगाफ आदि पनि रोकिएको र युद्धको त्रासदीपूर्ण सन्नाटा छाएको अवस्थालाई व्यञ्जित गरेको छ । यसका साथै युवाहरू पलायन भैरहेको र घरमा बूढाबूढीहरू निराश जीवन बाँचिरहेको अवस्थाको व्यञ्जना पनि यस वाक्यबाट भएको छ ।

*६. अहो ! छुनै हुँदैन केही पनि, नजाऊ नानी कतै पनि भन्छन् हाम्रा आमाहरू खेल्ने जमाना गयो । (६८)*

द्वन्द्वकालीन परिवेशमा बालबालिकाहरू जोखिमयुक्त अवस्थामा रहेकाले तिनका आमाहरूमा देखिएको संवेदनशीलता, चिन्ता र तनावको भावनालाई यस वाक्यले अभिव्यञ्जित गरेको छ ।

*७. धेरै भयो हुलाकी छैन, तीन-तीन महिनामा आउने चिठी धेरै भयो आएको छैन । (६८)*

द्वन्द्वकालमा देशको सञ्चार क्षेत्रमा निकै अवरोध र चुनौतीको सिर्जना भएको थियो । देशका ग्रामीण इलाकाहरूमा भर्खरै विस्तार हुँदै गरेका टेलिफोन बुथहरू विद्रोहीका निशानामा परी ध्वस्त

पारिएका थिए भने हुलाक कार्यालयहरू आगजनी गरी बन्द गराइएका थिए । सञ्चार-सम्पर्क अवरुद्ध पारिएको त्यसै अवस्थाको अभिव्यञ्जना प्रस्तुत वाक्यबाट भएको छ ।

*८. रेडियोले गन्ती गर्छ जङ्गलका लासहरू । (६८)*

प्रस्तुत वाक्यबाट जङ्गलमा लासहरू भेटिएको समाचार रेडियोबाट प्रसारण हुने गरेको सन्दर्भ व्यक्त भएको छ । द्वन्द्वकालमा नागरिकहरूलाई अपहरण गर्ने, हत्या गर्ने तथा बेपत्ता पार्ने र लासहरू जङ्गलमा बेवारिसे अवस्थामा फाल्ने गरिएको अवस्थालाई सङ्केत गर्दै यस्ता घटनाहरूको पुनरावृत्ति भइरहेको र युद्धका नाममा भइरहेका जघन्य अपराधलाई यस वाक्यले ध्वनित गरेको छ ।

*९. हरे मेरो लाहुरेलाई के भयो भन्छन् लाहुरेनी युवतीहरू । (६८)*

देशभित्र युद्ध चलिरहेको त्यस समयमा सेना र प्रहरीहरूका श्रीमतीहरूले आफ्ना श्रीमान्हरूको ज्यान खतरामा रहेकाले हरपल चिन्तित, भयभीत र सशङ्कित भएर बाँच्न विवश भएको स्थितिलाई यस वाक्यले ध्वनित गरेको छ ।

*१०. अहो ! यस देशमा के हुन थाल्यो ? यो मूर्ति अझैं कति रूने हो, अब के-के हुने हो । (६८)*

प्रस्तुत वाक्यबाट देशमा सिर्जित भय र आतङ्कको अवस्थाप्रतिको चिन्ता, खिन्नता र निराशाको भावनाका साथै यस्तो अवस्था अझै लम्बिन सक्ने आशय व्यञ्जित भएको छ ।

*११. पहाडबाट मुस्काउन छाडेर बमसँगै तुलमा टाँगियो घाम । (६९)*

प्रस्तुत वाक्यले पहाडी क्षेत्रमा जागेको विद्रोहको भावनालाई व्यञ्जित गरेको छ ।

### ३.२.२.३. 'रातको हुम्ला' कवितामा पद, पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*लयब्रह्म* कविता सङ्ग्रहमा सङ्गृहीत 'रातको हुम्ला' शीर्षकको कविता नेपालको विकट हिमाली जिल्ला हुम्लाको भौगोलिक, सामाजिक, आर्थिक अवस्था र परिवेशलाई विषयवस्तु बनाएर लेखिएको कविता हो । प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्य र तिनमा निहित ध्वन्यार्थको विवेचना उल्लिखित समयसन्दर्भ र रचनागत परिवेशका पृष्ठाधारमा निम्नबमोजिमका उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पदहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. हरेक कर्मचारी जब हुम्ला आइपुग्छन*
*आफूलाई सम्झन्छन्* ***कोलम्बस*** *। (७६)*

'कोलम्बस' नयाँ भूगोलको खोजी गर्ने एक साहसी यात्रीको नाम हो । उनैले अमेरिका पत्ता लगाएका थिए । त्यसैले प्रस्तुत कवितांशमा प्रयुक्त 'कोलम्बस' पदले कठिन चुनौतीको सामना गर्दै नयाँनयाँ भूगोलमा पुग्ने साहसी खोजकर्ता भन्ने आशय ध्वनित गरेको छ ।

*२. हुम्ला आफूले पिएर विषको घैँटो*
*वा पिउन नपाएर त्यही विष पनि*
*बख्खुबाट निकालेर दरबार पठाउँछ* ***मृतसञ्जीवनी*** *। (७६)*

प्रस्तुत कवितांशमा प्रयुक्त 'मृतसञ्जीवनी' पदले हुम्लीहरूले असीम कष्ट सहेर गरेको आयआर्जनबाट सरकारलाई पठाएको राजश्वलाई ध्वनित गरेको छ ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. रातको हुम्ला बास बस्छ*
***महिनौँदेखि नधोइएको काम्लो****भित्र पसेर । (७५)*

'काम्लो' भेडाको रौँको ऊनबाट बनाइएको ओढ्न, ओच्छ्याउन प्रयोग गरिने कम्बल आदिजस्तै वस्तु हो । यो नेपालको हिमाली क्षेत्रको स्थानीय उत्पादन हो । यस कवितांशमा प्रयुक्त 'महिनौँदेखि नधोइएको काम्लो' पदावलीले भने सरसफाइको अभाव रहेको अवस्था र परम्परागत उत्पादन पद्धतिको अवलम्बन गरिएको सन्दर्भलाई व्यञ्जित गरेको छ ।

*२.* ***आफ्नै सासको तीखो दुर्गन्ध***
*भालुको पित्तभन्दा तीतो*
*र* ***त्यसभन्दा तीतो***

*अजङ्गका पहाडहरूले सगरतिर हेर्नु । (७५)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'आफ्नै सासको तीखो दुर्गन्ध' पदावलीले हुम्लाबासीहरूको मुख, दाँत आदिको सफाइमा देखिने कमीका साथै तिनीहरूको आवाजको प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूले त्यहाँको अपेक्षा पूरा गर्न नसकेको बरु दुर्गन्धित भएको अर्थात् बद्नाम भएको आशय ध्वनित गरेको छ । 'अजङ्गका पहाडहरूले सगरतिर हेर्नु' पदावलीले भने यहाँको भौगोलिक विकटताको साथै अनेकौं समस्या र कठिनाइको विद्यमानतालाई ध्वनित गरेको छ ।

*३. हुम्लाको हरेक रात*

***विषको अन्तिम थोपा पिइरहेको सुकरात । (७५)***

'सुकरात' इसापूर्व चौथो शताब्दीतिरका ग्रीक दार्शनिक हुन् । ग्रीसका युवाहरूलाई वास्तविकताको ज्ञान दिएर जागृत गरेका सुकरातलाई उल्टै तात्कालिक शासकद्वारा युवाहरूलाई भड्काएको अभियोग लगाई विष पिलाएर मृत्युदण्ड दिइएको थियो । प्रस्तुत कवितांशमा प्रयुक्त 'विषको अन्तिम थोपा पिइरहेको सुकरात' पदावलीले अन्याय, अत्याचार र उपेक्षा भोग्न विवश निर्दोष सुकरातको अवस्थाजस्तै आफूमा इमान, पौरख र देशभक्ति हुँदाहुँदै पनि हुम्लाबासीहरू उपेक्षित र कष्टकर जीवन भोग्न विवश पारिएका, उनीहरूमाथि अन्याय भइरहेको र उनीहरू झन्झन् सङ्कटग्रस्त बन्दै गएको आशय ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक वाक्यहरू र तिनबाट अभिव्यञ्जित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. भोका अजिङ्गरझैँ लठारिएर यताबाट चुवा र उताबाट कर्नालीले कतैबाट फुत्कन नपाउने गरी मानिसहरूलाई घेर्नु । (७५)*

यस वाक्यबाट ठूला नदीहरूबाट घेरिएको हुम्ला जिल्लाका बासिन्दाहरूका लागि जिल्लाबाहिर आउजाउ गर्न कठिनाइ परेको, उनीहरूको बाहिरी सम्पर्कको सम्भावना कम रहेको र ती नदीहरू उनीहरूको जीवनको जोखिम वा खतराका रूपमा रहेको आशय व्यञ्जित भएको छ ।

२. *प्लेनबाट सिमकोट ओर्लेको सरकारी जातको भेडालाई रुघा लाग्छ एकछिनमै, एयरपोर्टको डिलबाट सानले हेर्छ ऊ अरू रैथाने भेडातिर । (७५)*

भेडापालन हुम्लाको एक प्रमुख व्यवसाय हो । यस व्यवसायको स्तरोन्नति र विकासका लागि यदाकदा सरकारी वा गैरसरकारी अनुदानमा उन्नत र विकासे प्रजातिका भेडा जहाजबाट त्यहाँ पुऱ्याउने गरिन्छ । तर नौलो र फरक हावापानीमा समायोजन हुन कठिन हुने भएकाले ती बिरामी हुने गर्छन् । यही सन्दर्भलाई प्रस्तुत वाक्यले सामान्यार्थमा जनाएको छ तर विशिष्टार्थ वा व्यञ्जनार्थमा भने सरकारी प्रतिनिधिका रूपमा त्यहाँ पुग्ने भेडातुल्य मूर्ख र दृष्टिहीन नेता तथा कर्मचारीहरूका साथै त्यहाँका सोझा स्थानीय बासिन्दालाई ध्वनित गरेको छ । सरकारी कर्मचारीहरूले त्यहाँको विकटता र विषमता सहन नसक्ने, तिनले अहमता र घमण्ड प्रदर्शन गर्ने र सोझा स्थानीयहरूलाई हेयात्मक व्यवहार गर्ने गरेको भाव यस वाक्यले ध्वनित गरेको छ ।

३. *सी.डी.ओ. अफिसको कौसीमा जाडोले कामिरहेको राष्ट्रिय ध्वजा कक्रेर निदाउँछ रातभरि । (७५ र ७६)*

प्रस्तुत वाक्यले सी.डी.ओ. कार्यालयको कौसीमा फहराउनका लागि राखिएको राष्ट्रिय झण्डा जाडोका कारण कामेजस्तो देखिने र रात्रीकालमा ठण्डी झनै बढ्ने भएकाले जमेर कक्रक्क पर्ने गरेको सन्दर्भका माध्यमबाट त्यहाँको अत्यधिक ठण्डीपनालाई ध्वनित गरेको छ । यसका साथै उल्लिखित कार्यालय र त्यहाँको झण्डाले राज्यको प्रतिनिधित्व गर्ने भएकाले ती कक्रेर निदाएको स्थितिबाट राज्यको कमजोर अवस्था र कमजोर उपस्थिति व्यञ्जित भएको छ ।

४. *उनीहरू खान्छन् प्लेनबाट आइपुगेको रासन र हुम्लीलाई खुवाउँछन् प्लेनबाटै ल्याएको सुशासनको भाषण । (७६)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'उनीहरू' सर्वनामले पूर्वप्रसङ्गबाट हुम्लामा पुग्ने सरकारी कर्मचारीहरूलाई जनाएको छ । हवाईजहाजबाट हुम्लामा पुऱ्याइएको सरकारी अनुदानको रासनमा तिनै कर्मचारीहरूको हालीमुहाली रहेको र त्यसमा उनीहरूबाट व्यापक अनियमितता र भ्रष्टाचार हुने गरेको आशय यस वाक्यबाट ध्वनित भएको छ । तिनै भ्रष्ट कर्मचारीहरूले हुम्लीहरूसामु सुशासनको भाषण गर्ने गरेको विसङ्गत यथार्थलाई पनि यस वाक्यले व्यञ्जित गरेको छ ।

*५. कुनै पनि हुम्लीलाई जति धेरै बाँच्यो उति धेरै कष्ट । (७६)*

प्रस्तुत वाक्यले जीवनका आधारभूत आवश्यकताको पूर्ति हुन नसकेको र निकै कष्टकर र जोखिमपूर्ण अवस्थामा बाँचिरहेका हुम्लाबासीहरू सुखको सम्भावना नरहेको निराशायुक्त भावना ध्वनन गरेको छ ।

*६. यस चिसो स्वर्गमा हेर अति सुन्दर छ धनसराको घाँघरको लय कि भयानक अँध्यारोमा पनि आफ्नै सुर र तालमा लम्किरहन्छ निर्भय । (७६)*

प्राकृतिक सौन्दर्यका दृष्टिले स्वर्गतुल्य मनोरम तर निकै ठण्डा हावापानी भएको हुम्लालाई 'चिसो स्वर्ग' पदावलीले व्यञ्जित गरेको छ । यस वाक्यबाट जतिसुकै कष्ट र कठिनाइ भए पनि हुम्लाको जनजीवन आफ्नै गतिमा चलायमान छ भन्ने भाव व्यञ्जित भएको छ । साथै त्यहाँको जीवन सञ्चालनार्थ महिलाहरूको योगदान र सक्रियता उल्लेखनीय रहेको यथार्थलाई पनि यस वाक्यले व्यञ्जित गरेको छ ।

*७. जीवन अनेकौँ निर्णयको जाल हो भने त्यसको पनि जन्जाल हो उसले घाँटीमा झुण्ड्याएको कम्पनी माला । (७६)*

'कम्पनी माला' बेलायती इस्ट इन्डिया कम्पनी सरकारले चलाएको मुद्रा (सिक्का) को माला हो । नेपालमा सिक्काको माला पहिरिने प्रचलन पश्चिम नेपालका साथै हिमाली क्षेत्रमा अद्यापि कायमै छ । यो मुद्राको सिक्काबाट बनाइने भएकाले यसको प्रयोग सम्पन्नता वा वैभवको सूचकका रूपमा हुने, माला भएकाले आभूषण र सौन्दर्य प्रसाधनको उपयोगिता सिद्ध हुने, माला विवाहिता नारीको सूचक समेत भएकाले यसबाट वैभव प्रदर्शन, वैवाहिक बन्धनबद्धता र यस्तो माला पहिरने प्रचलनले पुरानो संस्कृतिलाई जनाउने भएकाले हुम्लीहरूको परम्परागत जीवनशैली द्योतन हुनु आदि यसबाट व्यञ्जित हुने अर्थसन्दर्भ हुन् । त्यसैले प्रस्तुत वाक्यले जीवन स्वयम्मा जटिल रहेको र त्यसमा पनि जटिलता वा झमेला थप्ने काम सम्पत्ति र सौन्दर्यप्रतिको मोह र विवाहबन्धनले गर्दछ भन्ने आशय व्यञ्जित गरेको छ । यसका साथै प्रथा र परम्पराको बन्धनका जटिलताले गर्दा हुम्ली महिलाहरूको जीवन कठिन र पछौटे अवस्थामा रहेको छ भन्ने आशय समेत यसले व्यञ्जित गरेको छ ।

*८. हुम्लाको हरेक रात अन्तिम सासको निष्कासन पर्खिरहेको अभियुक्त सुकरात । (७६)*

प्रस्तुत वाक्यले निर्दोष हुम्लावासीहरू चरम कष्ट र निराशाबाट गुज्रिरहेका साथै त्यस स्थितिबाट मुक्ति खोजिरहेका छन् भन्ने आशय ध्वनित भएको छ ।

*९. केटाकेटीका नाकबाट बगिरहेका हिमनदीहरूले छेकेको बाटामा उभिएर हेर तिमी यो बाँकी नेपालसँग नजोडिएको नेपाल हो । (७६ र ७७)*

प्रस्तुत वाक्यबाट नाकबाट सिँगान बगिरहेका फोहोरी, अस्वस्थ, उचित स्याहार र लालनपालन नपाइरहेका बालबालिकाहरूको दुरवस्थामार्फत राज्यले तिनलाई वास्ता नगरेको र आफ्नै देशभित्र उनीहरू राज्यविहीन/संरक्षकत्वहीन बन्न पुगेको अवस्था व्यञ्जित भएको छ ।

*१०. नेपाल हो भने माकुराको धागोले नेपालसँग जोडेको अर्कै नेपाल हो तैपनि बुझ्दोरहेछ यसले छक्कबहादुरको अङ्ग्रेजी र हाँसेरै उत्तर दिँदोरहेछ जीवनले सोधेका प्रश्नहरूको । (७७)*

प्रस्तुत वाक्यले हुम्ला वैधानिक रूपले नेपाल राज्यकै भूभाग भए तापनि आफ्नै राज्यबाट उपेक्षित भएको र बाँकी नेपालको भन्दा यहाँको जनजीवन निकै पिछडिएको अबस्थामा रहेकोले नेपालभित्र यो नसमेटिएको अवस्थालाई व्यञ्जित गरेको छ । यसका साथै यहाँको पिछडिएको, कष्टकर र दयनीय जीवनावस्था देखेर पुरानो युगको कुनै अर्कै संसार पो हो कि झैँ गरेर छक्क पर्ने विभिन्न निकायमार्फत त्यहाँ पुग्ने विदेशी वा विदेशीजस्ता स्वदेशीहरूको उच्चता र अहमताबोधी मनोवृत्ति र हुम्लीहरूप्रति तिनले देखाउने हेयता र दयादृष्टिको आशय हुम्लीहरूले बुझ्ने गरेको र हाँसेर त्यसको जवाफ दिने गरेको अर्थात् हुम्लीहरूले आफ्नो जीवनप्रतिको खिन्नता र निराशाको भावना प्रदर्शन नगरेको आशय यस वाक्यले ध्वनित गरेको छ । यसका साथै यस वाक्यमा प्रयुक्त 'छक्कबहादुर' र 'जीवन' पदले त्यहाँका जनप्रतिनिधिहरूलाई पनि ध्वनित गरेको देखिन्छ । तात्कालिक समयमा राजा ज्ञानेन्द्रद्वारा गठित मन्त्रीमण्डलमा सहायक मन्त्री रहेका छक्कबहादुर लामा र नेपाली काङ्ग्रेसका नेता जीवनबहादुर शाही त्यहाँका जनप्रतिनिधिहरू हुन् र उनीहरूले त्यहाँका समस्या समाधानमा भूमिका खेल्न नसकेकोमा हुम्लाबासीहरूले गुनासो गर्न नसकेको आशय पनि यस वाक्यबाट व्यञ्जित भएको देखिन्छ ।

*११. हुम्लाको रात जब पाखीसँगै तात्तिन थाल्छ तब यो चिसो सिरेटो पनि आत्तिन थाल्छ । (७७)*

हुम्लाबासीहरूमा जब आफ्ना सम्भावनाहरूतर्फको अग्रसरता बढ्छ र राडीपाखी आदि हुम्लाका स्थानीय उत्पादनको व्यावसायिक प्रवर्द्धन र विकासले गति लिन्छ तब हुम्लीहरूका दुःखका दिन सकिन थाल्छन् भन्ने आशय यस वाक्यले व्यञ्जित गरेको छ ।

*१२ हुम्लाको हरेक रात आगतका लागि वर्तमान मारिरहेको सुकरात । (७७)*

हुम्लीहरूले सुखद भविष्यको पर्खाइमा कष्टकर वर्तमान गुजारिरहेका छन् भन्ने आशयका साथै हुम्लीहरूको भविष्य सम्भावनायुक्त रहेको कुरा यस वाक्यले व्यञ्जित गरेको छ ।

### ३.२.२.४. 'सम्भ्रान्त' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*लयब्रह्म* कविता सङ्ग्रहमा सङ्गृहीत 'सम्भ्रान्त' शीर्षकको कविता आम सम्पन्न वर्ग वा व्यक्तिमा सम्पन्नताबाट सिर्जित समस्या र त्यस्तै सम्पन्नता वा कुलीनताको एक प्रतिनिधिका रूपमा रहेको नेपाली राजसंस्था र हडबडाएको अवस्थामा रहेका तात्कालिक राजालाई प्रतीकात्मक विषयवस्तु बनाएर लेखिएको कविता हो । प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्य र तिनमा अभिव्यञ्जित ध्वन्यार्थको विवेचना निम्न उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पद र त्यसमा निहित ध्वन्यार्थ निम्नानुसार रहेको छ :

*१. म **भीड**मा छु*
*र **भीड** स्थूल हुँदै गएको छ । (८२)*

प्रस्तुत वाक्यमा प्रयुक्त भीड पदले आन्दोलनमा सहभागी मानिसहरूको समूहलाई ध्वनित गरेको छ ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. **भीडका आँखाहरू** सहन सक्दैन*
*ऊ एक्लो छ । (८०)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'भीडका आँखाहरू' पदावली आन्दोलित जनताको हेराइलाई ध्वनित गरेको छ ।

*२. उसलाई*

*आफ्नो **शिरमाथि सुहाउने रत्नजडित टोपीहरू**माथि*

*त्यति विश्वास छैन । (८१)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'शिरमाथि सुहाउने रत्नजडित टोपी' पदावलीले राजाले पहिरिने श्रीपेच र उनको पदीय सर्वोच्चतालाई ध्वनित गरेको छ ।

*३. उसलाई **आफूले चढ्ने गरेको घोडा**सँग*

*असाध्य डर लाग्छ*

*ऊ एक्लो छ । (८२)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'आफूले चढ्ने गरेको घोडा' पदावलीले आफ्ना सहयोगी, संवाहकहरूका साथै राजगद्दीलाई समेत ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. ऊ एक्लो छ र उसलाई कुनै कुरामा विश्वास छैन । (८०)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'ऊ' सर्वनामले कविताको शीर्षक र वर्णित विषयसन्दर्भमा सम्भ्रान्तलाई जनाएको छ । 'सम्भ्रान्त' शब्दले अभिधेयार्थमा (१) सम्मानित, प्रतिष्ठित, कुलीन र (२) हडबडाएको, आत्तिएको, बाटो बिराएको भन्ने अर्थ द्योतन गर्दछ । यी दुवै अर्थसन्दर्भ र देश प्रतिगमनको बाटोमा हिँडेको र राजतन्त्र पुनः सक्रिय भएको तात्कालिक परिवेशलाई दृष्टिगत गर्दा देशमा कायम गरिएको संवैधानिक राजतन्त्रको प्रावधानलाई कुल्चँदै राजकीय र शासकीय सम्पूर्ण शक्ति/सत्ता आफ्नो हातमा लिएर सर्वसत्तावादी बाटो अँगालिरहेका तात्कालिक राजा ज्ञानेन्द्रलाई यस कविताको शीर्षक र विषयका रूपमा प्रयुक्त 'सम्भ्रान्त' शब्दले ध्वनित गरेको छ । त्यसैले प्रस्तुत वाक्यले तात्कालिक राजसंस्था र राजाले जनसमर्थन गुमाएको र उनी सशङ्कित अवस्थामा रहेको आशय व्यञ्जित गरेको छ ।

*२. उसलाई विश्वास छैन आफ्नी धर्मपत्नीमाथि र विश्वास छैन आफ्नो सम्बन्धमाथि । (८०)*

प्रस्तुत वाक्यबाट हरेक सर्वसत्तावादी शासकहरू आफ्ना अति निकटस्थ व्यक्तिहरू, नातासम्बन्धीहरूसँग समेत विश्वस्त हुँदैनन् भन्ने आशयका साथै निरङ्कुशता अँगालेर बाटो बिराएका र त्यसको परिणामस्वरूप हडबडाएका तात्कालिक राजा सशङ्कित अवस्थामा रहेको आशय ध्वनित भएको छ ।

*३. इतिहासले आफ्ना पानाहरूमा यस्ता तिथिहरू राखेको छ कि ऊ खस्न सक्छ कुनै पनि बेला । (८०)*

कुनै पनि व्यक्ति शक्ति र सत्तामा पुग्नु र त्यहाँ टिकिरहन सक्नु निकै नै जोखिमयुक्त र चुनौतीपूर्ण कुरा हो । जुनसुकै शासकहरूको पनि उत्थान र पतनको कुनै सुनिश्चितता हुँदैन । त्यसमा पनि निरङ्कुश एवम् सर्वसत्तावादी शासकहरूका सामु झनै बढी जोखिम र चुनौतीहरू हुने गर्दछन् । नेपालकै इतिहासमा पनि भीमसेन थापा, रणोद्विप सिँह, राजा वीरेन्द्र आदिको हत्या एवम् राणाशासन र पञ्चायत आदि व्यवस्थाको पतन भएको तथ्य स्पष्टै छ । यिनै सन्दर्भलाई सङ्केत गर्दै प्रस्तुत वाक्यले कुनै पनि बेला तात्कालिक निरङ्कुश राजतन्त्र र राजाको पतन हुनसक्ने सम्भावनालाई ध्वनित गरेको छ । यसबाट नेपाली राजतन्त्र र राजाको भविष्य सङ्कटापन्न अवस्थामा रहेको आशय समेत ध्वनित भएको छ ।

*४. कुनै पनि बेला उसको अङ्गरक्षकको अनुशासन भङ्ग हुनसक्छ र उसको पहिलो शिला कमजोर हुन सक्छ । (८०)*

प्रस्तुत वाक्यले सर्वसत्तावादी शासकहरूका आफ्नै क्रियाकलापका कारण उनीहरूलाई आफ्नै अङ्गरक्षकहरूबाट समेत असुरक्षाको भय रहने र सुरक्षाघेराभित्रै पनि उनीहरूलाई हत्याको खतरा रहने र निरङ्कुश एवम् जनविरोधी मार्गमा अग्रसर तात्कालिक नेपाली शासकका निम्ति पनि यस्तो जोखिम रहेको आशय व्यञ्जित गरेको छ ।

*५. त्यति नरम ओछ्यान उसलाई खतरा लाग्छ कोही चिच्याउँछ कि पलङमुनिबाट ?(८०)*

प्रस्तुत वाक्यले तानाशाहहरू आफू र आफ्नो पद, प्रतिष्ठाको सुरक्षाप्रति सदा सशङ्कित र भयभीत रहन्छन् भन्ने आशय व्यञ्जित गरेको छ ।

६. *उसलाई शङ्का लाग्छ कुनै पनि बेला उसका साथीहरू कृत्रिम चुम्बकमा टाँसिएका आलपिनहरूझैँ एक, एकपछि अर्को र अर्कोपछि अर्को हुँदै झर्दै जान्छन् उसबाट । (८० र ८१)*

प्रस्तुत बाक्यबाट तानाशाहरूको आफ्ना सारथी, संवाहक र मित्रजनहरूसँगको सम्बन्ध बनावटी र स्वार्थपूर्ण हुने भएकाले जुनसुकै बेला विच्छेद हुनसक्ने यथार्थका साथै आफ्ना सहयोगीहरूले साथ छाड्न सक्ने कुराले तात्कालिक राजा सशङ्कित रहेको आशय व्यञ्जित भएको छ । यसबाट तात्कालिक राजा एक्लिँदै जाने सम्भावना ध्वनित भएको छ ।

७. *एक्लोपन यसरी दुख्छ कि ऊ त्यसलाई दबाउन क्याप्सुलहरू खान्छ । (८१)*

यस वाक्यबाट आफ्नो जीवनको रित्तोपना र उदासीनतालाई औषधी सेवन गरेर मत्थर पार्नुपर्ने तानाशाहहरूको विषादग्रस्त जीवनावस्था ध्वनित भएको छ ।

८. *जसरी झर्दै जान्छन् दाँतहरू कुकुर बुढिएपछि र कुकुरलाई आफूले दाँतले लुछ्ने गरेको मासुको टुक्रो असजिलो लाग्छ त्यस्तै लाग्छन् भीडका आँखाहरू, त्यस्तै लाग्छन् मानौँ ऊ भीड छलिरहेछ तर लखेटिएको मानस नसाले छोप्ने कसरत गर्छ । (८१ र ८२)*

प्रस्तुत वाक्यबाट तात्कालिक नेपाली राजतन्त्र निकै पुरानो र कमजोर अवस्थामा रहेको आशय ध्वनित भएको छ भने निरङ्कुश एवम् जनविरोधी बाटोमा हिँडेकाले आत्तिएका र हडबडाएका तात्कालिक राजा विरोधीहरूको भीड अर्थात् आन्दोलित जनसमूहसँग क्रुद्ध भएको तर दमन गर्न नसकेको बरु नसामा छोपिएर तनाव दूर गर्नपट्टि लागेको सन्दर्भबाट उनी शक्तिहीन र पराजित बन्दै गइरहेको आशय ध्वनित भएको छ ।

### ३.२.२.५. 'विकास पण्डित' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*लयब्रह्म* कविता सङ्ग्रहमा सङ्गृहीत 'विकास पण्डित' शीर्षकको कविता नेपालमा सञ्चालित विकाससँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थासम्बद्ध व्यक्तिहरूका प्रवृत्ति, व्यवहार र ती संघसंस्थाका क्रियाकलापलाई विषयवस्तु बनाएर लेखिएको कविता हो । प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यात्मक पद, पदावली एवम् वाक्य र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्न उपशीर्षकहरूमा गरिएको छ :

#### (क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

यस कवितामा ध्वन्यार्थक पदहरूको प्रयोग गरिएको छैन ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. **विकास पण्डित***

*झोलाभरि राखेर*

*इकोलोजीका जेनेभा प्रिन्ट ग्रन्थहरू*

*ओभरहेड प्रोजेक्टरबाट देखाउँछ*

*गरिबीको चक्र । (८३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'विकास पण्डित' पदावलीले विकासको पाण्डित्य प्रदर्शन गर्ने विभिन्न विकासे संघसंस्थाका प्रतिनिधिहरूलाई व्यञ्जित गरेको छ ।

*२. राजधानीका कुनै कोठामा*

*राखिएकी छ उसकी*

*ग्राजुयट स्वास्नी*

*जसका लागि*

***विकासे झोला** भिरेर*

*विकास पण्डित पसेको छ*

*मेरो गाउँमा । (८४)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'विकासे झोला' पदावलीले विकासका सपना, योजना र त्यसका लागि आवश्यक बन्दोबस्तीलाई ध्वनित गरेको छ ।

*३. उसले पठाएको छ मलाई*

*स्टेशनरी पसलको दलाल कार्यालयमा*

*र **स्कुल गार्मेन्ट्सको मुन्सीखानामा** । (८४)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'स्कुल गार्मेन्ट्सको मुन्सीखाना' पदावलीले निजी विद्यालयहरूले शैक्षिक संस्थाका नाउँमा कपडा आदिको व्यापार गरिरहेको र ती शिक्षा प्रदान गर्ने पवित्र उद्देश्यबाट नभई व्यापार गर्ने अभीष्टबाट निर्देशित रहेको आशय व्यञ्जित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. विकास पण्डित छात्रवृत्तिको खोजमा आउँछ मेरो गाउँमा । (८३)*

प्रस्तुत वाक्यबाट विकासे संस्थाहरूबाट गाउँघरतिर पुगी केही तथ्याङ्कहरू (जो तथ्यसम्मत नहुन पनि सक्छन) सङ्कलन गर्ने र प्रतिवेदनहरू तयार गर्ने अनि आफूले अनुसन्धान गरेको र कार्यानुभव हासिल गरेको देखाएर स्वदेशी/विदेशी छात्रवृत्ति हत्याउने प्रवृत्तिलाई ध्वनित गरेको छ । विकासे संस्थाहरू विकासलाई फलित पार्न भन्दा पनि व्यक्तिगत स्वार्थपूर्तिको उद्देश्यबाट निर्देशित रहेको आशय यस वाक्यले व्यञ्जित गरेको छ ।

*२. विकास पण्डित इन्कार गर्छ विकासका समस्त धारणा । (८३)*

प्रस्तुत वाक्यले विकासे संस्थासम्बद्ध पात्रहरूको अहमताबोधी र विकासविरोधी चरित्रलाई ध्वनित गरेको छ ।

*३. लैङ्गिक असमानताविरुद्ध लड्दै पुग्छ कमला तामाङको भट्टी पसलमा र साँझपख कमला स्तनका स्पर्शहरू लिएर फर्कन्छ डेरामा । (८३)*

प्रस्तुत वाक्यबाट विकासे संस्थासम्बद्ध पात्रहरूको बोली र व्यवहारका बीचमा रहेको विपरीत सम्बन्ध, तिनको पाखण्डी प्रवृत्ति र समाजमा तिनले फैलाएका यौन विकृति, व्यभिचार र जाँडरक्सी सेवन आदिबाट तिनले समाजमा बेथिति, विसङ्गतिको सिर्जना गरिरहेको आशय ध्वनन भएको ।

*४. विकास पण्डित आपतकालीन सौर्य बत्तीको धमिलो प्रकाशमुनि बसेर लेख लेख्छ अङ्ग्रेजीमा । (८३ र ८४)*

प्रस्तुत वाक्यबाट देशले ऊर्जासङ्कट भोगिरहेको अवस्थाका साथै विकासे संस्था र तीसँग सम्बद्ध पात्रहरूको गैरजिम्मेवार र अव्यावहारिक क्रियाकलापको ध्वनन भएको छ ।

५. *म बुझ्दछु ऊ केही अङ्क लिएर फर्कनेछ यस गाउँबाट, केही अनौठा अनुभवहरू लिएर फर्कनेछ, केही चित्रहरू लिएर फर्कनेछ । (८४)*

प्रस्तुत वाक्यले गाउँघरमा पुग्ने विकासे संस्थाका प्रतिनिधिहरूले केवल तथ्याङ्कहरू, अनुभवहरू लिने र फोटो खिचेर फर्कने गरेको र विकासका परिणामदायी कामतर्फ ध्यान नदिएको अनि विकासे संस्थाहरूलाई केवल कमाउने माध्यमका रूपमा उपयोग गरेको भाव ध्वनित गरेको छ ।

६. *विकास पण्डित आफ्नो जागिर थाम्न म्वाइँ खान्छ डाइरेक्टरका छोराछोरीलाई, घडेरी खरिद गर्छ दामी ठाउँमा र लेख लेख्छ गरीबका नाउँमा । (८४)*

विकासे संस्थाका प्रतिनिधिहरू साँचो अर्थमा विकास कार्यमा प्रतिबद्ध र प्रेरित छैनन्, उनीहरू केवल आफ्नो जागिर बचाएर व्यक्तिगत स्वार्थ पूर्ति गर्ने सङ्कीर्ण सोचबाट निर्देशित छन् । उनीहरूले विकास गर्ने नाउँमा भ्रम पस्केर आफ्नो दुनो सोझ्याउने कुत्सित कार्य गरिरहेका छन् र गरिबहरूलाई ठगिरहेका छन् भन्ने आशय प्रस्तुत वाक्यबाट ध्वनित भएको छ । यसका साथै यस्ता संस्थाहरूमा हुने चाकडी, चाप्लुसीजस्ता निकृष्ट हरकतलाई पनि यस वाक्यले ध्वनन गरेको

## ३.२.३. *हतारमा यात्रा* सङ्ग्रहका कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*हतारमा यात्रा* (२०६८) श्यामलको तेस्रो कविता सङ्ग्रह हो । यसमा उनका एक्काइसवटा कविताहरू सङ्गृहीत छन् । यी कविताहरूमध्ये प्रायः सबै दोस्रो सङ्ग्रहको प्रकाशनपश्चात् रचना गरिएका हुन् । उनका अघिल्ला सङ्ग्रहले जस्तै यस सङ्ग्रहले पनि नेपालको विशिष्ट राजनीतिक एवम् ऐतिहासिक समयसन्दर्भलाई प्रतिनिधित्व गर्ने भएकाले युगीन प्रतिनिधित्वका दृष्टिले पनि यस सङ्ग्रहका कविताहरू अर्थपूर्ण रहेका छन् ।

*हतारमा यात्रा* सङ्ग्रहका कविताहरूलाई समयगत दृष्टिले हेर्दा यसमा सङ्गृहीत एकाधबाहेक अरू सबै कविता २०५९/०६० देखि २०६८ सालसम्मको समयावधिमा रचिएका छन् । उक्त समयावधि नेपालको इतिहासमा राजनीतिक दिशा परिवर्तनको विशिष्ट अवधि हो । यसै समयावधिमा नेपालमा राजतन्त्रले संवैधानिक सीमा नाघेर पुनः सक्रिय राजतन्त्रका रूपमा उदय भई राज्यशक्ति र शासकीय शक्तिमाथि नियन्त्रण राखेको, माओवादी युद्ध उत्कर्षमा पुगेको र हत्या, हिंसा र आतङ्कको वातावरण व्याप्त रहेको, राजनीतिक दलहरू राजाको उक्त कदमलाई प्रतिगमनकारी

कदमको संज्ञा दिँदै त्यसका विरुद्धमा आन्दोलित भएका, देशका प्रमुख राजनीतिक दल र सशस्त्र विद्रोह गरिरहेको नेकपा माओवादीबीच बाह्रबुँदे सम्झौता भई दुवै शक्ति शान्तिपूर्ण जनआन्दोलनको बाटोमा अघि बढेको, उक्त आन्दोलन सफल भई शताब्दीऔँ लामो राजतन्त्रको अन्त्य भएको, द्वन्द्वरत शक्तिसँग विस्तृत शान्तिसम्झौता भई संविधानसभाको निर्वाचन सम्पन्न गरिएको र त्यस निर्वाचनमा माओवादी पार्टी देशको प्रमुख शक्तिका रूपमा उदाएको, उसको नेतृत्वमा गठित सरकार एक वर्ष पनि पुग्न नपाउँदै ढल्न पुगेको आदि घटनाहरू तात्कालिक परिवेशका प्रमुख सन्दर्भहरू हुन् । यिनै घटनासन्दर्भ र कविको प्रगतिवादी वैचारिक पृष्ठभूमि नै प्रस्तुत सङ्ग्रहका कविताका ध्वनि निर्धारक आधार हुन् । तिनै आधारमा प्रस्तुत सङ्ग्रहका 'हतारमा यात्रा', 'मैला कपडामा विद्यार्थी' 'हत्याराको आत्मालाप', 'खराब समय' र 'नित्य प्रार्थन' शीर्षकका कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

### ३.२.३.१. 'हतारमा यात्रा' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

'हतारमा यात्रा' शीर्षकको कविताबाटै प्रस्तुत सङ्ग्रहको नामाकरण गरिएकाले उक्त कविता यस सङ्ग्रहमा शीर्ष कविताका रूपमा रहेको छ । २०६५ सालको **समष्टि** पत्रिकामा प्रकाशित उक्त कवितामा तात्कालिक राजनीतिक सन्दर्भलाई नै विषयवस्तु बनाइएको छ । प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्न उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पद र त्यसमा निहित ध्वन्यार्थ निम्नानुसार रहेको छ :

*१. नभई नहुने सारा कुरा यतै छोडेर गएछन् **साथीहरूले** । (१३)*

प्रस्तुत कवितामा प्रयुक्त 'साथीहरू' पदले कविताको व्यञ्जना विषय र रचनागत परिवेशलाई दृष्टिगत गर्दा क्रान्ति सम्पन्न गर्न नसकी बीचैमा अलमलिरहेको तात्कालिक माओवादी शक्तिलाई ध्वनित गरेको छ ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. हतारमा यात्रा गर्दा*

***अँध्यारोमा देख्ने उज्यालो टर्च** र **दाह्री फाल्ने पत्ती***

***दाँत माभ्ने मन्जन र बुरुस, सामान राख्ने भ्रोला***

***महत्त्वपूर्ण सम्पर्क बिन्दुहरू***

***पढ्न थालेको तर अधुरै रहेको नयाँ किताब***

*जे पनि छुट्न सक्छन् । (१३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'अँध्यारोमा देख्ने उज्यालो टर्च'ले अन्योल छिचोल्ने विवेकदृष्टि, 'दाह्री फाल्ने पत्ती'ले बाधा वा अशोभनीयता हटाउने माध्यम/तरिका, 'दाँत माभ्ने मन्जन र बुरुस'ले परिष्कार ल्याउने माध्यम, 'सामान राख्ने भ्रोला'ले शक्ति सञ्चयका उपागम, 'महत्त्वपूर्ण सम्पर्क बिन्दुहरू'ले रणनीतिक महत्त्वका सम्बन्धहरू र 'पढ्न थालेको तर अधुरै रहेको नयाँ किताब'ले अपूरो ज्ञानलाई ध्वनित गरेका छन् ।

*२. हतारमा यात्रा गर्दा छुट्छ* ***पत्नीलाई म्वाइँ खान***

***निधारमा शुभ मूहुर्तको रातो टीका लगाएर बाआमाको आशीष लिन***

***चाँडै फर्कने वाचा गर्दै छोराछोरीलाई हात हल्लाएर विदा हुन***

***जँघारमा टेक्ने लौरो, आफ्नो परिचयपत्र र जगेडा कपडा***

***एक्लै पर्दा खल्तीबाट निकालेर हेर्ने फोटो** र **भर्खरै लिपिएको दैलाको मधुरो गन्ध***

***पानी खाने भाँडो, चिसो छल्ने पछ्यौरा, पुग्नुपर्ने ठाउँको नाम***

*सबैसबै बिर्सेर गएछन् साथीहरूले । (१३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'पत्नीलाई म्वाइँ खान' पदावलीले मानवीय प्रेमसम्बन्धजन्य हार्दिक पक्ष, 'निधारमा शुभ मूहुर्तको रातो टीका लगाएर बाआमाको आशीष लिन' भन्ने पदावलीले आफ्नो संस्कृति, परम्परा र पृष्ठभूमिप्रतिको सम्मान र प्रेरणा ग्रहणको सन्दर्भ, 'चाँडै फर्कने वाचा गर्दै छोराछोरीलाई हात हल्लाएर विदा हुन' पदावलीले पारिवारिक सम्बन्धप्रतिको निष्ठा र आत्मीयताबोध, 'जँघारमा टेक्ने लौरो'ले आपतकालीन सहाराको बन्दोबस्ती, 'आफ्नो परिचयपत्र र

जगेडा कपडा'ले आत्मबोध, अस्तित्वबोध र सुरक्षा प्रबन्ध, 'एक्लै पर्दा खल्तीबाट निकालेर हेर्ने फोटो'ले आस्थाको भाव, 'भर्खरै लिपिएको दैलाको मधुरो गन्ध'ले आफ्नो पृष्ठभूमिसँगको आत्मीयता, 'पानी खाने भाँडो र चिसो छल्ने पछ्यौरा'ले जीवनका आधारभूत आवश्यकता पूर्तिका माध्यम अनि 'पुग्नुपर्ने ठाउँको नाम'ले गन्तव्यलाई व्यञ्जित गरेका छन् ।

*३. हराए हराएजस्ता*

*खुट्टा नभएका, हात नभएका, आँखामा दृष्टि नभएका*

***बाटैमा अलपत्र परेका अर्द्धजीवहरू***

*अहो तिनीहरू त्यति पर पुगे कसरी ! (१४)*

प्रस्तुत वाक्यमा प्रयुक्त बाटैमा अलपत्र परेका अर्द्धजीवहरू पदावलीले निर्धारित लक्ष्यमा नपुगी बीचैमा अलमलिएका माओवादीहरूलाई ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. हतारमा हिँडेपछि साथमा हुने त दुःखहरू नै हुन् । (१३)*

प्रस्तुत वाक्यबाट पूर्वतयारीविना विद्रोहको बाटो अँगालेका साथीहरू दुःखपूर्ण अवस्थामा रहेको आशय व्यञ्जित भएको छ ।

२. *यात्राको रोमाञ्च हिँड्नु अघि नै छाडेर गएपछि यात्रा कहीँ गएर पनि विश्राम गर्न लायक हुँदैन; हिउँ, हिमनदी, भीरपाखा, छहरा, नृत्यरत मानिसहरूको हूल, यात्रामा केही पनि हेर्न लायक हुँदैन । (१३)*

प्रस्तुत वाक्यबाट विनातयारी, विनायोजना अघि बढ्दा यात्रा औचित्यपूर्ण र आनन्ददायक हुन सक्दैन भन्ने आशय व्यञ्जित भएको छ ।

*३. पर्ख भन्दाभन्दै हतारमा हिँड्दा गन्तव्य कहाँ भन्ने कुरै बिर्सेछन् साथीहरूले । (१४)*

प्रस्तुत वाक्यले मित्रशक्तिहरूले केही धैर्य गर्न भनी दिएको सुझावलाई बेवास्ता गर्दै हतारमा गरिएको माओवादी विद्रोह गन्तव्यहीन बन्न पुगेको आशय व्यञ्जित गरेको छ ।

*४. यात्राको कला नै मूल घरको खोपामा बिर्सेर गएछन् साथीहरूले । (१४)*

प्रस्तुत वाक्यले सफलता प्राप्तिका लागि अघि बढ्दा अपनाउनुपर्ने उपयुक्त तौरतरिकाहरू विद्रोहका सन्दर्भमा आफ्ना पूर्वजहरूबाट सिक्न नसकेको आशय व्यञ्जित गरेको छ ।

*५. हतारमा, हतारहतारमा आफ्ना खुट्टा दैलोभित्रै छाडेर गएछन् मेरा साथीहरूले । (१४)*

प्रस्तुत वाक्यले विद्रोहयात्रा गतिहीन भैरहेको अवस्थालाई व्यञ्जित गरेको छ ।

*६. तीती समय हुनेछन् अति कष्टमय समय जब खोज्दा कतै पनि साथमा देखिन्नन् वस्तुहरू । (१४)*

प्रस्तुत वाक्यबाट आवश्यक पूर्व तयारी र पूर्वाधारविना अघि बढेको माओवादी शक्तिको भविष्य अन्योलपूर्ण र कष्टमय हुने भाव व्यञ्जित भएको छ ।

*७. विचार, दृष्टि, विवेक र स्मृति सारा कुरा छोडेर गएपछि फर्केर आउने हो कसरी ?(१४)*

प्रस्तुत वाक्यबाट माओवादी आन्दोलनको सुरक्षित अवतरण चुनौतीपूर्ण रहेको भाव ध्वनित भएको छ ।

*८. हतारमा यात्रा गर्दा यात्रामा निस्कनै भुलेछन् साथीहरूले । (१४)*

प्रस्तुत वाक्यले माओवादी आन्दोलनबाट वास्तविक रूपमा क्रान्तिको यात्रा नै नभएको विचार ध्वनित गरेको छ ।

### ३.२.३.२. 'मैला कपडामा विद्यार्थी' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

प्रस्तुत कवितामा जनआन्दोलनमा रहेको विद्यार्थीहरूको सक्रियतालाई विषयवस्तु बनाइएको छ । यस कवितामा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्य र तिनमा प्रयुक्त ध्वन्यार्थको विवेचना निम्न उपशीर्षकहरूमा गरिएको छ :

#### (क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पदहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. ***सिँहदरबार**ले तिनलाई चिन्न बाँकी छ । (२३)*

यस वाक्यमा प्रयुक्त 'सिँहदरबार' पदले तात्कालिक सरकार र सत्तालाई व्यञ्जित गरेको छ ।

२. *तिनको **ह्याट** देखेर मुस्कुराउँछन् नेताहरू*

*किनभने अझैं टाढा छ हिँड्नु । (२३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'ह्याट' पदले लोकतान्त्रिक आन्दोलनमा सहभागी भई घाइते हुन पुगेका विद्यार्थीहरूका टाउकामा बाँधिएका पट्टीलाई ध्वनित गरेको छ ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *तिनको **मुटु चल्छ***

*चन्दाले किनेको बलियो कमिजभित्र । (२३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'मुटु चल्छ' पदावलीले केवल शरीरको महत्त्वपूर्ण अङ्गका रूपमा रहेको मुटु चलेको कुरालाई मात्र सङ्केत नगरी अरुको आर्थिक सहायतामा चलिरहेको सिङ्गो जीवनलाई व्यञ्जित गरेको छ ।

२. *तिनका **नथाक्ने औँलाको सुन्दरता** नष्ट गर्न*

*धेरैपटक घोरिन्छ सिपाही । (२३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'तिनका नथाक्ने औँलाको सुन्दरता' पदावलीले विद्यार्थीहरूले निरन्तर रूपमा भित्तेलेखन एवम् पर्चाबाजी गरिरहेको र त्यो प्रभावोत्तेजक रहेको सन्दर्भलाई ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *उही लुगा लगाउँछन् यी केटाहरू, घरभित्र पस्दा, सुत्दा र जुलुसमा हिँड्दा । (२३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'यी केटाहरू' पदावलीले शीर्षकीय सन्दर्भबाट मैला कपडामा रहेका विद्यार्थीहरूलाई जनाएको छ । यहाँ विद्यार्थीहरूले घरभित्र पस्दा, सुत्दा र जुलुसमा हिँड्दा समेत एउटै लुगा लगाएको सन्दर्भले एकातिर विद्यार्थीहरूको तात्कालिक जनआन्दोलनमा रहेको निरन्तर सक्रियताबाट सिर्जित व्यस्तता र अर्कोतिर विद्यार्थीहरूको आर्थिक दुरवस्थालाई ध्वनित गरेको छ ।

२. *तिनका सस्ता जुत्ताका तलुवामा खेतको हिलो हुन्छ र तुना लोकतन्त्रले कसिएको हुन्छ । (२३)*

प्रस्तुत वाक्यमा विद्यार्थीले सस्ता जुत्ता पहिरिएको सन्दर्भबाट उनीहरूको आर्थिक विवशता ध्वनित भएको छ भने जुत्ताको तलुवामा खेतको हिलो हुनुले उनीहरू कृषिकर्म र श्रमसँग आवद्ध भएको तात्पर्य ध्वनित भएको छ । त्यसैगरी उनीहरूका जुत्ताको तुना लोकतन्त्रले कसिएको सन्दर्भले लोकतन्त्र प्राप्तिको तीव्र र दृढ आकाङ्क्षाबाट उनीहरू प्रेरित रहेको आशय ध्वनित भएको छ । यसरी खेतीपाती, अध्ययन र लोकतान्त्रिक आन्दोलन तीनवटै क्षेत्रमा विद्यार्थीहरू सङ्घर्षरत रहेको ध्वनि यस वाक्यबाट व्यक्त भएको छ ।

३. *चिसो नलागोस भनेर कोहीले किनिदिएको स्विटरको न्यानोमा बेरिँदै नारा तयार गर्छन तिनीहरू । (२३)*

यस वाक्यले विद्यार्थीहरूको दैनिक जीवन अरूको सहयोग र सहानुभूतिबाट गुजारा भइरहेको र उनीहरू भने लोकतान्त्रिक आन्दोलनमा समर्पित रहेको आशय ध्वनित भएको छ ।

### ३.२.३.३. 'हत्याराको आत्मालाप' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

प्रस्तुत कवितामा नेपालमा वि.सं.२०५२ देखि २०६२ सम्म चलेको माओवादी विद्रोहका समयमा माओवादीहरूबाट भएका अनेकौं ज्यादती एवम् गैरन्यायिक हत्या र उनीहरूले अन्ततः हिंसात्मक बाटो परित्याग गरेको सन्दर्भलाई विषय बनाइएको छ । यस कवितामा प्रयुक्त ध्वन्यात्मक पद, पदावली एवम् वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्न उपशीर्षकहरूमा गरिएको छ :

#### (क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पद र त्यसमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

१. *हो, **मैले** हत्या गरेँ त्यस मूर्खको*

*जो मास्टर थियो र दन्होसँग उभिएको थियो मेरो **बाटोमा** । (२६)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'बाटो' पदले तथाकथित क्रान्तिपथलाई ध्वनित गरेको छ भने हत्या गर्ने 'म' पात्र तात्कालिक माओवादी विद्रोहीहरूको प्रतिनिधित्व गर्ने प्रतीकात्मक पात्र हो ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. यस देशलाई जरुरी थियो उसको मृत्यु*

*उसले **बच्चाहरूलाई पढाउने पाठ** खतरनाक थियो । (२६)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'बच्चाहरूलाई पढाउने पाठ' पदावलीले बालबालिकालाई दिइने ज्ञानलाई ध्वनित गरेको छ ।

*२. यात्रा गर्दथ्यो केही पनि नसोधेर कसैसँग*

*ऊ हुलाकी थियो तर **आफ्नै विचारको बादशाह** थियो । (२६)*

यस वाक्यमा प्रयुक्त आफ्नै विचारको बादशाह पदावलीले स्वविवेक र स्वविचारबाट निर्देशित रहेको आशय ध्वनित गरेको छ ।

*३. त्यो अर्को लास, पत्रकार थियो*

*ऊ बोल्दथ्यो आफ्नो **शिर ठाडो पारेर***

*र लेख्तथ्यो समाचार । (२६)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'शिर ठाडो पारेर' पदावलीले निर्भयता र स्वाभिमानलाई ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कवितामा प्रयुक्त ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. मैले उसलाई भनेको थिएँ बाटो छाडिदिन तर ऊ हिँडिरहेको थियो स्कुलतिर आफ्नै लयमा ।(२६)*

माओवादी आन्दोलनका दौरान तात्कालिक शिक्षा पद्धतिलाई ब्रुजुवा शिक्षा भनी त्यसको विरोध गरिएको थियो र त्यसक्रममा उनीहरूले गर्ने बन्द, हडताल, आतङ्क आदिका कारण विद्यालयको नियमित पठनपाठनमा अनेकौँ अवरोध, र कठिनाइहरू सिर्जना भएका थिए । उनीहरूका यस्ता कृत्यमाथि तर्कपूर्ण ढङ्गले असहमति प्रकट गर्ने शिक्षकहरू उनीहरूका निमित्त तगारो बन्ने गरेको सन्दर्भलाई यस वाक्यले व्यञ्जित गरेको छ ।

*२. बडो घमण्डी थियो । (२६)*

तात्कालिक परिवेशमा तथाकथित क्रान्तिकारीहरूले शिक्षकहरूको सत्यनिष्ठा, सत्याग्रह, तार्किकता र स्वाभिमानलाई अटेरीपना र घमण्डका रूपमा लिने गरेको सन्दर्भलाई यस वाक्यले ध्वनित गरेको छ ।

*३. बडो गम्भीरतापूर्वक बोल्दथ्यो ऊ, मलाई ऊ सुराकीसुराकी लाग्न थाल्यो, जनताको बैरीबैरीजस्तो लाग्न थाल्यो । (२६)*

प्रस्तुत वाक्यले युद्धकालमा माओवादीहरूको अरूलाई हेर्ने भयग्रस्त एवम् शङ्कालु दृष्टि र मनोगत आधारमा निकाल्ने गलत निष्कर्षलाई ध्वनित गरेको छ ।

*४. क्रान्तिको कोलाहलबीच उसको भद्रता खतरनाक थियो । (२६)*

प्रस्तुत वाक्यले तात्कालिक परिवेशमा तथाकथित क्रान्किारीहरूको बुझाइ र ठनाइ प्रतिकूल क्रियाकलाप उनीहरूका लागि असह्य थियो भन्ने आशय ध्वनित भएको छ ।

*५. सायद थाहा थियो उसलाई क्रान्तिकालमा सोध्नुहुन्न प्रश्न तर ऊ ठाउँकुठाउँ प्रश्न सोध्न थाल्यो । (२६ र २७)*

क्रान्तिका नाउँमा मौलाएका अपराध, कुकर्म, दुराचार आदि विकृति-विसङ्गतिहरूका सम्बन्धमा त्यसका कर्ताहरूसँग प्रश्न गर्नसमेत अपराध जस्तै ठानिने र त्यसउपर दुश्मनको व्यवहार गरिने तात्कालिक परिवेशलाई यस वाक्यले ध्वनित गरेको छ ।

*६. मलाई ऊ दुश्मनदुश्मनजस्तो लाग्न थाल्यो, उसको सोधाइको शैली खतरनाक थियो । (२७)*

प्रस्तुत वाक्यमा प्रश्नकर्ताको प्रश्नले नभई शोधाइको शैलीका कारण उसमाथि दुश्मनको आशङ्का गरिएको आशय रहेको छ । यसबाट समुचित कारण र तथ्यविना नै आफूलाई शङ्का लागेकै भरमा अरूलाई दुश्मन दर्ज गरिने र कार्बाहीको भागीदार बनाइने तात्कालिक परिवेश ध्वनित भएको छ ।

*७. अरू अरू अरू जोजो बाटोमा थिए उभिएका उनीहरूले सास फेर्नु हावाका लागि खतरनाक थियो, उनीहरूले हिँड्नु बाटोका लागि खतरनाक थियो, उनीहरूले बोल्नु भाषाका लागि खतरनाक थियो, उनीहरूले हेर्नु दृष्टिका लागि खतरनाक थियो । (२७)*

कुनै पनि वस्तुको मूल्य र गरिमा त्यसको उपयोगितामा आश्रित हुन्छ । सासका रूपमा प्रयोग हुनुमा हावाको, हिँडाइका निमित्त प्रयोगमा आउनुमा बाटोको, बोलाइमा प्रकाशित हुनुमा भाषाको र हेराइमा दृष्टिको उपयोगिता रहन्छ । त्यसैले माथिको वाक्यमा यसको विपरीत स्थिति देखाइनुले व्याङ्ग्यार्थमा खतराजनित खास कारण नभइकनै तथाकथित क्रान्तिपथमा अवरोध लागेको शङ्काका भरमा व्यक्तिहत्या गरिएको सन्दर्भ व्यञ्जित छ ।

*८. तर तिनीहरू देखिन्छन् मेरो सपनामा बाटोमा उभिएर मलाई नै छेकिरहेका, लामोलामो सास फेरिरहेका, शिर ठाडो गरिरहेका, डायरीमा केही लेखिरहेका, केही बोलिरहेका । (२७)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'मेरो सपना' पदावलीले क्रान्तिको लक्ष्य र 'बाटो' पदले क्रान्तिपथलाई ध्वनित गरेका छन् । त्यसैगरी 'लामोलामो सास फेरिरहेका' पदावलीले जीवन्ततालाई, 'शिर ठाडो गरिरहेका' पदावलीले स्वाभिमान र आत्मसम्मानलाई, 'डायरीमा केही लेखिरहेका' पदावलीले इतिहासमा अभिलिखित स्थितिलाई र 'केही बोलिरहेका' पदावलीले सन्देश प्रवाहित गरिरहेको सन्दर्भलाई ध्वनित गरेका छन् । यसबाट समग्रमा तथाकथित क्रान्तिका नाउँमा मारिएका निर्दोष शिक्षक, हुलाकी, पत्रकार र अरू नागरिकहरू किन मारिए भन्ने ठोस जवाफ हत्यारासँग नभएकाले उसलाई अपराधबोध भइरहेको तर मारिएका ती पात्रहरू बरु जीवन्त बन्न पुगेको आशय ध्वनित भएको छ ।

*९. के तिनीहरू मरेकै छैनन् ?(२७)*

प्रस्तुत वाक्यले मारिएका निर्दोष व्यक्तिहरूको अमरतालाई ध्वनित गरेको छ ।

*१०. के उनीहरू ब्यूँझिए त ? (२७)*

प्रस्तुत वाक्यबाट मारिएका ती निर्दोष शिक्षक, पत्रकार आदिमा निहित सत्यता उजागर हुन थालेको अवस्था ध्वनित भएको छ ।

*११. के क्रान्ति यत्ति छिटै बीच बाटोमै सकियो ? (२७)*

प्रस्तुत वाक्यले माओवादीले क्रान्तिका नाउँमा सुरु गरेको सशस्त्र विद्रोह सम्झौतामा टुङ्गिएको सन्दर्भलाई सङ्केत गर्दै उक्त क्रान्ति सही अर्थमा क्रान्ति नै नभएको आशय ध्वनित गरेको छ ।

*१२. सपनामा म किन क्षमा मागिरहेको हुन्छु ? (२७)*

माओवादीहरूले क्रान्तिका नाउँमा अवलम्बन गरेको हिंसात्मक कदमप्रति गल्तीबोध गरिरहेको भन्ने आशय यस वाक्यले ध्वनित गरेको छ ।

### ३.२.३.४. 'खराब समय' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

प्रस्तुत कविता नेपालमा वि.सं. २०६२/०६३ मा भएको जनआन्दोलनको परिवेशगत पृष्ठभूमिमा लेखिएको हो । यसमा प्रयुक्त ध्वन्यार्थक पद, पदावली एवम् वाक्यहरू र तिनमा प्रयुक्त ध्वन्यार्थको विवेचना निम्नानुसारका उपशीर्षकहरूमा गरिएको छ :

#### (क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यार्थक पदहरू र तिनमा प्रयुक्त ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. धेरै **महँगा** छन् दरबारका छिमेकीहरू*

*स-साना दरबारहरू । (३०)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'महँगा' पदले अभिधेयार्थमा बढी मोल पर्ने खालको भन्ने आशय प्रकट गर्ने भए तापनि प्रस्तुत वाक्यका सन्दर्भमा भने उच्चताबोधी एवम् अहमताबोधी प्रवृत्तिलाई ध्वनित गरेको छ ।

*२. यी **भुइँचालो**बाट भयभीत रहन्छन् आफ्नो आयुभरि । (३०)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'भुइँचालो' पद व्यञ्जनात्मक रहेको छ । यस पदले राज्यको शक्तिसंरचना र सत्तामा असामान्य तवरले आउनसक्ने फेरबदल, जनआन्दोलन आदिलाई व्यञ्जित गरेको छ ।

*३. बाँकी राष्ट्रसँग मिल्दैन उनीहरूको **व्याकरण***

*बोलीको ध्वनि र गीतको अन्त्यानुप्रास । (३०)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'व्याकरण' पदले सुसङ्गतिलाई ध्वनित गरेको छ ।

*४. धेरै **आराम** गर्छन् दरबारका छिमेकीहरू*

*किनकि **आराम** गर्नै दिन्नन् मानिसहरू । (३०)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'आराम' पदले श्रमविहीन जीवनलाई ध्वनित गरेको छ ।

*५. क्लान्त, थकित र धेरै समय उदास रहन्छ **टाइ** । (३०)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'टाइ' पदले कथित वैभवलाई ध्वनित गरेको छ ।

*६. दरबारका छिमेकीहरूको **नाडी** कमजोर भएको छ । (३२)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'नाडी' पदले जीवन शक्तिलाई ध्वनित गरेको छ ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यार्थक पदावलीहरू र तिनमा प्रयुक्त ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. धेरै महँगा छन् **दरबारका छिमेकीहरू***

*स-साना दरबारहरू । (३०)*

प्रस्तुत कवितांशमा प्रयुक्त 'दरबारका छिमेकीहरू' पदावलीले आफूलाई उच्च, कुलीन र शक्तिसम्पन्न ठान्ने राजसंस्थासँग निकटस्थ वर्गलाई ध्वनित गरेको छ ।

*२. कम र तौलेर बोल्दाबोल्दै लाटिएको जिब्रोमा*

*गजधम्म बसिदिएको छ* ***अजङ्गको राक्षस***

*अनि केही पनि मिल्दैन*

*न अलङ्कार मिल्छ*

*न अनुप्रास । (३१)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'अजङ्गको राक्षस' पदावलीले राजदरबार र त्यसबाट सिर्जित भयलाई ध्वनित गरेको छ ।

*३. मध्यरातको नीरवतामाभ्रु*

*जस्केलोबाट निस्केर लाग्छन्* ***आखेट-यात्रामा***

*दरबारका छिमेकीहरू चमेरो वा लाटोकोसेरोझैँ*

*र सूर्यको पहिलो किरण झर्नु अगावै*

*पस्छन्* ***व्यापार गुफामा***

*दिन काट्छन् उल्टो झुन्डिएर । (३१)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'आखेट-यात्रा' पदावलीले गुप्ति चालले गरिने निषेधित कर्मलाई ध्वनित गरेको छ र 'व्यापार गुफा' पदावलीले व्यापारिक संघसंस्थाहरूलाई ध्वनित गरेको छ ।

*४. दरबारका छिमेकीहरू दरबारझैँ*

*टुरमा जान्छन्* ***भारतका शक्तिपीठह****रूतिर*

*सायद तिनीहरूको शक्ति छैन यहाँ । (३१ र ३२)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'भारतका शक्तिपीठ' पदावलीले भारतीय राजनीतिक शक्तिकेन्द्र भन्ने तात्पर्य ध्वनित गरेको छ ।

*५.* ***खराब समय*** *आएरै हो*

*अनिवार्य रूपमा पढ्छन् उनीहरू*

*जनादेशका आठै पाता*

*कहीँ कतै आफ्नो नाम देखिन्छ कि*

*कार्वाहीको श्रृङ्खलाबद्ध सूचीमा ? (३३)*

प्रस्तुत कवितांशमा प्रयुक्त 'खराब समय' पदावलीले जनचाहना अनुरूपको राजनीतिक परिवर्तन हुन लागेको उपयुक्त समय भन्ने तात्पर्य ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा निहित ध्वन्यार्थ**

प्रस्तुत कवितामा प्रयुक्त ध्वन्यार्थक वाक्यहरू र तिनमा प्रयुक्त ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. कम खर्चिला, जीवनको लय हराएका । (३०)*

प्रस्तुत वाक्यले दरबारका छिमेकीहरूको ह्रासोन्मुख आर्थिक अवस्था र असङ्गत जीवनावस्थालाई ध्वनित गरेको छ ।

*२. शाही डाक्टरको परामर्श पर्खेर बसेका जीर्ण आमा-बाबुको औषधी खर्चको बिल तिर्दैन दरबारले । (३०)*

प्रस्तुत वाक्यले राजपरिवारको उपचारमा संलग्न डाक्टरहरूसँगै उपचार गराउनका लागि लालायित हुने र उपचारको बिल पनि दरबारबारले नै तिरिदेला कि भनी आश मान्ने दरबारका छिमेकीहरूको राजदरबारमुखी मनोवृत्ति अनि दरबारबाट भने उनीहरू उपेक्षित रहेको भाव ध्वनित गरेको छ ।

*३. किन्तु परन्तुमा हराएर आफ्नो फुच्चे वैभवको खातामा राख्छन् दुनियाँको हरहिसाब । (३०)*

प्रस्तुत वाक्यले आफ्नो यथार्थ जस्तोसुकै अवस्थामा रहेको भए तापनि आफूलाई वैभवशाली ठान्ने र दुनियाँलाई हेयात्मक दृष्टिले हेर्ने दरबारका छिमेकीहरूको आत्मरतिभाव ध्वनित गरेको छ ।

*४. दरबारतिर गोड्यान बनाउन मिल्दैन अनि सोचेभन्दा अर्कै स्थापत्य बन्छ घरको, अनि खुट्टालाई अर्कै दिशातिर तन्काएर सास फेर्छन् बिस्तारै । (३० र ३१)*

प्रस्तुत वाक्यमा उल्लिखित दरबारतिर गोड्यान बनाउन नमिल्ने सन्दर्भले राजदरबारतिर गोडा फर्काएर सुत्ने गरी घर बनाउन नहुने मान्यतालाई दृष्टान्तका रूपमा प्रस्तुत गर्दै आफूलाई वैभवशाली ठान्ने दरबारका छिमेकीहरू भने आफ्नो चाहनाअनुसार घर बनाउन पाउने स्वतन्त्रता

समेत गुमाउन बाध्य रहेको र आफ्नो ईच्छा र चाहना विपरीतको जीन्दगी जिइरहेको आशय ध्वनित भएको छ ।

*५. उनीहरूले बनाएको उखान उखान बन्यो जस्तो कि कान हुन्छ भित्ताको पनि । (३१)*

प्रस्तुत वाक्यमा उल्लिखित भित्ताले समेत सुन्ला कि भैँ गरेर निकै होसियारीसाथ बोल्नुपर्ने सन्दर्भले दरबारका छिमेकीहरू खुलेर बोल्न, कुराकानी गर्न समेत नपाउने आशय ध्वनित भएको छ ।

*६. जब हडताल हुन्छ सहरमा सटर बन्द गरेर उक्लन्छन् कौसीमा, हेर्छन् कर्के आँखाले गगनभेदी नारा लगाइरहेको जुलुसतिर, आफ्नै आँखा छलेर बिचरा पिच्च थुक्छन् एक कुनामा र पूर्खाबाट पैँचो लिएर भन्छन्- खराब समय आयो । (३१)*

प्रस्तुत वाक्यले देशमा सकारात्मक राजनीतिक परिवर्तनका लागि भएका आन्दोलन, हडताल आदिप्रति दरबारका छिमेकीहरूले हेयात्मक व्यवहार देखाउने र घृणा गर्ने गरेको र उनीहरू यथास्थिति एवम् परम्पराको दृढ समर्थक रहेको आशय ध्वनित गरेको छ ।

*७. यो उर्लंदो जनसागरको स्वरले अत्तालिएपछि तीर्थयात्रामा गुजार्छन् आधा वर्ष, साइरामको विगुत र शङ्कराचार्यको तिलकको सम्मानमा अर्पण गर्छन् आफ्नो कमाइको एक चौथाइ अंश । (३२)*

प्रस्तुत वाक्यले देशमा चलिरहेको राजनीतिक आन्दोलनबाट दरबारका छिमेकीहरू भयभीत र त्रसित बनेको अनि आत्मसुरक्षाका आशमा भारतका विभिन्न तीर्थस्थलहरूमा ठूलो धनराशि चढाउने गरेको आशय ध्वनित गरेको छ ।

*८. क्रान्तिकारीलाई घृणा गर्न जानेका छन् उनीहरूले, आफ्ना सन्तानलाई टाढै राख्छन् तसर्थ राजनीतिशास्त्रका पुस्तकहरूबाट, विद्यार्थी युनियनका रसिदहरूबाट । (३२)*

यस वाक्यले राजनीतिक परिवर्तनका निम्ति देशमा भएका आन्दोलन आदि क्रियाकलापबाट आफ्ना सन्तानहरूलाई टाढा राख्ने दरबारका छिमेकीहरूको यथास्थितिवादी चरित्र ध्वनित गरेको छ ।

*९. उनीहरूको घडी उल्टो घुम्न थालेको छ । (३२)*

प्रस्तुत वाक्यले दरबारका छिमेकीहरूको पतनोन्मुख अवस्थालाई ध्वनित गरेको छ ।

*१०. झ्यालको रङ्गीन/अपारदर्शी सिसा वा खापाको सानो लाम्चो छिद्रबाट कष्टपूर्वक हेर्दछन् सडकमा रातो तुल बोकेर उफ्रिरहेकी रामकुमारी झाँक्रीको पिँडुलातिर । (३२)*

प्रस्तुत वाक्यले सडकमा चलिरहेको आन्दोलन र नारबाजीबाट यथास्थितिवादीहरूमा देखिएको पीडा र छटपटीको भाव ध्वनित भएको छ ।

*११. सुसारेलाई प्रणाम र बैठकेलाई दण्डवत् गरेपछि आश्वस्त व्यापारका सटरहरू खुल्छन् एकाबिहानै । (३२)*

प्रस्तुत वाक्यले राजदरबारका सुसारे, बैठके आदि तल्लो दर्जाका कर्मचारीसम्म दरबारका छिमेकीहरूको पहुँच सीमित रहेको, तिनीसँग उनीहरूले आफ्नो सुरक्षाका लागि याचना गर्ने गरेको र सुरक्षाको आश्वासन पाएर बन्दहडतालका समयमा पनि आफ्ना पसल खुला राख्ने गरेको आशय ध्वनित भएको छ ।

*१२. पैसाले पोलेर भत्भती इतिहास चक्रले छिनिरहेको छ तिनको गर्धन, जोगीलाई दिन्छन् दान, अघोरीलाई सप्लाई गर्छन् उत्कृष्ट ब्राण्डको मदिरा । (३२)*

प्रस्तुत वाक्यले विगतमा दरबारका छिमेकीहरूले अवैध तवरले धनार्जन गरेको, उनीहरूबाट प्रायश्चित हेतु दानका रूपमा धनको दुरूपयोग भइरहेको र कुकर्मको परिणामस्वरूप पतनका अवस्थामा पुगेको भाव व्यञ्जित गरेको छ ।

१३. *पापशालामा खर्चेर सम्पूर्ण आयु काशीमा बनाउँछन् नेपाली धर्मशाला, कहीँ कतै मिल्दैन छन्द, कसैगरी पनि प्रवेश गर्दैन रस, भन्छन् - खराब समय आयो । (३२ र ३३)*

प्रस्तुत वाक्यबाट आजीवन पापकर्ममा संलग्न रहने तर काशीजस्ता पवित्र तीर्थस्थलहरूमा धर्मशाला आदि बनाएर मोक्षप्राप्तिको चेष्टा राख्ने दरबारका छिमेकीहरूको धर्माडम्बरका साथै आफ्नै कुकर्मका परिणामस्वरूप जीवन रसहीन र असङ्गत बनेको भएता पनि त्यसको दोष समयमाथि थोपर्ने तिनको प्रवृत्ति ध्वनित भएको छ ।

*१४. हो, ठिकै हो खराब समय आयो, केही उपद्रो नगरे पनि पसलनेरै बाट क्रूद्ध भीडले उत्तेजित मुद्रामा कहिल्यै नसुनिएका नयाँ र खतरनाक नारा लगायो, हो, खराब समय आयो । (३३)*

प्रस्तुत वाक्यले व्यवस्था परिवर्तनका लागि राजनीतिक आन्दोलन चर्किरहेको, निकै क्रूद्ध र उत्तेजित मुद्रामा आन्दोलनकारीहरूले खतरनाक नारा लगाएको सन्दर्भले आन्दोलन सफलतातिर उन्मुख रहेको र परिवर्तन विरोधीहरू यसबाट झस्किएको भाव ध्वनित गरेको छ ।

**३.२.३.५. 'नित्य प्रार्थना' कवितामा पद, पदावली र वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

प्रस्तुत कविता २०६० सालमा नोबेल पत्रिकामा प्रथम पटक प्रकाशन भएको हो (उप्रेती, २०६७ : ९४) । यस कवितामा प्रयुक्त ध्वन्यात्मक पद, पदावली एवम् वाक्य र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्न उपशीर्षकहरूमा गरिएको छ :

**(क) पदका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक पदहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. हे* ***कुबेर*** *!*

*मैले नै फलाएको हुँ तिम्रो अन्न भण्डारको अन्न,*

*आज भोकै छन् मेरा पेटहरू । (४३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'कुबेर' पदले अभिधेयार्थमा धनका देवतालाई जनाउने भएता पनि प्रस्तुत सन्दर्भमा भने देशको पुँजीपति वर्ग र राज्यको मालिक भन्ने तात्पर्य ध्वनित गरेको छ ।

*२. हे* ***वायु*** *!*

*तिमी स्वयम् मुक्त होऊ* ***विषादि****बाट*

*मलाई गाह्रो भो सास फेर्न । (४३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'वायु' पदले सूचना संवाहक शक्ति र 'विषादि' पदले समाजका राजनीतिक, शैक्षिक आदि विविध क्षेत्रमा फैलाइएका हानिकारक विचारहरू भन्ने तात्पर्य ध्वनित गरेको छ ।

*३. हे **पृथ्वी** !*

*तिमी स्वयम् मुक्त होऊ*

*धर्माचार्यहरूको पापाचारबाट । (४४)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'पृथ्वी' पदले मानव संसारलाई ध्वनित गरेको छ ।

**(ख) पदावलीका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक पदावलीहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. के तिमीले यी बन्द स्कुलहरू देख्यौ माते ?*

*किन **उम्रियो झार***

***स्कुलको बाटोमा** ? (४३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'उम्रियो झार' पदावलीले व्यवधान खडा भएको र 'स्कुलको बाटोमा' पदावलीले ज्ञानार्जनको प्रक्रियामा भन्ने आशय ध्वनित गरेको छ ।

*२. हे अग्नि ! वायु ! जल र पृथ्वी !*

*अब तिमीहरू चढ **मेरो अस्त्र**को टुप्पामा*

*अब म पनि सामेल हुन्छु*

***मेरै मुक्तियुद्धमा** । (४४)*

प्रस्तुत वाक्यमा प्रयुक्त मेरो अस्त्र पदावलीले उत्पीडित वर्गले आफ्ना हकअधिकार प्राप्त गर्न चाल्ने कदमलाई ध्वनित गरेको छ भने 'मेरै मुक्तियुद्धमा' पदावलीले उत्पीडित वर्गले चाहेको वास्तविक क्रान्तिपथलाई ध्वनित गरेको छ ।

**(ग) वाक्यका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

यस कविताका ध्वन्यार्थक वाक्यहरू र तिनमा निहित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

*१. हे जल ! तिमी बर्स मेरो खेतमा, लाग कुलो भएर, मैले फेरि पनि उमार्नुपर्छ अन्न । (४३)*

प्रस्तुत वाक्यमा प्रयुक्त 'जल' पदले जीवनदायी शक्तिको तात्पर्य ध्वनित गरेको छ । यस वाक्यबाट पूर्वप्रसङ्गानुसार श्रमको उचित मूल्य नपाए तापनि श्रमजीवी वर्ग श्रमशील र सिर्जनारत रहेको तथा उसमा आशावादी जीवनदृष्टि रहेको भाव ध्वनित भएको छ ।

*२. हे वृक्ष ! को बसिरहेछ तिम्रो छायाँमा बन्दुकसहित ? (४३)*

प्रस्तुत वाक्यमा उल्लिखित वृक्षको छायाँमा बन्दुकसहित कोही बसिरहेको सन्दर्भले तात्कालिक परिवेशमा माओवादी जङ्गल पसेको र सशस्त्र विद्रोह गरिरहेको आशय ध्वनित गरेको छ । वृक्षको छायाँ शीतलता र शान्तिको द्योतक हो । ध्यानादि कार्य र विवेकको उन्नयनका लागि उक्त स्थल साधक मानिन्छ तर त्यस विपरीत उक्त स्थलमा बन्दुकसहित कोही बसिरहेकाले उसले गलत गरिरहेको भाव समेत यसबाट ध्वनित हुन्छ ।

*३. हे पन्क्षी ! कता उडिरहेको तिमी यो ठाउँ छाडेर ? के त्यति नमिठो छ यो बन्दुकको आवाज ? (४३ र ४४)*

पक्षी सामान्यतः स्वतन्त्रता र उन्मुक्तताको द्योतक हो । पक्षी वातावरणको शोभाकारक अङ्ग भएकाले यो शान्ति र मोहकताको द्योतक पनि हो । प्रस्तुत कविताले सूक्ष्मरूपले तात्कालिक सशस्त्र विद्रोहको परिवेशलाई समेटेको हुनाले प्रस्तुत वाक्यमा उल्लिखित बन्दुकको आवाजले पक्षीले आफ्नो बासस्थान त्यागेको सन्दर्भबाट पक्षीतुल्य स्वतन्त्र, उन्मुक्त भएर आआफ्ना कर्म गरिरहेका मानिसहरू भययुक्त वातावरण र हिंसात्मक गतिविधिका कारण विस्थापित बन्न पुगेको भाव व्यञ्जित भएको छ ।

*४. मलाई अरू केही चाहिन्न तिमीले तथास्तु भने पनि मलाई मेरा प्रश्नहरूको उत्तर चाहिन्छ । (४४)*

प्रस्तुत वाक्यमा उल्लिखित सम्बोधक 'म' पूर्वप्रसङ्गानुसार शोषित-पीडित श्रमजीवी वर्गको प्रतिनिधि हो भने सम्बोधित 'तिमी' पदले अघिल्ला वाक्यहरूमा सम्बोधन गरिएका कुबेर, जल, वायु, वृक्ष, पन्क्षी, र पृथ्वी लाई समग्रमा समेटेको छ । त्यसैले यस वाक्यबाट श्रमजीवी वर्गले आफूउपर भइरहेको शोषण उत्पीडनबाट उन्मुक्तिका साथै समाजमा फैलिएका विकृति विसङ्गति आदिबाट मुक्त समाज निर्माणको चाहना राखेको भाव ध्वनित भएको छ ।

# परिच्छेद चार

# श्यामलका कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

## ४.१. विषय प्रवेश

काव्यमा निहित ध्वनिको अध्ययनका सन्दर्भमा समग्र काव्यकृतिबाट केकस्ता अर्थको व्यञ्जना भएको छ भनी तिनको निरूपण एवम् विवेचना गर्नु वाञ्छनीय हुन्छ । सिङ्गो स्फुटकाव्य तथा प्रबन्धकाव्यको एक प्रकरण वा सर्गविशेषमा निहित ध्वनि प्रकरणाश्रित ध्वनि हो । फुटकर कवितामा आश्रित विशेष दृष्टिकोण वा सन्देशसमेतलाई प्रकरणाश्रित ध्वनिले अभिव्यक्त गरेको हुन्छ । फुटकर कविताबाट समग्रतामा विभिन्न कोणबाट विविध अर्थको अनुरणन भएको हुन सक्दछ । तिनै अर्थका तरेलीहरूको विश्लेषण नै त्यस कविताको प्रकरणाश्रित ध्वन्यार्थको विवेचना हो । प्रस्तुत परिच्छेदमा कवि श्यामलका तीन वटा कविता सङ्ग्रहका निर्धारित कवितामा निहित प्रकरणाश्रित ध्वन्यार्थको छुट्टाछुट्टै उपशीर्षकहरूमा विवेचना गरिएको छ ।

## ४.२. *तपाईंहरू मार्फत* (२०४४) सङ्ग्रहका कविताहरूमा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

यस उपशीर्षकअन्तर्गत प्रस्तुत सङ्ग्रहका कविताहरूको रचनागत समय र परिवेशका पृष्ठभूमिका आधारमा यस सङ्ग्रहका 'घोडाको मृत्यु', 'निर्वाचन र गल्लाहरू', 'रङ्गहरू', 'देश दृश्य' र 'छाल' शीर्षकका कविताहरूको प्रकरणाश्रित्र ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

### ४.२.१. 'घोडाको मृत्यु' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

वि.सं. २०३९ मा प्रकाशित 'घोडाको मृत्यु' कवितामा नेपालको प्रजातान्त्रिक आन्दोलन र त्यसका संवाहक शक्तिको अवस्थालाई विषयवस्तुका रूपमा लिइएको छ । नेपालमा प्रजातान्त्रिक परिपाटीको स्थापनाहेतु भएका प्रयास र तिनले पुऱ्याएको योगदानको लामो इतिहास छ, यद्यपि २००७ सालको जनआन्दोलनबाट निरङ्कुश राणाशासन ढलेपछि प्रजातान्त्रिक परिपाटीको आरम्भ भएको हो । प्रजातान्त्रिक व्यवस्था राम्ररी लागू हुन नपाउँदै २०१७ सालको राजनीतिक घटनासँगै देशमा पञ्चायती व्यवस्थाको आरम्भ भयो र प्रजातन्त्रप्रेमी नेपाली जनता र प्रजातान्त्रिक आन्दोलनका संवाहक शक्तिहरू पुनः निरङ्कुश र उत्पीडनकारी शासन भोग्न विवश भए ।

पञ्चायती व्यवस्थाको आगमनसँगै प्रजातन्त्रको भविष्य अन्योलपूर्ण बन्दै गइरहेको र देशमा विद्यमान प्रजातान्त्रिक शक्तिहरू निरीह बन्दै गइरहेको सन्दर्भ नै कवितामा वर्णित विषयवस्तुबाट व्यञ्जित भएको छ ।

'घोडाको मृत्यु' कविताको शीर्षक स्वयं व्यञ्जनात्मक रहेको छ । कवितामा 'घोडा' पदबाट सामान्यीकृत रूपमा प्रजातन्त्रका आधारस्रोत एवम् संवाहक शक्तिका रूपमा रहेका जनता र विशिष्टीकृत रूपमा नेपालमा प्रजातन्त्रलाई सवार गराउने शक्ति र पात्र समान रूपले ध्वनित भएका छन् । कवितामा 'एउटा मान्छे मरेको' भनी विशिष्टीकृत गरिएको, आफ्नो पीठमा प्रजातन्त्र सवार गराउने उक्त मान्छे प्रतिबन्धित सपनाहरूसँगै मरेको जनाइएको र नेपाली प्रजातान्त्रिक आन्दोलनका अगुवा व्यक्तित्व बीपी कोइरालाको निधन सोही अवधिमा भएको देखिनाले 'घोडाको मृत्यु' पदावलीले विशिष्टीकृत रूपमा कोइरालाको निधनलाई व्यञ्जित गरेको देखिन्छ । यसरी प्रस्तुत कविताको शीर्षकबाट घोडाको समतुल्य पात्र र प्रवृत्तिका तात्पर्यमा उपर्युल्लिखित सामान्य र विशिष्ट व्यञ्जना ध्वनित भएको छ ।

घोडा निकै शक्तिशाली जनावर हो । अश्वशक्ति भनेर घोडाकै शक्तिका आधारमा ऊर्जाको मापन गरिन्छ । घोडा शक्तिसम्पन्न हुनुका साथै आफूले वहन गरेको गहन जिम्मेवारीलाई निस्वार्थ र इमानदारीका साथ निर्दिष्ट गन्तव्यमा पुऱ्याउनु उसको विशेषता हो । घोडाको यही शक्तिशाली, भारवाही, निःस्वार्थ र लक्ष्योन्मुख विशेषतालाई प्रस्तुत कविताले नेपालका प्रजातन्त्रका संवाहक शक्तिमा आरोपण गरेको छ । निरङ्कुश शासन व्यवस्था र शासकका अनेक उत्पीडनहरू र अनेक कष्टकर नीतिनियमको नियन्त्रण झेल्दै प्रजातन्त्र स्थापनाको गहन जिम्मेवारीलाई इमान्दारीका साथ अघि बढाउन क्रियाशील प्रजातन्त्रान्त्रिक व्यवस्थाका अभियन्ताहरूको अवसानलाई कविताले ध्वनन गरेको छ । देशको राजनीति अन्योलपूर्ण अवस्थाबाट गुज्रिरहेको, नेपाली जनचेतना सुषुप्तावस्थामा रहेको किन्तु देशका सचेत बौद्धिक वर्ग भने जनताका प्रजातान्त्रिक हक-अधिकार प्राप्तिका लागि क्रियाशील रहेको अवस्थामा प्रजातान्त्रिक आन्दोलनका नायकहरूको अवसान भएको भाव कविताले अभिव्यञ्जित गरेको छ । त्यसैगरी उक्त समयमा प्रजातन्त्र स्थापनाका प्रयासहरू, राजनीतिक दलहरू र तिनका स्वतन्त्र गतिविधिहरूमा प्रतिबन्ध लगाइएको स्थिति रहेको तर नेपालमा प्रजातन्त्र छ भनेर देखाउन हरेक वर्ष प्रजातन्त्र दिवस मनाउने र वक्तव्यबाजी गर्ने गरेको सन्दर्भलाई प्रस्तुत कविताले व्यञ्जित गरेको छ ।

समग्रमा हेर्दा 'घोडाको मृत्यु' कविताले नेपालमा प्रजातन्त्रका संवाहक शक्तिका रूपमा रहेका शक्तिशाली, गहन जिम्मेवारी वाहक, निस्वार्थ, इमान्दार र लक्ष्योन्मुख आदि वैशिष्ट्ययुक्त प्रजातन्त्रप्रेमी नेपाली जनताको सुषुप्तावस्था र प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरिरहेका राजनीतिक दलहरूको कमजोर अवस्था एवम् त्यसको नेतृत्वमा रहेका बी.पी. कोइरालाको अवसानलाई ध्वनित गरेको छ । स्वतन्त्र राजनीतिक गतिविधिमा बन्देज लगाइएको, जनता जागरुक हुन नसकेको र राजनीतिक दलहरू कमजोर बनेको त्यस अवस्थामा प्रजातान्त्रिक आन्दोलनका नायकहरूको अवसान हुनुले प्रजातन्त्रको भविष्य असहज र अन्योलग्रस्त बन्न पुगेको भावसन्दर्भ यस कविताबाट ध्वनित भएको छ ।

### ४.२.२. 'निर्वाचन र गल्लाहरू' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

'निर्वाचन र गल्लाहरू' कविता २०४२ सालमा लेखिएको हो । यस कवितामा नेपाली युवाहरूलाई आफ्नो सेनामा भर्ती गराउन आउने विदेशी गल्लाहरूको आन्तरिक यथार्थसँग नेपालको तात्कालिक निर्वाचन प्रक्रियालाई तुलना गरिएको छ । शासन प्रक्रियामा जनसहभागिता गराउने पवित्र उद्देश्यबाट निःसृत निर्वाचन पद्धतिलाई कमजोर देशका युवाहरूलाई प्रलोभनमा पारेर आफ्नो राष्ट्रिय स्वार्थ रक्षाका लागि उपयोग गर्ने र उनीहरूको जीवन जोखिममा पार्ने विदेशी गल्लाहरूको कपटी चालसँग समानान्तर रूपमा प्रस्तुत गरिएकाले यस कविताको विषयवस्तु र शीर्षकबाट तात्कालिक निर्वाचन प्रक्रिया षड्यन्त्रका रूपमा सञ्चालन भइरहेको आशय ध्वनित भएको छ ।

जनमतलाई सर्वोपरि र निर्णायक शक्तिका रूपमा आत्मसात् गरेर सञ्चालन गरिने सच्चा निर्वाचन नै प्रजातन्त्रको आधारभूत अङ्ग हो तर जनताद्वारा निर्वाचित सरकारलाई बर्खास्त गरी निरङ्कुशतन्त्र सञ्चालन गरिरहेको अनि राजनीतिक दलहरूका स्वतन्त्र गतिविधिहरूमाथि बन्देज लगाइएको तात्कालिक अवस्थामा सञ्चालित निर्वाचन यथार्थमा प्रजातान्त्रिक उद्देश्यबाट निर्देशित देखिँदैन । यसरी पञ्चायती व्यवस्थाअन्तर्गत गरिने विभिन्न तहका निर्वाचनमा स्वस्थ प्रजातान्त्रिक अभ्यास हुन नसक्ने तथ्यतर्फ लक्षित यस कविताबाट त्यतिखेरका निर्वाचनहरू त केवल प्रजातन्त्रको भ्रम सिर्जना गर्ने प्रयोजनबाट निर्देशित भएको आशय व्यञ्जित भएको छ । त्यसैले तात्कालिक समयमा गरिने निर्वाचनको रूप र सारमा विद्यमान असङ्गति नै यस कविताको मूल व्यञ्जना हो ।

'गल्ला' शब्दले कोशीय अर्थमा विदेशी सेनामा भर्नाका लागि भेला गरिएका युवाहरूलाई जनाए तापनि प्रस्तुत कवितामा भने त्यस्ता युवालाई भेला गर्ने टोलीका तात्पर्यमा उक्त शब्दको प्रयोग गरिएको छ । नेपाली युवाहरूलाई विदेशी सेनामा भर्ना गर्ने कार्यको आरम्भ नेपाल र

अङ्ग्रेजबीच भएको सुगौली सन्धिको सेरोफेरोबाट भएको पाइन्छ । नेपाली युवाहरूको शूरता, वीरता र समर्पणभाव देखेर लोभिएका अङ्ग्रेज शासकले ती युवाहरूको सैन्यकौशलको लाभ लिन र अन्य रणनीतिक अभीष्टको पूर्तिहेतु ऊर्जावान् नेपाली युवाहरूलाई आफ्नो सेनामा भर्ती गर्ने सफलता प्राप्त गरे । दूरदर्शी एवम् कूटनीतिक चातुर्यपूर्ण अङ्ग्रेज शासकहरू सामु निरीह बन्दै गएका नेपाली शासकहरू उनीहरूलाई रिझाएर आफ्नो शासन टिकाउनतर्फ अग्रसर भए । नेपाली शासकहरूको लाचारी, आफ्नो बेरोजगारी र गरिबीले ग्रस्त जीवन अनि विदेशीहरूले देखाएको प्रलोभनका प्रेरणाले नेपाली युवाहरू विदेशीहरूको ढाल बन्न विवश बने । यसरी सुरुमा बेलायती र पछि भारतीय सेनामा समेत भर्ती भएर नेपाली युवाहरू आफ्नो देशको आवश्यकताविना नै महायुद्धहरूमा सामेल भई जीवन बर्बाद गर्न पुगे र प्रत्यक्षाप्रत्यक्ष आफ्नो राष्ट्रियतामा आघात पुऱ्याइरहेका शक्तिहरूकै सेवामा जीवन अर्पण गर्नुपर्ने बिडम्बनापूर्ण स्थितिको सिकार भए । यसरी विदेशी गल्लाहरूको षड्यन्त्र, सोझा नेपाली युवाहरूको लाहुरे जीवनप्रतिको आकर्षण र त्यसका भित्री पाटाहरू समेत प्रस्तुत कवितामा सूक्ष्म रूपले ध्वनित भएका छन् ।

उपर्युल्लिखित पृष्ठाधारमा प्रस्तुत कविताले तात्कालिक निर्वाचन प्रक्रिया र गल्लाहरूमा निहित षड्यन्त्रलाई अभिव्यञ्जित गरेको छ । स्वतन्त्र तरिकाले प्रजातान्त्रिक पद्धतिअनुसार गरिने आवधिक निर्वाचन लोकतन्त्रको प्राण हो परन्तु निरङ्कुशतन्त्रअन्तर्गत गरिने कुनै पनि निर्वाचन स्वतः निरङ्कुशताकै हितनिम्ति उपयोग हुन्छ । निरङ्कुशता र प्रजातन्त्र स्वभावतः दुई विपरीतधर्मी व्यवस्था हुन् । त्यसैले निरङ्कुशतालाई अँगालिरहेको तात्कालिक निर्दलीय पञ्चायती व्यवस्थाअन्तर्गत गरिने निर्वाचन प्रजातन्त्रको भ्रम पस्कने षड्यन्त्र हो भन्ने भाव यस कवितामा व्यञ्जित छ । कवितामा जीर्ण वृक्षलाई जसरी धमिराले भित्रभित्रै खाएर प्राणहीन बनाउँछ त्यसै तवरले वास्तविक प्रजातन्त्रलाई तात्कालिक निर्वाचनले कमजोर र मरणासन्न बनाइरहेको विचार व्यञ्जित छ । यसबाट रूपमा निर्वाचनलाई देखाएर सारमा निरङ्कुशतालाई जीवन्त तुल्याउने षड्यन्त्र भइरहेको भाव व्यञ्जित भएको छ । त्यसैगरी गल्लाहरूको प्रलोभनमा फसेर विदेशी युद्धमोर्चाहरूमा बेपत्ता पारिएका युवाहरूको सन्दर्भबाट नेपालको आर्थिक, सामाजिक दुरवस्था र कमजोर राष्ट्रियतालाई सङ्केत गरिएको छ । नेपाली समाजमा अहिलेसम्म पनि लाहुरेजीवनको मोह कायमै छ । लाहुरेजीवन बाह्य रूपमा जसरी रङ्गीन र आकर्षक छ त्यसैगरी त्यसको भित्री पाटो उत्तिकै भयानक र खतरनाक छ भन्ने कुरा सेवानिवृत्त लाहुरेले आफ्नो विगत सम्झिएको सन्दर्भबाट ध्वनित भएको छ । यसबाट लाहुरेजीवनको रङ्गीन रूप र षड्यन्त्रपूर्ण सारमा निहित विपर्यासको अभिव्यञ्जना भएको छ ।

विदेशी भूमिमा बेपत्ता युवाहरूसँग मतपेटिकालाई तुलना गरिनुबाट पञ्चायती निर्वाचनमा अभिव्यक्त जनमत अवमूल्यन भएको आशय व्यञ्जित भएको छ । निर्वाचनका बेला देखाइने सपना, बाँडिने आश्वासन, देखावटी मुस्कान र सामीप्य आदिमा निहित स्वार्थ बुझ्न नसकी मतदाताहरू विवेकशून्य बन्नपुगेको र दलाल व्यापारीहरूद्वारा फसाइएका सोझा ग्रामीण किसानहरू जस्तै फस्न पुगेको यथार्थलाई औँल्याउँदै जनताको न्यून चेतनास्तर र शासकहरूको धूर्ततालाई व्यञ्जित गरिएको छ ।

प्रस्तुत कविताले समग्रतः निर्वाचनका नाममा भइरहेको गलत अभ्यास र षड्यन्त्र, भ्रममा पार्न गरिएको प्रजातन्त्रको ढोँग, जनमतको अवमूल्यनको अवस्था, मौलाउँदै गरेको दलाली प्रवृत्ति, देखावटी आकर्षणमा सहजै फस्ने नेपाली मनोविज्ञान, रूप र सारको अन्तर बुझ्न नसक्ने नेपाली जनताको कमजोर चेतनास्तर र अविवेकीपन, गरिबी र बेरोजगारीको समस्याले ग्रस्त सामाजिक अवस्था र कमजोर राष्ट्रियतालाई आलङ्कारिक कथनका माध्यमबाट अभिव्यञ्जित गरेको छ ।

### ४.२.३. 'रङ्गहरू' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*तपाईंहरू मार्फत* कविता सङ्ग्रहमा सङ्गृहीत प्रस्तुत 'रङ्गहरू' कविताको रचना समय २०३७ साल भएको हुनाले उक्त समयसन्दर्भ यसको युगीन पृष्ठभूमिका रूपमा रहेको छ । कविता रचनाकालको राजनीतिक सन्दर्भलाई हेर्दा त्यस समयमा सुधारिएको पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्थाबीचको जनमत सङ्ग्रह भएको र त्यसक्रममा सुधारिएको पञ्चायती व्यवस्थाको सङ्केतक पहेँलो रङ्गको मतपत्र र बहुदलीय व्यवस्थाको सङ्केतक नीलो रङ्गको मतपत्र प्रयोग गरिएको थियो । यसै सन्दर्भमा प्रस्तुत कविताले रङ्गहरूको निहितार्थलाई विषयवस्तु बनाएर त्यसका माध्यमबाट रूप र सारका बीचमा असङ्गति व्याप्त तात्कालिक राजनीतिक, सामाजिक यथार्थको अभिव्यञ्जना गरेको छ ।

प्रस्तुत कविताको शीर्षक 'रङ्गहरू'ले अभिधेयार्थमा वस्तु वा पदार्थको वर्ण वा रोगनलाई जनाउने भए तापनि यसले कविताका सन्दर्भमा भने देशको राजनीतिक एवम् सामाजिक चालढाल वा छाँटकाँटलाई सङ्केत गरेको छ । कविताको सिङ्गो भावभूमि निर्माण गर्न प्रयुक्त : अन्याय र अत्याचार, त्याग र उत्सर्ग, बलिरहेको आगो झैँ रातो, क्रान्ति र परिवर्तन, शान्ति, श्रीमान्, लाटो नागरिक, तपाईंहरूको रङ्गीन भाषा, कालो सहरको पहेँलो बत्ती, शान्तिको विशाल पोखरी, जीवनको रङ्ग, भोकको रङ्ग, अराजकताको रङ्ग आदि पदपदावलीहरूलाई दृष्टिगत गर्दा अति गूढव्यङ्ग्यको

प्रस्तुति भएको यस कवितामा राजनीतिक एवम् सामाजिक विषयवस्तु नै प्रतिपाद्य विषयका रूपमा रहेको तथ्य स्पष्ट हुन्छ ।

प्रस्तुत कविता आयामका दृष्टिले केवल बाह्र वटा पङ्क्तिपुञ्जमा संरचित लघुसंरचनाको रहेको छ । यस लघुसंरचनामा पनि चार/चार वटा पङ्क्तिमा आबद्ध तीन वटा पृथक् तर अन्तर्सम्बन्धित प्रसङ्ग र विचार समेटिएका तीन वटा अभिव्यञ्जना सन्दर्भ सुशृङ्खलित रूपमा रहेका छन् । कविताको समग्र संरचनाबाट निःसृत अभिव्यञ्जनालाई क्रमबद्ध रूपमा निम्नबमोजिम विवेचना गरिएको छ :

प्रस्तुत कविताका निम्नलिखित प्रथम चार पङ्क्तिमा रङ्गहरूको प्रतीकात्मक प्रयोगबाट ध्वनि सिर्जना गरिएको छ :

कालो हुन्छ अन्याय र अत्याचारको रङ्ग
भन्छन्, पहेँलो हुन्छ त्याग र उत्सर्गको रङ्ग
बलिरहेको आगो झैँ रातो भनिन्छ क्रान्ति र परिवर्तन
शान्ति समुद्रझैँ नीलो र गहिरो हुन्छ भन्छन् । (११२)

कविताका उल्लिखित पङ्क्तिपुञ्जमा कालो रङ्गलाई अन्याय र अत्याचारको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ र त्यसबाट अन्याय र अत्याचारको अन्धता, पीडकतालाई व्यञ्जित गरिएको छ भने पहेँलो रङ्गलाई त्याग र उत्सर्गको प्रतीकका रूपमा प्रस्तुत गर्दै त्यसका सहायताले त्याग र उत्सर्गको चमकता, आकर्षकता र महान्तालाई ध्वनित गरिएको छ । त्यसैगरी रातो रङ्गलाई क्रान्तिको प्रतीकका रूपमा प्रस्तुत गरी त्यसबाट क्रान्तिको उग्रता एवम् दाहकतालाई व्यञ्जित गरिएको छ भने नीलो रङ्गलाई शान्तिको प्रतीकका रूपमा लिई शान्तिको स्थिरता, व्यापकता र गहनतालाई व्यञ्जित गरिएको छ । देशको तात्कालिक राजनीतिक, सामाजिक पृष्ठभूमिलाई हेर्दा जनमत सङ्ग्रहमा पञ्चायती व्यवस्थाको सङकेतका रूपमा पहेँलो रङ्ग र बहुदलीय व्यवस्थाको सङ्केतका रूपमा नीलो रङ्गको प्रयोग गरिएकाले यी रङ्गहरूबाट यहाँ पनि ती पक्षहरू र तिनका निहितार्थको सङ्केतन भएको छ । त्यसै गरी कालो रङ्गले देशमा व्याप्त अन्याय, अत्याचार र रातो रङ्गले क्रान्तिको आशयलाई ध्वनित गरेका छन् । कविताका उक्त चार पङ्क्तिमा सुशृङ्खलित रूपमा ध्वन्यार्थको विशिष्ट अन्वय कायम भएको छ । यसमा प्रयुक्त प्रथम पङ्क्तिले अन्याय र अत्याचारको उत्पीडनकारी अस्तित्वलाई सङ्केत गर्दै देशमा विद्यमान त्यस्तै अवस्थालाई इङ्गित गरेको छ भने

त्यसपछिका पङ्क्तिहरूमा पञ्चायती व्यवस्थाको देखावटी त्याग र उत्साह, देशमा क्रान्ति र परिवर्तनको सम्भावना र आवश्यकता अनि प्रजातन्त्रका पक्षधरले देखाएको शान्तिको बाटोलाई सूक्ष्म सङ्केत गरिएको छ । यसका साथै प्रस्तुत प्रकरणबाट अन्याय र अत्याचारबाट उन्मुक्तिका लागि त्याग र उत्सर्गपूर्ण क्रान्तिको अपरिहार्यता र त्यसबाट हुने परिवर्तनबाट मात्र दिगो शान्ति कायम हुने भाव पनि व्यञ्जित भएको छ । कालो पछि पहैँलो, रातो, नीलो रङ्गको क्रमिक सन्दर्भको उल्लेखनबाट परिवर्तनको शाश्वत पक्षलाई समेत उद्घाटन गर्दै समाजको विद्यमान स्थितिको परिवर्तनको सम्भावना पनि ध्वनित भएको छ ।

कविताका उपर्युल्लिखित प्रथम चार पङ्क्तिमा समाज परिवर्तनको उक्त शाश्वत पक्षको ध्वनन गरिसकेपछि दोस्रो चार पङ्क्तिमा देशको विद्यमान राजनीतिक एवम् सामाजिक विसङ्गतिको सन्दर्भलाई निम्नानुसार अभिव्यञ्जित गरिएको छ :

श्रीमान् ! बुझ्केन यहाँको लाटो नागरिकले
तपाईंहरूको रङ्गीन भाषा थोरै पनि बुझ्केन
कालो सहरको पहैँलो बत्तीमा हिँड्दा
शान्तिको विशाल पोखरीमा डुबेका छन् धेरै नागरिकहरू । (११२)

कविताको यस प्रकरणमा अघिल्लो प्रकरणमा प्रस्तुत गरिएको रङ्गहरूको निहितार्थलाई पृष्ठभूमिमा राख्दै श्रीमान् सम्बोधनद्वारा व्यञ्जित तात्कालिक शासकहरूको बोली र व्यवहारको अन्तरलाई सोझा नेपाली जनताले बुझ्न नसकेको आशय व्यञ्जित भएको छ । यस प्रकरणबाट त्याग र उत्साहको द्योतक पहैँलो रङ्गको प्रतिनिधित्व दर्साएर व्यवहारमा भने अन्याय र अत्याचार गरिरहेको पञ्चायती शासन व्यवस्थामा नेपाललाई शान्ति क्षेत्र घोषणा गरिए तापनि त्यो शान्ति शासक वर्गमा मात्र सीमित रहेको र बहुसङ्ख्यक नागरिकहरू भने उत्पीडनको सिकार भइरहेको अवस्थाको अभिव्यञ्जना भएको छ ।

प्रस्तुत कविताको अन्तिम चार पङ्क्तिमा अघिल्लो प्रसङ्गको पृष्ठाधारमा टेकेर समस्याग्रस्त जनजीवनको अभिव्यञ्जना निम्नानुसार गरिएको छ :

भन्नुस्, कस्तो हुन्छ तिनीहरूको जीवनको रङ्ग ?
कस्तो हुन्छ तिनको भोकको रङ्ग ?
कस्तो हुन्छ त्यहाँ फैलिएको

अराजकताको रङ्ग ?     (११२)

कविताका उल्लिखित पङ्क्तिहरू समग्र कवितात्मक अभिव्यक्तिको निष्कर्षका रूपमा रहेका छन् । समाज परिवर्तनको शाश्वत पक्ष, शासन व्यवस्थामा निहित रूप र सारमा व्याप्त असङ्गति र सीमित शासक वर्गको मात्र हितरक्षा हुने र बहुसङ्ख्यक नागरिकहरू शासक वर्गको उत्पीडन भोग्न बाध्य भएको पृष्ठभूमिमा विद्यमान समस्याग्रस्त जनजीवनको यथार्थ यसमा व्यञ्जित छ । अन्याय र अत्याचारको उत्कर्षबाट नै क्रान्तिले जन्म लिने भएकाले नागरिकहरूका चाहना, आवश्यकता र समस्याहरूको यथोचित सम्बोधन नगरी सत्तास्वार्थमा सीमित हुँदा आउनसक्ने सम्भावित अराजकतालाई यसले सङ्केत गरेको छ ।

निष्कर्षतः प्रस्तुत कविताले जनमत सङ्ग्रहकालीन नेपालको राजनीतिक एवम् सामाजिक परिवेशलाई विषयवस्तु बनाई त्यस परिवेशमा विद्यमान विसङ्गत पक्षहरूलाई अभिव्यञ्जित गरेको छ । जनमत सङ्ग्रहमा पञ्चायती शासन व्यवस्थाले पहेँलो रङ्गको प्रतिनिधित्वमार्फत त्याग र उत्साहको सङ्केत गर्न खोजे पनि त्यो देखावटी मात्र भएको र व्यवहारका भने त्यसले कालो रङ्गले दर्शाउने अन्याय अत्याचार गरिरहेको, पञ्चायती व्यवस्थामा बहुसङ्ख्यक नागरिक अशान्त र उत्पीडित अवस्थामा रहेको, नीलो रङ्गको प्रतिनिधित्व गर्ने प्रजातान्त्रिक व्यवस्थाबाट मात्र देशमा व्यापक र स्थिर शान्ति कायम हुने, देशको जनजीवन गरिबी, अभाव, अन्याय, अत्याचार आदिबाट ग्रसित रहेकाले त्यसबाट मुक्तिका निम्ति नागरिकहरूले सम्भावित विद्रोह(अराजकता)को बाटो अवलम्बन गर्नसक्ने सूक्ष्म सङ्केतको भावाभिव्यञ्जना यस कविताबाट भएको छ ।

### ४.२.४. 'देश दृश्य' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*तपाईंहरू मार्फत* कविता सङ्ग्रहमा सङ्गृहीत 'देश दृश्य' कविताको रचना २०४४ सालमा भएको हो । प्रस्तुत कविताले नेपालमा तात्कालिक समयमा विद्यमान परिवेशलाई विषयवस्तु बनाएको छ । यसमा देशको दृश्य झल्काउने तात्कालिक सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक क्षेत्रमा विद्यमान कमीकमजोरी तथा विकृति-विसङ्गतिहरूलाई विभिन्न बिम्बहरूको प्रयोगबाट व्यञ्जित गरिएको छ ।

प्रस्तुत कविताको पहिलो प्रसङ्गमा प्रयुक्त बिम्बहरू : शोक सन्तप्त पर्वत, भागिरहेका नदीहरू र निरन्तर लुकिरहेको सूर्यले पर्वतीय क्षेत्रसम्बद्ध सम्भावनाहरूलाई मूर्तरूप दिन नसक्दा पीडाग्रस्त बनेको त्यहाँको जनजीवन, जलसम्पदाको सदुपयोग गर्न नसक्दा त्यो त्यसै खेर गइरहेको,

नदीनालाहरू बेचिइरहेको र देशले ऊर्जा सङ्कट भोग्न विवश रहेको विडम्बनापूर्ण अवस्थाको अभिव्यञ्जना रहेको छ । त्यसका साथै 'कुष्ठरोगीका औँलाझैँ पात र क्रमशः हाँगा झरिरहेका रूखहरू'का बिम्बबाट देश परिधिबाट केन्द्रतिर क्रमशः कमजोर बन्दै गइरहेको अवस्था ध्वनित भएको छ । जाति, भाषा, धर्म, संस्कृति आदिको विविधतायुक्त देश नेपालको राष्ट्रियता र राष्ट्रिय एकता कमजोर बन्दै गइरहेको र यसको प्रतिष्ठामा समेत आँच आएको सन्दर्भ 'सुगन्ध गुमाइरहेको फूलको सानो बगैँचा' बिम्बले व्यञ्जित गरेको छ । देशमा व्याप्त सङ्कट निवारकका रूपमा भरोसा गरिएका शक्तिहरू संवेदनाहीन बन्न पुगेको, देशमा अभिव्यक्ति स्वतन्त्रताजस्ता मौलिक हकअधिकारमाथि बन्देज लगाइएको, सांस्कृतिक मूल्यमान्यता एवम् मानवीय संवेदनामा स्खलन आएका कारण विकृति, विसङ्गतिहरू बढिरहेको तात्कालिक अवस्थालाई यस कवितामा व्यञ्जित गरिएको छ । देशको विद्यमान शिक्षा पद्धति धरातलीय यथार्थ र आवश्यकतामुखी हुन नसक्दा अव्यावहारिक बन्न पुगेको र गलत सिकाइ भइरहेको, देशका बहुसङ्ख्यक जनता संलग्न रहेको कृषि क्षेत्रको विकासका लागि ठोस परिणाममुखी कदम चाल्न नसक्दा किसानहरू केवल देखाइएका आश्वासन र सपनामा बाँच्न बाध्य रहेको र देशका अगुवाहरू भने भाषण छाँट्नमै व्यस्त रहेको विसङ्गत अवस्थाको अभिव्यञ्जना यस कवितामा रहेको छ । यी सबै विकृति, विसङ्गतिहरूको द्रष्टा जनताले भने समस्यामुक्तिको अभियानमा जागरुक भएर जुट्नुको साटो निरीह बनेर टुलुटुलु हेरिरहेको निराशाजनक स्थितिको चित्रण ध्वन्यात्मक रूपमा यस कवितामा गरिएको छ ।

निष्कर्षतः 'देश दृश्य' कविताले पञ्चायती शासन व्यवस्थाको अन्त्यतिरको नेपालको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि क्षेत्रसम्बद्ध कमीकमजोरीहरूलाई बिम्बव्यञ्जनाका माध्यमबाट प्रस्तुत गरेको छ । यस कविताले मुख्य रूपमा देशमा उपलब्ध प्राकृतिक स्रोत तथा सम्पदाहरूको सदुपयोग गर्न नसकी विकासमा पछि परेको, देशको राष्ट्रियता र एकता कमजोर बन्नुका साथै वैदेशिक हस्तक्षेप बढ्नाले राष्ट्रको अस्तित्वमा चुनौती सिर्जना भएको, नागरिहरूका आधारभूत मौलिक हकअधिकारमाथि प्रतिबन्ध लगाइएको, संस्कृति, परम्परा र मूल्यमान्यताहरूमा विचलन आएको, शिक्षा तथा कृषि क्षेत्र अनेक विकृतिले ग्रसित रहेको, देशका नीतिनिर्देशकहरू केवल स्वप्निल योजना र नाराहरू पस्कनमा मस्त रहेको र जनताहरू निराश र किंकर्तव्यविमूढ अवस्थामा रहेको यथार्थोद्घाटन गर्दै देशमा विद्यमान निराशाजनक अवस्थालाई ध्वनन गरेको छ ।

### ४.२.५. 'छाला' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*तपाईंहरू मार्फत* कविता सङ्ग्रहमा सङ्गृहीत 'छाला' शीर्षकको कविताको रचना २०४२ सालमा भएको देखिन्छ । कविता रचनाको उक्त समयसन्दर्भको सङ्केतन र ध्वन्यार्थ निर्धारणमा त्यसको प्रत्यक्ष उपस्थिति यस कवितामा नदेखिए तापनि त्यस समयमा विद्यमान शासन व्यवस्था र त्यसबाट सिर्जित समस्या, अव्यवस्था र अशान्तियुक्त अवस्थाको पृष्ठभूमि प्रस्तुत कविताको कथ्य निर्माणको आधारका रूपमा रहेको तथ्य भने स्पष्ट देख्न सकिन्छ । दलविहीन पञ्चायती शासन व्यवस्थाको उत्तरार्द्धतिरको त्यस समयमा उक्त व्यवस्थाका विरुद्धका गतिविधिहरू बढ्दै गरेको, आफूविरुद्धका उक्त गतिविधिहरूमाथि निगरानी र नियन्त्रणका क्रूर-कठोर कदमहरू शासकपक्षबाट चालिएका, आफ्नो सत्तास्वार्थ पूर्तिहेतु जनतालाई अनेक भ्रममा पार्दै भुल्याउन खोजिएको र जनताका युगीन आवश्यकता र चाहनाहरूको सम्बोधन गरी देश र जनतालाई उन्नति र विकासको पथमा अग्रसर गराउनुको विपरीत निरङ्कुश र स्वेच्छाचारी तवरले राज्य सञ्चालन भइरहेको विद्यमान राजनीतिक तथा सामाजिक पृष्ठभूमि र वामपन्थी राजनीतिक झुकाव एवम् संलग्नतायुक्त कविको समाजसञ्चेतना र भोगाइको जगबाट निर्मित कथ्य नै यस कविताको व्यञ्जनावस्तुका रूपमा रहेको छ ।

'छाला' कविता कविप्रौढोक्तियुक्त एकालापीय समाख्यानात्मक संरचनामा सङ्गठित छ । यसमा सम्बोधक समाख्याता प्रथम पुरुष एकवचन 'म' पात्र रहेको छ भने सम्बोधित पात्रका रूपमा तृतीय पुरुष एकवचन उच्च आदरार्थीयुक्त 'तपाईं' को प्रयोग गरिएको छ । समाख्याताद्वारा सादरसम्बोधित उक्त पात्रले छालाको व्यापार गरेको, सम्बोधकको छालालाई जुत्ता बनाउने प्रयास गरेको, मानिसको छालालाई तरबारको म्यानको खोल बनाउने कार्य गरेको, छाला उतार्नका लागि अनेक त्रास देखाएको, आफ्नो ब्रिफकेसको गोप्यता ढाक्न समाख्याताको छालाको प्रयोग गर्न लागेको, आफूले बाँध्ने कम्मरपेटी या आफ्नो पैसा राख्ने थैली या सौख पूरा गर्न सजाइएको बैठकको चित्तलको छालाझैं उपयोग गर्न खोजेको, आदि व्यञ्जनात्मक सन्दर्भबाट उक्त सम्बोधित पात्र तात्कालिक शासकवर्गीय उत्पीडक चरित्रको प्रतिनिधि र समाख्याता चाहिँ शासकीय उत्पीडनको प्रतिरोधी चरित्रको प्रतिनिधि पात्र भएको कुरा स्पष्ट हुन्छ ।

शरीरको बाह्य पत्रका अभिधेयार्थमा प्रयोग हुने 'छाला' लाई चेतना र संवेदनाका व्यञ्जनार्थमा प्रयोग गरिएको प्रस्तुत कविताले असमानता, शोषण एवम् उत्पीडनको विद्यमानता र त्यस विरुद्धको विद्रोही चेतनाको जागरणलाई व्यञ्जित गरेको छ । शासक वर्गले जनताको कमजोर

चेतनास्तरको फाइदा उठाउँदै उनीहरूलाई अलमल्याएर आफ्नो पैतालामुनि राख्ने र शोषण एवम् उत्पीडन थोपर्ने दुष्कार्य गरेको हुँदा आफ्नो वैयक्तिक स्वतन्त्रता, समानता र अस्तित्वको रक्षाका लागि उक्त दुष्कार्यको प्रतिरोध गर्नुपर्छ भन्ने भाव व्यञ्जित गरेको छ । यसमा मानवीय संवेदनाका दृष्टिले सबै मान्छे समान हुने भए तापनि यस्तो भावनाका विपरीत मान्छेबाटै मान्छेलाई शोषण, उत्पीडन गरी शक्तिशालीले शक्तिहीनलाई वस्तुसरह आफ्नो स्वार्थमा प्रयोग गरेको र उसको अस्तित्वमा समेत सङ्कटको सिर्जना हुन पुगेको भाव अभिव्यक्त भएको छ । सोभ्rा, निमुखा जनतालाई त्रास वा भ्रममा पारी प्राप्त गरेको समर्थनलाई प्रजातान्त्रिक प्रक्रियाबाट प्राप्त जनअनुमोदनका रूपमा प्रस्तुत गरी आफ्नो कर्तुत ढाकछोप गर्ने गरिएको सन्दर्भ उद्घाटन गर्दै त्यस्ता दुष्कार्यको डटेर प्रतिरोध गरिने दृढता व्यक्त गरिएको छ । यस कवितामा आफ्ना नाजायज सौख र विलासी आवश्यकता पूर्तिका लागि समेत निम्नवर्गीय जनतामाथि अन्याय, अत्याचार, शोषण र दमन गर्ने र गलत प्रचारबाजीद्वारा जनतालाई विद्यमान व्यवस्थाका समर्थनमा अभिप्रेरित गर्ने शासकहरूको दुष्कार्य र सामन्ती प्रवृत्तिलाई ध्वन्यात्मक रूपमा व्यक्त गरिएको छ । निष्कर्षतः प्रस्तुत कविताले शासकवर्गबाट भइरहेको विभेद, अन्याय, अत्याचार, शोषण एवम् उत्पीडनबाट मुक्तिका लागि शोषित एवम् उत्पीडित वर्गले स्वचेतना र विवेकको प्रयोग गरी दृढताका साथ प्रतिरोध गर्नुपर्छ भन्ने अभिप्राय व्यञ्जित गर्नुका साथै त्यसका लागि तयारी भैसकेको सङ्केत समेत ध्वनित गरेको छ ।

## ४.३. *लयब्रह्म* (२०६०) सङ्ग्रहका कविताहरूमा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

यस उपशीर्षकअन्तर्गत प्रस्तुत सङ्ग्रहका कविताहरूको रचनागत समय र परिवेशका पृष्ठभूमिका आधारमा यस सङ्ग्रहका 'लुतो', 'दःस्वप्न', 'रातको हुम्ला', 'सम्भ्रान्त' र 'विकास पण्डित' शीर्षकका कविताहरूको प्रकरणाश्रित्र ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

### ४.३.१. 'लुतो' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*लयब्रह्म* कविता सङ्ग्रहमा सङ्गृहीत 'लुतो' शीर्षकको कविता समयगत दृष्टिले हेर्दा २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् लेखिएको हो । यस कविताको विषवस्तु भने तात्कालिक परिवेशका साथै मानवीय चरित्र एवम् प्रवृत्तिगत कमजोरीसँग बढी सम्बद्ध रहेको छ । तात्कालिक अवस्थामा विद्यमान परिवेशका गर्भमै यस कविताको जन्म भएको हुँदा यसको ध्वन्यार्थ आफ्नो धरातलीय यथार्थप्रति पनि लक्षित हुनु स्वाभाविक छ । त्यसैले प्रस्तुत कविताबाट तात्कालिक

अवस्थामा विद्यमान राजनीतिक एवम् सामाजिक परिवेशका साथै आम मानवीय कमजोरीका रूपमा देखिने आत्मकेन्द्रीयता र सङ्कीर्ण मानसिकताको अभिव्यञ्जना भएको छ ।

सामान्यार्थमा लुतो एक प्रकारको चर्मरोग हो । छालामा ससाना बिमिरा देखापर्नु र बिमिरा भएको भागमा असाध्यै चिलाउनु यस रोगका लक्षण हुन् । लुतो लागेपछि रोगी कन्याउनमा तन्मय रहन्छ । यसरी कन्याउँदा क्षणिक आनन्दानुभूति भए पनि त्यसले न त रोगी तृप्त हुन्छ न त रोग नै निको हुन्छ । त्यस प्रकारको कन्याइले छालामा घाउ नै बन्न पुग्छ र सङ्क्रमणसमेत बढ्न पुग्छ । लुतोको यही अर्थहीन र घातक कन्याइ र त्यसप्रतिको तन्मयता वा केन्द्रिततायुक्त विशेषता नै यस कवितामा व्यञ्जनार्थमा प्रयोग भएको छ र अमूक विचार वा दृष्टिकोणका वशमा परेको पात्र वा प्रवृत्तिको अवस्थालाई लुतोको उक्त वैशिष्ट्यसँग आरोपण गरिएको छ । मानिस विवेकशील प्राणी भएकाले हरेक मानिस आफ्नो विवेक, बुद्धि, सोच, विचार आदिबाट निर्देशित हुनु बिलकुल स्वाभाविक हो तर मानिसको विवेक र बुद्धिको स्वतन्त्र सत्तालाई नियन्त्रण गर्ने गरी अमूक विचार वा दृष्टिकोणलाई आत्मसात् गर्नु र त्यसैमा सीमाबद्ध भई आफ्ना दिमागी सिर्जनशीलता र सम्भावनाहरूलाई निस्तेज गर्नु सामान्य कुरा होइन । मानिसको यही विवेक स्वतन्त्रतामा नियन्त्रण गर्ने, आत्मकेन्द्री बन्ने र अर्थहीन विषयहरूमा रमाउने वा अलमलिने प्रवृत्तिलाई प्रस्तुत कवितामा लुतोका प्रतीकात्मक अर्थमा प्रस्तुत गरिएको छ ।

लुतो कविताले ध्वन्यात्मक रूपमा दुई वटा अर्थ वा आशयलाई व्यञ्जित गरेको छ । सामान्यीकृत रूपमा यसले सङ्कीर्ण सोच र आत्मरतिमा रमाउने आम मानवीय कमजोरीलाई व्यङ्ग्य गरेको छ भने विशिष्टीकृत रूपमा हेर्दा प्रतिपादित अमूक विचार वा वादको ओड लिएर आफ्नो श्रेष्ठता साबित गर्न खोज्ने र वस्तुगत यथार्थलाई बेवास्ता गर्दै आत्मरतिमा डुबेर निरर्थक विषयहरूमा अल्झिने नेपाली राजनीतिक दलहरूको चरित्रलाई व्यङ्ग्य गरेको छ ।

मानिस चेतनशील सामाजिक प्राणी भएकाले ऊ सृष्टिका अन्य प्राणीभन्दा श्रेष्ठ मानिन्छ । चेतना, बुद्धि, विवेक आदि हरेक दृष्टिले उन्नत भए तापनि मानिस आफैँमा अपूर्ण प्राणी नै हो । सृष्टिका यावत् रहस्य र सत्यको बोधका निम्ति न त मानिसका इन्द्रियहरू नै पर्याप्त छन् न उसको एउटा जीवनावधि नै । त्यसो त मानिसले अहिलेसम्म आर्जन गरेको ज्ञान पनि सार्वकालिक र सार्वस्थानिक सत्य होइन । तर वास्तविकताको यस पाटोलाई चटक्कै बिर्सेर मै ठीक छु र मैले भनेको नै हुनुपर्छ भन्ने अर्घेल्याइँ गर्न मान्छे अघि सर्छ । अझ अमूक विचार वा दृष्टिकोणको पक्षपोषण गर्नेहरू त झन् सान्दर्भिकता र औचित्यको ख्यालै नगरी सबै विषयलाई त्यसै विचारका

कसीमा जाँच्न खोज्दछन् । यसरी उनीहरू निर्दिष्ट विचार वा दृष्टिकोणका वशमा परी अवस्तुवादी र सङ्कीर्ण बन्न पुग्छन् । यस्ता मानिसहरू आग्रही हुने भएकाले आफ्नो सोच र धारणालाई सर्वोत्कृष्ट र अरूको सोचाइलाई निकृष्ट ठान्दछन् । आफ्नो निर्दिष्ट मान्यताको सीमाभन्दा बाहिरका हरेक विषयसन्दर्भ यिनका लागि निषिद्ध हुन्छन् । कुनै पनि प्रतिपादित विचार मानिसकै इन्द्रियको उपज भएकाले त्यो पनि एकाङ्गी र अपूर्ण नै हुन्छ तर त्यस्ता विचारद्वारा निर्देशित मानिस त्यसैका सीमाभित्र दुनियाँलाई हेर्ने भएकाले त्यसभित्र नसमेटिने विषयहरू जतिसुकै महत्त्वका हुने भए पनि उनीहरूका लागि त्याज्य हुन्छन् । यस्ता मानिसहरू लुतो रोगीले कन्याउनमै मस्त भएर अरू सबै कुरालाई बेवास्ता गरेजस्तै आफ्नो निर्देशित विचारभित्रै रमाउने हुँदा यी एकोहोरो, एकलकाँटे र असामाजिक बन्दछन् । यही मानवीय कमजोरीगत पक्षलाई यस कविताले सामान्यीकृत रूपमा व्यञ्जित गरेको छ ।

यस कविताको रचनासमय र परिवेशको पृष्ठभूमिलाई हेर्दा 'लुतो' कविताले देशमा तात्कालिक अवस्थामा विद्यमान राजनीतिक एवम् सामाजिक चरित्रमाथि पनि व्यङ्ग्य गरेको छ । २०४६ सालमा पञ्चायती व्यवस्थाका विरुद्धमा एक ढिक्का भएर आन्दोलनमा होमिएका नेपाली राजनीतिक दलहरू उक्त आन्दोलनको सफलतापश्चात् भने आपसमा आरोपप्रत्यारोपमा उत्रनु, दलहरूभित्र अनेक गुटउपगुट सिर्जना हुनु र दल नै अनेक टुक्रामा विभाजन हुनु आदि घटनाहरू सामान्य बन्दै गएको पाइन्छ । यसरी विभाजित हुनेहरूले आफूलाई राष्ट्रभक्त र अरूलाई राष्ट्रघाती, आफूलाई सिद्धान्तनिष्ठ र अरूलाई गद्दार देख्नु अनि कतिपय अर्थहीन र गौण विषयसन्दर्भमा समेत अनावश्यक रूपले अल्झिएर अत्यावश्यक विषयमा केन्द्रित हुनबाट विचलित हुनु लुतोकन्याइमा रोगीको भोगाइजस्तै औचित्यहीन र घातक परिणाम दिने दृष्टान्त हुन् । त्यति मात्र होइन लुतोकन्याइमा मग्न रोगीले अरू सबै कुरालाई बेवास्ता गरेजस्तै ती राजनीतिक दलहरूमा पनि आफ्नो पृष्ठभूमि, समृद्ध परम्परा, मूल्यमान्यता आदिप्रति उदासीनता देखिएको भाव यस कवितामा अभिव्यक्त भएको छ । समान आदर्श र दृष्टिकोणबाट निर्देशित सङ्गठनहरू समेत अमर्यादित तवरले एकले अर्कालाई गिराउन अग्रसर हुनु र आफूलाई उत्तम र अरूलाई अधम साबित गर्न खोज्नु 'लुतो' पदद्वारा सङ्केतीत आत्मकेन्द्री र सङ्कीर्ण प्रवृत्तिकै प्रतिफल हो र त्यो निरर्थक र आत्मघाती प्रवृत्ति हो भन्ने आशय यस कविताबाट अभिव्यञ्जित भएको छ । यसरी प्रस्तुत कविताले एकातिर आफूलाई केन्द्रमा राख्ने मानवीय प्रवृत्ति र अर्कोतर्फ आत्मकेन्द्री र सङ्कीर्णतामा रमाइरहेका तात्कालिक राजनीतिक दलहरूको चरित्रलाई सशक्त रूपले अभिव्यञ्जित गरेको छ ।

### ४.३.२. 'दुःस्वप्न' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*लयब्रह्म* कविता सङ्ग्रहमा सङ्गृहीत 'दुःस्वप्न' शीर्षकको कविता २०५२ सालमा नेपाल कम्युनिस्ट पार्टी माओवादीले सुरु गरेको सशस्त्र सङ्घर्ष र त्यसले निम्त्याएको युद्ध र अशान्तिको परिवेशलाई विषवस्तु बनाएर लेखिएको कविता हो । उक्त पार्टीले सशस्त्र सङ्घर्षको थालनी गरेसँगै देशको आन्तरिक सुरक्षा व्यवस्थापनको जिम्मेवारी सम्हालिरहेको तात्कालिक नेपाल प्रहरीसँग उसको भिडन्त सुरु भयो । आक्रमणका लागि अनुकूल स्थानका प्रहरी चौकीहरूमा हमला गर्ने र हतियार नियन्त्रणमा लिने कार्यलाई माओवादी पार्टीले तीव्रतासाथ अघि बढायो । माओवादी आक्रमणमा देशका विभिन्न स्थानका थुप्रै प्रहरीचौकी ध्वस्त भए र धेरै प्रहरीहरूले ज्यान गुमाए । ती आक्रमणहरूमा तुलनात्मक रूपमा सफलता प्राप्त गरेसँगै माओवादीको मनोबल बढ्न पुग्यो भने नेपाल प्रहरी रक्षात्मक बन्दै गयो । सरकार र विद्रोहीबीच यसक्रममा भएका वार्ता र सहमतिका प्रयासहरू पनि सफल हुन सकेनन् । माओवादी शक्तिले सङ्गठन र क्षमताको तीव्र विस्तार गरिरहेको र सङ्घर्ष चर्कँदै गरेको समयमा अकल्पनीय राजदरबार हत्याकाण्ड हुन पुग्यो । उक्त काण्डमा तात्कालिक राजा वीरेन्द्र शाहलगायत उनको सिङ्गो परिवारको हत्या भएपछि उनका माइला भाइ अधिराजकुमार ज्ञानेन्द्र शाह नयाँ राजा घोषित भए । देशमा बढ्दो हिंसात्मक विद्रोहलाई दमन गर्न सङ्कटकालको घोषणा गरी सेना परिचालन गरियो । सरकारी सुरक्षा फौजका रूपमा रहेका शाही नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सामूहिक शक्ति माओवादी विद्रोह दबाउन परिचालित भयो र देश भयानक युद्ध र रक्तपातको अवस्थामा पुग्यो । बन्द, हडताल, अपहरण, आक्रमण, भिडन्त आदिबाट सिर्जित भय, त्रास र आतङ्कका कारण जनजीवन निकै कष्टकर बन्न पुग्यो । माओवादी द्वन्द्वकालको भय र आतङ्कयुक्त उक्त परिवेशलाई नै प्रस्तुत कविताले अभिव्यञ्जनाको विषय बनाएको छ ।

प्रस्तुत कवितामा प्रयुक्त 'दुःस्वप्न' शीर्षकले अभिधेयार्थमा खराब ठानिएको वा डरलाग्दो सपना र खराब इच्छा तथा कामनालाई जनाउँछ । यिनै आशयसँग सम्बद्ध रही देशले डरलाग्दो सपनाको जस्तो अवस्था भोगिरहेको र खराब इच्छा वा चाहनाबाट प्रेरित भई त्यस्तो स्थितिको सिर्जना गरिएको भन्ने आशय प्रस्तुत कवितामा उक्त शीर्षकबाट व्यञ्जित भएको छ ।

प्रस्तुत कविताको संरचना विभिन्न प्रसङ्ग समेटिएका सातवटा अनुच्छेदबाट सङ्गठित छ । उक्त अनुच्छेदहरूमा देशमा हत्याहिंसा र रक्तपातका घटनाहरू भइरहेको, पुलपुलेसालगायतका भौतिक संरचनामा क्षति पुऱ्याइएको, निहत्था नागरिकहरू हिंसा र आतङ्कको दोहोरो मारमा परेको,

बदलाको भावना व्याप्त भएको, बन्द-हडतालका कारण जनजीवन कष्टकर बनेको, सङ्कटकालीन कर्फ्यु आदेश जारी भएको र निषेधित क्षेत्र घोषणा गरिएको, यात्राका क्रममा हुने जाँच/परीक्षणले सास्ती दिएको, गाउँ युवाविहीन भएको र बूढाबूढीहरू सहाराविहीन, निराश र आतङ्कित भएर बाँचिरहेका, जहाँ पनि बम, एम्बुस आदि विस्फोट हुनसक्ने भएकाले असुरक्षा बढेको, हुलाक, टेलिफोन आदि सञ्चारसेवा अवरुद्ध पारिएको, सेना-प्रहरीहरूका श्रीमतीहरू आफ्ना पतिका जीउज्यानमा आउनसक्ने खतराका कारण चिन्तित, भयभीत र त्रसित भएर बाँचिरहेको, अपहरण र हत्याका घटनाहरू बढेको, विगतमा कहिल्यै भोग्न नपरेको हिंसा र अशान्ति देशले अहिले भोगिरहेको र देशका हिमाली र पहाडी जिल्लाहरूमा विद्रोहीपक्षबाट भएका ठूला आक्रमणका कारण सुरक्षा नेतृत्वमा गम्भीरता देखिएको र सेनाका सर्वोच्च कमान्डरका भूमिकामा रहेका राजा ज्ञानेन्द्र समेत क्रुद्ध बनेको आशय यस कविताले अभिव्यञ्जित गरेको छ । कविताका प्रत्येक अनुच्छेदको अन्तमा प्रयुक्त 'अब के-के हुने हो !' भन्ने अभिव्यक्तिबाट देशमा व्याप्त भय र आशङ्कायुक्त परिवेशका साथै विद्यमान सङ्कट थप जटिल र अनिश्चित बन्दै गएको अवस्था ध्वनित भएको छ ।

समग्रतः प्रस्तुत कविताले २०५२ देखि २०६२ सम्म चलेको माओवादी सशस्त्र सङ्घर्ष र युद्ध चरमावस्थामा पुगेको र देशमा सङ्कटकालको घोषणा गरी सेना परिचालन गरिएको समयसन्दर्भलाई व्यञ्जित गरेको छ । त्यससन्दर्भमा देशमा विद्यमान हत्याहिंसा, अपहरण, आक्रमण, बन्द, हडताल आदिबाट सिर्जित भय, आतङ्क, असुरक्षा र अशान्तियुक्त परिवेशको चित्रणका साथै सम्भावित जटिलता र सङ्कटको अनिश्चयताको सङ्केतको ध्वनन कविताबाट भएको छ ।

### ४.३.३. 'रातको हुम्ला' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

हुम्ला जिल्ला नेपालको मध्यपश्चिम क्षेत्रको कर्णाली अञ्चलमा पर्ने हिमाली जिल्ला हो । हिमाली जिल्ला भएकाले डाँडाकाँडा, भीरपखेरायुक्त भिरालो भूधरातल र ठण्डा हावापानी हुनु यहाँको भौगोलिक एवम् पर्यावरणीय विशेषता हुन् । कृषियोग्य भूमि र कृषिका लागि पर्यावरणीय अनुकूलताको कमीका कारण यहाँका बासिन्दाहरूका लागि खाद्यस्रोतमा आत्मनिर्भरता प्राप्त गर्न सहज छैन । पशुपालन र जडीबुटीसम्बन्धी व्यवसाय यस क्षेत्रका प्रमुख आयस्रोत हुन् । तर सहरबजारसँगको सडकसम्पर्क र यातायातको असुविधाका कारण उनीहरूको निर्भरता रहेका उक्त व्यवसाय फस्टाउन र फलदायी हुन सकिरहेका छैनन् । भौगोलिक र पर्यावरणीय कारणले खाद्यस्रोतमा आत्मनिर्भर हुन नसक्नु र सडकसञ्जाल र यातायातको असुविधाका कारण व्यवसाय प्रवर्द्धन हुन नसक्नुका कारण यहाँको जनजीवन निकै अभाव र समस्याबाट ग्रस्त छ । राज्यकेन्द्रबाट

दूरस्थ र विकट क्षेत्र भएका कारण यहाँको उन्नति र विकासका ढोका खोल्न चुनौतीपूर्ण त छँदैछ अझ राज्यबाट यस क्षेत्रको विकासलाई प्राथमिकता नदिइनु, त्यसका लागि तत्परता नदेखाइनु र उपेक्षा गरिनुले यहाँको जनजीवन जर्जर बन्दै जानुका साथै यहाँका प्रचुर सम्भावनाहरू पनि ओझेलमा परेका छन् । यसरी प्राकृतिक सम्पन्नता भए पनि आर्थिक विपन्नताले सताइएका अनि विकास र उन्नतिका दृष्टिले निकै पछि परेका हुम्लाबासीहरूको कष्टपूर्ण जीवनावस्था र त्यहाँको भौगोलिक, सामाजिक, आर्थिक परिवेशको सजीव चित्रण यस कविताले ध्वन्यात्मक रूपमा गरेको छ ।

प्रस्तुत कवितामा प्रयुक्त 'रातको हुम्ला' शीर्षकले अभिधेयार्थमा रात्रीकालीन अवस्थाको हुम्ला भन्ने आशय जनाउँछ भने कवितामा वर्णित विषयका सन्दर्भमा भने यसले रात्रीकालीन अन्धकारजस्तै कष्टकर र अन्योलग्रस्त अवस्थायुक्त हुम्ला भन्ने आशय ध्वनित गरेको छ । ठूला नदीहरूबाट घेरिएको र भिराला ठूलाठूला पहाड र हिमालहरूबाट बनेको भूबनोट अनि ठण्डा हावापानीका कारण सिर्जित प्रतिकूलता र चुनौतीहरूको सामना गरेर जीवन चलाउनु यहाँको विवशता हो । देशको सडकसञ्जालले नछोइएको र सिमानाका नदीहरूमा पुलको निर्माण हुन नसकेका कारण देशको अन्य भूभागसँग सहज सम्पर्कको सुविधाबाट हुम्लाबासीहरू वञ्चित छन् । यातायातको एक मात्र विकल्पका रूपमा रहेको हवाई यातायात पनि सर्वसुलभ र सर्वसाधारणका लागि पहुँचयोग्य छैन । यसरी सडक आदि बाह्य सम्पर्कमाध्यमको अभावका कारण अत्यावश्यक सरसामानहरू आयात गर्न सक्ने अवस्था पनि नरहेको र गाँस, बास, कपास आदिमा पनि आत्मनिर्भर हुन नसकेको हुँदा त्यहाँको जनजीवन सीमातीत कष्ट र सङ्कटग्रस्त रहेको छ भन्ने आशय यस कवितामा व्यञ्जित छ ।

सरकारी प्रतिनिधिका रूपमा हुम्लामा पुग्ने नेता तथा कर्मचारीको प्रवृत्ति र व्यवहार निराशाजनक रहेको आशय यस कवितामा व्यञ्जित छ । उनीहरूले आफूलाई आधुनिक, सभ्य र श्रेष्ठ ठान्ने गरेको र हुम्लीहरूलाई पुरातन, असभ्य र हेय ठानी व्यवहार गर्ने गरेको, राज्यको उपस्थिति केवल प्रशासनिक रूपमा र सी.डी.ओ. कार्यालयको परिधिमा मात्र सीमित रहेको, हुम्लामा पुग्ने कर्मचारीले आफूलाई कोलम्बससरह साहसी र उन्नत दुनियाँबाट आएको ठान्ने र सान देखाउने गरेको, सरकारले हुम्लीहरूका लागि अनुदानका रूपमा पठाएको रासनमा अनियमितता र भ्रष्टाचार गर्ने गरेको, घुसखोर र भ्रष्टाचारी कर्मचारीहरूले नै उल्टै हुम्लाबासीहरूलाई सुशासनको भाषण सुनाउने गरेको आदि विकृति-विसङ्गतियुक्त सन्दर्भहरूबाट हुम्लामा सरकारको उपस्थिति

कमजोर रहेको र त्यहाँ पुग्ने नेता तथा कर्मचारीहरूको दृष्टिहीन, भ्रष्ट र गैरजिम्मेवार प्रवृत्ति र व्यवहारका कारण त्यहाँको जनजीवन सङ्कटग्रस्त बन्न पुगेको आशय व्यञ्जित भएको छ ।

हुम्लामा अवश्य पनि भौगोलिक-प्राकृतिक जटिलताहरू छन् परन्तु त्यहाँ त्यत्तिकै सम्भावनाहरू पनि छन् । प्राकृतिक सौन्दर्य र मनोरम वातावरण अनि अनेकौँ जटिलता र सङ्कटसँग जुध्दै आफ्नै गतिमा अघि बढिरहेको शान्त, सरल जीवनशैली यहाँको आकर्षक पक्ष हो । सांस्कृतिक/परम्परागत पक्ष, आर्थिक पक्ष र पारिवारिक पक्षबाट सिर्जित अनेकौँ झमेलाहरूले माथि उठ्नमा व्यवधान खडा गरे तापनि यहाँका नारीहरू आजीविकाको सङ्घर्षमा पुरुषसँगै अघि बढिरहेका छन् । आफूले अनेकौँ कष्ट सहेर भएपनि हुम्लाबासीहरूले राडीपाखी, बख्खु आदि स्थानीय उत्पादनको व्यापारबाट राजश्व संकलन गरी राज्यका लागि आर्थिक योगदान गरिरहेका छन् तर राज्यले भने तिनका लागि परिणामदायी कुनै काम गर्न सकिरहेको छैन भन्ने आशय यस कविताबाट व्यञ्जित भएको छ ।

हुम्लाका बालबालिकाका लागि स्वास्थ्य र पोषण, शिक्षा र सुरक्षा, स्याहार र सरसफाइको उचित प्रबन्ध हुन सकेको छैन । यी भविष्यका कर्णधारहरूको भविष्यप्रति राज्य उदासीन देखिन्छ । यहाँको जनजीवन नेपालको बाँकी भूभागको भन्दा निकै पछौटे र दयनीय अवस्थामा रहेको छ । आफ्नै देशभित्र हुम्लाबासीहरू निरीह र राज्यविहीनजस्ता बनाइएका छन् । यसो हुँदाहुँदै पनि उनीहरूले हरेस खाएका छैनन् र सुखद भविष्यप्रति आशावादी छन् । हुम्ला जब सडकसञ्जालसँग जोडिन्छ र यहाँको स्थानीय उत्पादनको व्यावसायिक प्रवर्द्धन हुन्छ तब यसका दुःखका अँध्यारा दिनहरू सकिँदै जान्छन् । यही सुखद भविष्यको लागि हुम्लीहरूले कष्टकर वर्तमानमा सङ्घर्ष गरिरहेका छन् भन्ने आशावादी दृष्टिको भावाभिव्यञ्जना प्रस्तुत कवितामा भएको छ ।

समग्रतः 'रातको हुम्ला' कविताले हुम्लाको भौगोलिक विकटता, पर्यावरणीय प्रतिकूलता, राज्यको उपेक्षा र उदासीनता, कर्मचारीतन्त्रको गैरजिम्मेवार र भ्रष्ट प्रवृत्ति, विकासका पूर्वाधारहरूको अभाव आदि कारणले हुम्लाबासीहरूले असीम कष्ट र सङ्कट भोग्नु परेको छ । रोग, भोक, अशिक्षा र गरिबीले ग्रस्त भए तापनि त्यहाँको जनजीवन शान्त, सरल र आशावादी जीवनदृष्टिका साथ अघि बढिरहेको छ । त्यहाँ प्रचुर सम्भावनाहरू रहेका छन् । हुम्ली नागरिकहरूले चरम कष्ट भोगेरै पनि राजश्वमार्फत राज्यलाई सघाएका छन् र राज्यले पनि जिम्मेवार तवरले हुम्लाबासीहरूको पौरख र परिश्रमको व्यावसायिक विकास र बजारसम्मको पहुँच विस्तारको पहल

गर्न सकेमा त्यहाँका दुःखका दिन समाप्त हुनेछन् भन्ने आशावादी भावको ध्वनन प्रस्तुत कविताले सशक्त रूपमा गरेको छ ।

### ४.३.४. 'सम्भ्रान्त' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

प्रस्तुत कविताले नेपालको राजनीतिक इतिहासको एउटा महत्त्वपूर्ण घटनाका रूपमा रहेको सक्रिय राजतन्त्रलाई पुनर्स्थापित गर्ने राजा ज्ञानेन्द्र शाहको प्रतिगमनकारी कदम र त्यसविरुद्ध भइरहेको आन्दोलनको समयलाई सङ्केत गरेको छ । २०५९ साल असोज १८ गते तात्कालिक प्रधानमन्त्री शेरबहादुर देउवाको मन्त्रीमण्डल बर्खास्त गरी राजा ज्ञानेन्द्रले संवैधानिक राजतन्त्रलाई सक्रिय राजतन्त्र बनाउने कार्यको सुरुवात गरेका थिए । संवैधानिक प्रावधान विपरीत चालिएको यस कदमलाई तात्कालिक प्रमुख राजनीतिक दलहरूले प्रतिगमनको संज्ञा दिई त्यसलाई सच्याउनका लागि आन्दोलनको घोषणा गरेका थिए । उक्त आन्दोलन क्रमशः सशक्त बन्दै गई अन्ततः तात्कालिक राजा ज्ञानेन्द्रको अधिनायकतन्त्रको पतन हुनुका साथै नेपालको शताब्दीऔँ लामो राजतन्त्रको समेत अन्त्य भएको थियो । उक्त शक्तिशाली आन्दोलनको समय र परिवेशमा लेखिएको, त्यस आन्दोलनको प्रमुख निशानाका रूपमा रहेको निरङ्कुश राजतन्त्रलाई नै विषयवस्तु बनाइएको र आन्दोलनको सफलताको सङ्केतसमेत गरिएकाले प्रस्तुत कविता ध्वन्यात्मकताका साथै ऐतिहासिकताका दृष्टिले समेत महत्त्वपूर्ण रहेको छ ।

प्रस्तुत कविताको शीर्षकका रूपमा प्रयुक्त सम्भ्रान्त शब्दले सोझो अर्थमा कुलीन र बाटो बिराएको गरी दुई वटा अर्थ द्योतन गर्ने भए तापनि कविताका विषयसन्दर्भमा भने यस शब्दले ती दुवै अर्थलाई समेट्दै तात्कालिक राजा र राजतन्त्रलाई ध्वनित गरेको छ । कुलीन र प्रतिष्ठित पनि भएको र संवैधानिक सीमा उल्लङ्घन गरी बाटो पनि बिराएकाले तात्कालिक राजा र राजतन्त्रप्रतिको यसको व्यञ्जना सार्थक र औचित्यपूर्ण रहेको छ । यस कवितामा व्यक्त व्यञ्जनार्थ तात्कालिक राजा र राजतन्त्रका साथै तानाशाहहरूको आम प्रवृत्ति र विशेषतासँग पनि सम्बद्ध रहेको छ ।

'सम्भ्रान्त' कवितामा सम्बोधक 'म' र सम्बोधित 'ऊ' पात्रको प्रयोग गरी एकालापीय समाख्यानात्मक कथन ढाँचाको प्रयोग गरिएको छ । कवितामा अभिव्यक्त कथ्यानुसार सम्बोधक पात्र आन्दोलनरत समूहमा र सम्बोधित पात्र आन्दोलनको निशानामा रहेको अवस्था छ । आन्दोलनरत भीड बढ्दै गइरहेको र त्यस आन्दोलनको निशानाका रूपमा रहेको सम्बोधित पात्र एक्लिँदै गइरहेको आशय कवितामा व्यक्त गरिएको छ र त्यस्तो अवस्थामा रहेको सम्बोधित पात्रको अवस्था र

मनोदशाको चित्रण कवितामा गरिएको छ । यसै सन्दर्भमा प्रस्तुत कविताबाट आम तानाशाहहरू सशङ्कित, भयभीत, जोखिमपूर्ण र एक्लिएको जीवनावस्थामा रहन्छन् भन्ने व्यञ्जनाका माध्यमले अधिनायकतन्त्र लाद्न खोजेर बाटो बिराएका तात्कालिक नेपाली राजाको हालत पनि सोही अवस्थामा रहेको आशय ध्वनित भएको छ । तानाशाहरूको पतनको इतिहासलाई हेर्दा आफ्नो परिवार, अङ्गरक्षकबाट पनि उनीहरू सुरक्षित नरने र सुरक्षाघेराभित्रै समेत तिनीहरूको हत्या हुनसक्ने भय र आशङ्काबाट तानाशाहरू गुज्रिरहेका हुन्छन् । जुनसुकैबेला आफ्नो पद-प्रतिष्ठा गुम्ने र आफ्ना सारथी, सहयोगीहरूले साथ छोड्न सक्ने कुराले उनीहरू तनावग्रस्त हुन्छन् । उनीहरूका लागि आफ्नो सर्वोच्चता, विशिष्टता, रवाफ र देशदेशावर भ्रमणादि पनि आनन्ददायक बन्न सक्दैनन् र तनावमुक्तिका लागि नसाको शरणमा पुग्न विवश हुन्छन् । यसरी तानाशाहहरूको जीवन सदा आफूबाहेक अरू सबैप्रति आशङ्कायुक्त, आत्मविश्वासरहित, भयग्रस्त र तनावग्रस्त अवस्थामा हुन्छ र त्यही बाटोमा तात्कालिक राजा पनि हिँडिरहेको आशय ध्वनित भएको छ । नेपाली राजतन्त्र निकै बूढो भइसकेको र युगानुकूल यसको प्रभावोत्पादकता पनि नरहेको, राजाले चालेको गलत कदमका कारण उनी एक्लिँदै गएको र उनका त्यस दुष्कार्यका विरुद्धको आन्दोलन सशक्त बन्दै गइरहेकाले उनी पराजय नजिक रहेको आशय कवितामा व्यञ्जित छ ।

समग्रतः प्रस्तुत कविताले आम तानशाहहरूको एक्लिएको, विक्षिप्त र पतनोन्मुख जीवनावस्थाको ध्वनन गर्नुका साथै प्रजातन्त्र मास्ने गलत कार्य गरेर बाटो बिराएका तात्कालिक राजा ज्ञानेन्द्र पनि त्यस्तै अवस्थाबाट गुज्रिरहेको, सक्रिय राजतन्त्र पुरानो व्यवस्था भएको, यसको समयसान्दर्भिकता र प्रभावोत्पादकता पनि कमजोर बन्दै गएको र उनले चालेको गलत कदमका कारण उनको र राजतन्त्रकै भविष्यसमेत सङ्कटमा परेको आशय ध्वनित गरेको छ । राजाको प्रतिगमनकारी कदमका विरुद्धमा आन्दोलनको उभार आइरहेको, कवि-कलाकारको पनि त्यसमा सहभागिता रहेको र आन्दोलनको शक्ति र समर्थन बढ्दै गएको हुँदा एक्लिँदै गएका र मानसिक रूपमा पराजित भैसकेका तत्कालिन राजाको पतनोन्मुख र ह्रासोन्मुख अवस्थाको अभिव्यञ्जना प्रस्तुत कविबाट सशक्त रूपमा भएको छ ।

### ४.३.५. 'विकास पण्डित' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

*लयब्रह्म* कविता सङ्ग्रहमा सङ्गृहीत 'विकास पण्डित' शीर्षकको कविता नेपालमा सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग सम्बन्धित विकृति, विसङ्गतिहरूप्रति व्यङ्ग्य गरिएको कविता हो । विकासमा पछि परेका देशका गरिबी, अशिक्षा, रोग, भोक, बेरोजगारी

आदि समस्याले ग्रसित जनसमुदायको जीवनस्तर उकास्न र सिङ्गो देशको विकासमा योगदान दिन त्यस्ता संस्थाहरू सञ्चालित हुन्छन् । ती संस्थाहरूको कामको प्रभावकारिता देशको सुशासन, नियमनकारी निकायको उचित व्यवस्था, सामाजिक सचेतना आदि पक्षहरूद्वारा निर्दिष्ट रहन्छ । उक्त पक्षहरू कमजोर भएका सन्दर्भमा भने ती संस्थाहरूले विकास कार्यमा परिणामदायी भूमिका निर्वाह गर्न सक्दैनन् र त्यहाँ अनेक विकृति, विसङ्गतिहरू सिर्जना हुन पुग्छन् । नेपालका सन्दर्भमा पनि देशको अस्थिर राजनीतिक व्यवस्था, बढ्दो दण्डहीनता, सुशासनको अभाव, फितलो नियमन व्यवस्था आदि विविध कारणले गर्दा विकासका नाउँमा सञ्चालित गैरसरकारी संस्थाहरू विकासको परिणाम दिन तुलनात्मक रूपमा सफल हुन नसकेको बरु जागिर खाने र कमाउधन्दा गर्ने सजिलो माध्यम बन्न पुगेको सन्दर्भ नै प्रस्तुत कविताको व्यञ्जना विषय बनेको छ ।

प्रस्तुत कवितामा प्रयुक्त 'विकास पण्डित' शीर्षकले विकासका निम्ति सञ्चालित तर विकासको पाण्डित्य प्रदर्शनमा सीमित विभिन्न गैरसरकारी संस्था र तिनका सञ्चालक/प्रतिनिधिहरूलाई व्यञ्जित गरेको छ । विभिन्न कार्यक्रम लिएर गाउँघरमा पुग्ने यस्ता संस्थाका प्रतिनिहरूको गरिबीका बारेमा तयार पारिएका विदेशी ग्रन्थहरू, श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन गरेर गरिबीको पाठ पढाउने, केके न गर्ला जस्तो देखाउने र अरूलाई भ्रममा पारेर देशका महँगा सहरहरूमा घरघडेरी जोड्नेजस्ता नितान्त निजी स्वार्थ सिद्ध गर्ने प्रवृत्ति र कार्यलाई यस कविताले ध्वनन गरेको छ । यस्ता संस्थासम्बद्ध व्यक्तिहरूले विदेशी छात्रवृत्ति हत्याउने ध्येयले देखावटी क्षेत्रअध्ययन प्रतिवेदनहरू तयार गर्ने, आफैँले बोकेर हिँडेका विकासका अवधारणाहरूलाई व्यवहारमा प्रयोग गर्नुको साटो त्यसविपरीत कार्य गर्ने, लैङ्गिक असमानताका विरुद्ध लडने कुरा गर्ने तर व्यवहारले भने भट्टी पसलमा पुगेर यौन दुराचार गर्ने जस्ता बोली र व्यवहारमा उल्टो सम्बन्ध देखिने काम गर्ने, डलरका उन्मादले जाँडरक्सी सेवन, यौन दुराचार आदि विकृति, विसङ्गतिमा संलग्न हुने, राजधानीलगायत सुविधासम्पन्न सहरमा स्वास्नी छोराछोरी राखेर तिनको पठनपाठन आदिका लागि आर्थिक स्रोत जुटाउन विकासका नाउँमा आफ्नो झोला भर्न गाउँ पस्ने, क्षेत्रअध्ययन कार्य गरेको प्रमाणित गर्ने फोटो खिच्न र बनावटी तथ्याङ्क सङ्कलन गर्न गाउँ पुग्ने र आफ्नो जागिर बचाउनका लागि चाकडी, चाप्लुसी र देखावटी आत्मीयता प्रदर्शन गर्ने गरेको आशय यस कविताबाट अभिव्यञ्जित भएको छ ।

समग्रतः प्रस्तुत कविताले नेपालमा सञ्चालित विकासे संस्थाहरू आफ्नो निर्दिष्ट लक्ष्यप्रति उदासीन र विचलित अवस्थामा रहेको, यस्ता संस्थाहरू विकासका नाउँमा कमाइ खाने मेलो बन्दै

गएका, यस्ता संस्थाहरूका कारण विविध विकृति, विसङ्गतिहरू फैलिएका र यस्ता संस्थाहरूले विकासका नाउँमा गरीबहरूलाई ठगिरहेका छन् भन्ने आशय ध्वनित गरेको छ ।

## ४.४. *हतारमा यात्रा* (२०६८) सङ्ग्रहका कविताहरूमा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

यस उपशीर्षकअन्तर्गत प्रस्तुत सङ्ग्रहका कविताहरूको रचनागत समय र परिवेशका पृष्ठभूमिका आधारमा यस सङ्ग्रहका 'हतारमा यात्रा', 'मैला कपाडामा विद्यार्थी', 'हत्याराको आत्मालाप', 'खराब समय' र 'नित्य प्रार्थना' शीर्षकका कविताहरूको प्रकरणाश्रित ध्वन्यार्थको विवेचना निम्नानुसार गरिएको छ :

### ४.४.१. 'हतारमा यात्रा' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

'हतारमा यात्रा' कविता सशस्त्र क्रान्तिका माध्यमबाट देशमा जनवादी गणतन्त्रको स्थापना गर्ने भनी हतियार उठाएको माओवादी पार्टी आफ्नो निर्धारित लक्ष्यमा नपुग्दै लोकतान्त्रिक गणतन्त्रको सम्झौतामा हतियार बिसाउन बाध्य भएको समय र परिवेशमा रचना गरिएको हो । कवितामा वर्णित विषयलाई नै शीर्षकका रूपमा प्रयोग गरिएको यो कविता तात्कालिक परिवेशका आधारमा मात्र ध्वनि निर्धारण हुने कविता हो । त्यसैले प्रस्तुत कविताको शीर्षकले सामान्यार्थमा विनातयारी हडबडमा गरिएको जुनसुकै यात्रालाई जनाउने भए तापनि यसको रचनागत पृष्ठभूमि, देशमा विद्यमान तात्कालिक परिवेश र कविको प्रगतिवादी वैचारिक धरातलका आधारमा हेर्दा यस शीर्षकले पूर्वतयारी र सुझबुझपूर्ण ढङ्गले नभएको र गन्तव्यमा नपुग्दै बीचैमा अलमलिएको माओवादी विद्रोहयात्रालाई ध्वनित गरेको छ ।

बलपूर्वक शासनसत्ता कब्जा गर्ने र देशमा जनवादी गणतन्त्र स्थापना गर्ने भनी सशस्त्र युद्धको बाटोमा अघि बढेको तात्कालिक नेकपा माओवादीको विद्रोहयात्रा विवेकपूर्ण तयारी र सम्यक योजनाका साथ नभई हतारमा अघि बढेको र त्यसैको परिणामस्वरूप कष्टपूर्ण, अन्योलग्रस्त र गन्तव्यहीन बन्न पुगेको छ भन्ने विचार यस कविताबाट व्यञ्जित भएको छ । वस्तुसङ्गत योजना, आवश्यक पूर्वतयारी र सुझबुझका साथ नगरिएको यात्रामा धेरै आवश्यक पूर्वाधारहरू छुट्ने हुँदा गन्तव्यसम्म पुग्न असम्भव हुन्छ । प्राप्य लक्ष्यको निर्धारण, त्यसको प्राप्तिको उचित मार्गको ज्ञान, आफ्नो पृष्ठभूमि, परम्परा, संस्कृति, सामाजिक एवम् मानवीय सम्बन्धजन्य पक्षहरू, मित्रशक्तिहरूसँगको सम्बन्ध, आपतकालीन सहाराको उचित बन्दोबस्त आदिको ख्याल नगरिकनै

थालिएको कुनै पनि यात्रा टुङ्गोमा पुग्न नसक्ने र माओवादीले थालेको विद्रोहयात्रामा पनि उल्लिखित पक्षहरूमा यथोचित ध्यान नपुऱ्याइएकाले उक्त यात्रा अन्योलपूर्ण र गन्तव्यहीन बन्न पुगेको छ भन्ने विचार यस कविताबाट ध्वनित भएको छ । हडबडमा अघि बढ्दा कष्ट बेहोर्नु परेको, मित्रशक्तिहरूले धैर्य गर्न भनी दिएको सुझावलाई बेवास्ता गरेको र अग्रजहरूबाट विद्रोहकौशलको जानकारी नै नलिइकन अघि बढ्दा माओवादी विद्रोह गतिहीन, सहाराहीन, दृष्टिहीन भई अलपत्र अवस्थामा पुगेको, आफ्नो अस्तित्वरक्षाका पूर्वाधारतर्फ होस नपुऱ्याएकाले अस्तित्वसङ्कट भोगिरहेका, सुरक्षित अवतरण गर्न कठिन रहेको र माओवादी विद्रोहबाट सही अर्थमा क्रान्तिको यात्रा नै हुन नसकेको भन्ने विचार यस कविताले व्यञ्जित गरेको छ ।

'हतारमा यात्रा' कविताबाट समग्रमा सशस्त्र क्रान्तिका माध्यमबाट सत्ताप्राप्त गरी जनवादी गणतन्त्रको स्थापना गर्ने लक्ष्यका साथ थालिएको माओवादी विद्रोह विवेकपूर्ण योजना र आवश्यक पूर्वतयारीविना नै अघि बढेकाले बीचैमा अलपत्र अवस्थामा पुगेको र गन्तव्यहीन बन्न पुगेको, यसको सुरक्षित अवतरण र अस्तित्वरक्षामा समेत चुनौती रहेको र उक्त विद्रोहबाट वास्तवमा क्रान्तिको यात्रा हुन नसकेको आशय व्यञ्जित भएको छ ।

### ४.४.२. **'मैला कपडामा विद्यार्थी' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ**

*हतारमा यात्रा* कविता सङ्ग्रहमा सङ्गृहीत प्रस्तुत कविता वि.सं. २०६२/०६३ मा भएको जनआन्दोलनको परिवेशमा लेखिएको हो । त्यसैले यस कवितामा उक्त जनआन्दोलनमा रहेको विद्यार्थीहरूको सक्रियतालाई विषयवस्तु बनाइएको छ । यस विषवस्तुअनुरूप कविताको शीर्षकले विद्यार्थीहरू सरसफाइ आदि आफ्नो सामान्य दैनिकीलाई समेत पर्वाह नगरी लोकतन्त्र प्राप्तिको आन्दोलनमा व्यस्त रहेको अवस्थालाई व्यञ्जित गरेको छ ।

नेपालमा लोकतन्त्रको स्थापनाका लागि भएका आन्दोलनहरूमा विद्यार्थीहरूको निकै महत्त्वपूर्ण योगदान रहेको छ । आफ्नो नियमित पठनपाठन, अध्ययन-अनुसन्धानमा क्रियाशील रहनुपर्ने विद्यार्थीहरू उक्त कार्यलाई थाती राखेर लोकतन्त्र प्राप्तिको सङ्घर्षमा तल्लीन रहेको अवस्थालाई प्रस्तुत कविताले व्यञ्जित गरेको छ । लोकतान्त्रिक आन्दोलनमा सक्रिय विद्यार्थीहरूले किसान, मजदुर लगायत समाजका श्रमजीवी वर्गको आवाज मुखरित गरेको र लोकतान्त्रिक हकअधिकारको प्राप्तिका लागि आन्दोलनमा सक्रिय रहेको भाव यस कविताबाट व्यञ्जित भएको छ । आन्दोलनमा सक्रिय विद्यार्थीहरू अरूको सहयोग, समर्थन र प्राप्त चन्दारकमबाट आफ्नो दैनिक गुजारा चलाउँदै अविचलित रूपमा भित्तेलेखन, पर्चाबाजी, सडकआन्दोलन, नाराजुलुश

आदिमा व्यस्त रहेको र त्यसक्रममा आइपर्ने जस्तासुकै चुनौतीहरूको सामना गर्न तयार रहेको स्थितिलाई कविताले ध्वनित गरेको छ । आन्दोलनमा घाइते भएका विद्यार्थीहरू टाउकोमा कफन बाँधेरै सक्रिय रहेका र युवा विद्यार्थीहरूको यस्तो समर्पण देखेर लोकतन्त्र प्राप्तिका विषयमा नेताहरू आशावादी रहेको परन्तु तात्कालिक सत्ता र सरकारले भने यसको भेउ पाउन नसकेको भाव यस कविताबाट ध्वनित भएको छ ।

'मैला कपडामा विद्यार्थी' कविताले समग्रतः लोकतन्त्र प्राप्तिको आन्दोलनमा विद्यार्थीहरूको उच्च सक्रियता, व्यस्तता, त्याग र समर्पण, उनीहरूले समाजका किसान, श्रमिक, मजदुर वर्गको आवाजको प्रतिनिधित्व गरिरहेको, उक्त आन्दोलनमा उनीहरूले जनताको साथ, सहयोग र सहानुभूति प्राप्त गरिरहेको, उनीहरूको यस्तो समर्पण देखेर आन्दोलनको सफलतामा नेताहरू आशावादी रहेको र त्यसका लागि केही समय प्रतीक्षा गर्नुपर्ने अवस्था रहेको तर तात्कालिक सरकारले यस सत्यलाई बुझ्न नसकेको अभिप्राय ध्वनित भएको छ ।

### ४.४.३. 'हत्याराको आत्मालाप' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

कवि श्यामलको 'हत्याराको आत्मालाप' कविता नेपालमा जनवादी क्रान्ति गर्ने लक्ष्यका साथ सशस्त्र विद्रोहमा हिँडेको तात्कालिक नेकपा माओवादी ठूलो मात्रामा जनधनको क्षति भएसँगै अन्ततः उक्त हिंसात्मक बाटो छाडेर शान्ति प्रक्रियामा सामेल भएपश्चात् लेखिएको हो । उक्त समयसन्दर्भ, कविको वैचारिक-राजनीतिक पृष्ठभूमि र कवितामा उल्लिखित निर्दोष शिक्षक, पत्रकार, हुलाकी आदि मारिएको; क्रान्ति बीच बाटोमै टुङ्गिएको आदि सन्दर्भले माओवादी विद्रोहका कमजोर, कुरूप पक्षलाई नै प्रस्तुत कवितामा व्यञ्जना विषय बनाइएको तथ्य स्पष्ट हुन्छ ।

प्रस्तुत कविताको शीर्षक 'हत्याराको आत्मालाप' स्वयम् ध्वन्यात्मक रहेको छ । यसले अभिधेयार्थमा हत्या गर्ने जुनसुकै व्यक्तिको आत्मालापलाई जनाए पनि प्रस्तुत कवितामा हत्याराले आफ्नो क्रान्तिपथमा अवरोधक ठानिएका शिक्षक, पत्रकार, हुलाकी आदि निर्दोष नागरिकहरूको हत्या गरेको र क्रान्ति बीचैमा टुङ्गिएको सन्दर्भ उल्लेख भएकाले तात्कालिक परिवेशका पृष्ठभूमिमा उक्त शीर्षकले सामान्यार्थमा हिंसात्मक बाटोबाट शान्ति प्रक्रियामा आएका माओवादीहरूको र विशिष्टार्थमा तिनका नेतृत्वको आत्मालापलाई ध्वनित गरेको छ ।

'हत्याराको आत्मालाप' कवितालाई सूक्ष्म आख्यानात्मक रूपले प्रस्तुत गरिएको छ । कविताको समाख्याताको रूपमा रहेको 'म' पात्रले शिक्षक, हुलाकी, पत्रकार र उसलाई क्रान्तिपथमा

अवरोधक लागेका अरूअरू मानिसहरूलाई हत्या गरेको कुरा स्वीकार गरेको छ । यस सन्दर्भमा घमण्डी, अटेरी भएको र बच्चाहरूलाई खराब पाठ पढाएको आरोपमा शिक्षकको हत्या गरिएको, उनीहरूसँग नसोधीकन आफ्नै सुरले हिँडेको र क्रान्तिको कोलाहलबीच गम्भीर र भद्र व्यक्तित्व शङ्कास्पद भएकाले हुलाकीको हत्या गरिएको, युद्धकालमा प्रश्न सोध्न हुन्न भन्ने जान्दाजान्दै ठाउँकुठाउँ निर्भीकतासाथ प्रश्न तेर्स्याएकाले पत्रकारको हत्या गरिएको र मारिएका अरू मानिसहरू त्यस्तो खास कारण नभए पनि क्रान्तिपथमा अवरोधक लागेकाले तिनको पनि हत्या गरिएको हत्याराको स्वीकारोक्ति कवितामा अभिव्यक्त भएको छ । परन्तु यसरी हत्या गरिएका व्यक्तिहरू नै हत्याराको सपनामा उसको बाटो छेकिरहेका, लामोलामो सास फेरिरहेका, शिर ठाडो पारिरहेका, केही लेखिरहेका, केही बोलिरहेका देखिन्छन् र के तिनीहरू मरेकै छैनन् वा मरिकन पनि ब्युँझिए भन्ने प्रश्न उसका मनमा उठेको छ । यति छिटै बीच बाटोमै क्रान्ति सकियो त भन्ने प्रश्नका साथै आफूले सपनामा किन क्षमा माग्ने गरेको छ भन्ने प्रश्न उसले आफैँलाई सोधेको छ र यसमा ऊ निरुत्तर छ । यसरी कवितामा आख्यानात्मक रूपमा आएका घटनाक्रमहरूलाई गहिरिएर हेर्दा तात्कालिक परिवेशमा हिंसात्मक विद्रोहका क्रममा माओवादीद्वारा मारिएका शिक्षक, पत्रकार, हुलाकी आदि निर्दोष एवम् निहत्था नागरिकहरू मारिनुको औचित्य पुष्टि नभएको विचार यस कवितामा ध्वनित भएको छ । आत्मकेन्द्री दृष्टि, आशङ्का, युद्धोन्माद र स्वेच्छाचारी प्रवृत्तिबाट निर्देशित भई त्यस्ता अमानवीय घटनाहरू भएको र तिनलाई समेत क्रान्तिको नाउँमा औचित्ययुक्त सावित गर्न खोजिएको आशय पनि यस कवितामा ध्वनित भएको छ । हत्या गरिएका निर्दोष नागरिकहरूको हत्याको औचित्य सिद्ध गर्न नसक्दा मृतकहरूउपर श्रद्धा र सहानुभूति खैँचिएको र ती सत्य र जीवन्त बन्न पुगेका, क्रान्तिका नाउँमा अवलम्बन गरिएको हिंसात्मक बाटो बीचमै छाडेर शान्तिको पथमा ओर्लनुपर्दा आफूले हिँडेको पुरानो बाटो स्वतः गलत सिद्ध भएको र यसबाट कर्ताहरूमा गम्भीर भूल महसुस भएको, हीनताबोध गरिरहेको र उनीहरूको आत्माले क्षमायाचना गरिरहेको आशय कवितामा ध्वनित भएको छ ।

समग्रतः प्रस्तुत कविताले नेपालमा नेकपा माओवादीले दश वर्षसम्म चलाएको हिंसात्मक विद्रोहका क्रममा उनीहरूले कैँयन निर्दोष शिक्षक, पत्रकार, हुलाकी आदि नागरिकहरूको हत्या गरेको र हत्याको औचित्य सिद्ध गर्न नसकेको, गम्भीर अमानुषिक र आपराधिक प्रकृतिका हिंसात्मक कार्य समेत क्रान्तिका नाउँमा गरिएका, हतियारका बलमा स्वेच्छाचारितालाई प्रवर्द्धन गरिएको, क्रान्तिका लागि अवलम्बन गरिएको बाटो गलत भएकाले अन्ततः हतियार छाड्न बाध्य भएको र हिंसात्मक विद्रोहका क्रममा गरिएको गम्भीर मानवीय क्षतिको औचित्य सिद्ध गर्न नसक्दा तथाकथित

क्रान्तिकारीहरू क्षमायाचना गरिरहेको र आत्मग्लानिमा जलिरहेको अनि उनीहरूले गरेको क्रान्ति एउटा गम्भीर ठट्टाका रूपमा मात्र रहेको आशय अभिव्यञ्जित गरेको छ ।

### ४.४.४. 'खराब समय' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित निहित ध्वन्यार्थ

प्रस्तुत कविता व्यवस्था परिवर्तनका लागि देशमा भएको राजनीतिक आन्दोलनको समयसन्दर्भलाई पृष्ठभूमिमा राखेर लेखिएको छ । नेपालको राजनीतिक इतिहासमा पटकपटक ठूला आन्दोलनहरू भएका छन् । पछिल्लो समयलाई दृष्टिगत गर्दा सं. २०५० को दशकमा भएको माओवादी सशस्त्र विद्रोह, राजतन्त्रले आफ्नो संवैधानिक सीमा नाघेर सक्रिय राजतन्त्रमा प्रवेश गरेको र त्यसका विरुद्ध २०६२/०६३ मा माओवादी सहित देशका प्रमुख राजनीतिक दलहरूको नेतृत्वमा भएको निर्णायक जनआन्दोलन नेपालको राजनीतिक इतिहासका उल्लेखनीय घटनाहरू हुन् । समावेशी लोकतान्त्रिक गणतन्त्रको स्थापना उक्त आन्दोलनको मूल उद्देश्य रहेको थियो । देशमा केन्द्रीकृत शासन प्रणाली र निरङ्कुश राजतन्त्रात्मक अवस्था रहेकाले राजपरिवार र त्यससँग आबद्ध प्रभूत्वशाली वर्गले मात्र राज्यशक्तिको प्रयोग र लाभ लिइरहेकाले यस्तो व्यवस्थाका विरुद्ध भएको जनआन्दोलन उत्कर्षतिर अग्रसर रहेको र तात्कालिक राज्यसत्ता र राज्यशक्तिबाट लाभ लिइरहेको वर्ग हतास हुँदै गरेको सन्दर्भ नै प्रस्तुत कविताको व्यञ्जना विषयका रूपमा रहेको छ ।

प्रस्तुत कविताको 'खराब समय' शीर्षकले जनचाहना र युगीन आवश्यकताका आधारमा उठेका राजनीतिक माग र तिनको पूर्तिका लागि उठेका जनआवाज एवम् जनसङ्घर्षलाई नकारात्मक दृष्टिले हेर्ने सामन्तवादी दृष्टिकोणलाई ध्वनित गरेको छ । कुनै पनि सङ्घर्षमा सङ्घर्षरत पक्ष र त्यसको निसानामा परेको संस्थापन पक्ष परस्पर विपरीत ध्रुवमा रहने भएकाले एउटा लाई सही लाग्ने विषय अर्कालाई गलत लाग्नु स्वाभाविकै हो । त्यसैले उल्लिखित शीर्षकले तात्कालिक सत्तापक्ष र परिवर्तन विरोधीहरूका लागि गलत सावित भएको त्यही समय सङ्घर्षरत पक्षका लागि भने बढी उपयुक्त र फलदायी भएको भाव समेत ध्वनित गरेको छ ।

प्रस्तुत कविता लगभग उत्रै लमाइगत आयामका छ वटा अनुच्छेदगुच्छमा विन्यस्त निबन्धात्मक स्वरूपमा संरचित छ । कवितामा दरबारका छिमेकीहरूलाई कथ्यको विषयकेन्द्र बनाइएको छ र कविताको पृष्ठभूमि र सन्दर्भलाई हेर्दा उक्त पदावलीले बसोवास राजदरबार नजिकै भएका, राजसंस्थाप्रति आस्थावान् एवम् त्यसबाट लाभान्वित र त्यसैकारण आफूलाई उच्च, कुलीन र शक्तिसम्पन्न ठान्ने वर्गलाई ध्वनित गरेको छ । कविताको पहिलो अनुच्छेदमा दरबारका छिमेकी पदावलीले ध्वनित गरेको उक्त राजदरबारको आसेपासे वर्ग आर्थिक दृष्टिले ह्रासोन्मुख स्थितिमा

रहेको भए तापनि पुर्ख्यौली वैभवको विरासतले त्यसलाई ढाकछोप गर्ने आडम्बरी र अहमग्रस्त रहेको र असङ्गत जीवन बाँचिरहेको, देशमा हुने राजनीतिक परिवर्तन आदिबाट सदा त्रसित, राजदरबारप्रति बढी आशा राख्ने तर दरबारबाटै उपेक्षित, आफूलाई उच्च र वैभवशाली देख्ने र दुनियाँलाई गिराएर हेर्ने प्रवृत्तिको रहेको आशय ध्वनित भएको छ । दोस्रो अनुच्छेदमा उक्त वर्गले ठालुपन र विलासी जीवनको चाहना राख्ने गरेको तर विरोधीहरूका क्रियाकलापका कारण सदा त्रासमा रहने, राजदरबारले आफ्नो निःसन्देह सर्वोच्चता सिद्ध गर्न बनाएका नियम र मान्यताहरूबाट चेपिएको र स्वतन्त्रता तथा स्वायत्तता गुमाएको र त्रस्त र भयग्रस्त जीवन बाँचिरहेको आशय ध्वनित भएको छ । त्यसैगरी तेस्रो अनुच्छेदमा उक्त वर्ग गुप्त रूपमा गलत एवम् अवैध धन्दामा संलग्न रहेर सहज कर्मपद्धतिका विपरीत जीवन चलाउन विवश रहेको तर सबैको हितका लागि भइरहेका राजनीतिक आन्दोलनलाई भने उसले घृणा गर्ने गरेको आशय ध्वनित भएको छ । कविताको चौथो अनुच्छेदमा उक्त वर्गले राजपरिवारले जस्तै भारतीय शक्तिकेन्द्र धाउने गरेको, तीर्थ र धर्मका नाउँमा भारतमा ठूलो धनराशि खर्च गर्ने तर राज्यशक्तिका वास्तविक स्रोतका रूपमा रहेका आफ्नो देशका नागरिकहरूका समस्या र मागलाई घृणा गर्ने गरेको आशय ध्वनित भएको छ । पाँचौँ अनुच्छेदमा उक्त वर्ग ह्रासोन्मुख अवस्थामा रहेको र पतनको सँघारमा पुगेको, सडकमा चलिरहेको आन्दोलनबाट अत्तालिएको, जीवनभर पापकर्ममा संलग्न रहेकाले पापमोचनका लागि दान र धर्मका नाउँमा खर्च गरेर जीवनास्था बटुल्न विवश, कर्म र आस्थाका बीच असङ्गति रहेकाले रसहीन जीवन भोग्न बाध्य रहेको आशय ध्वनित भएको छ । कविताको अन्तिम अनुच्छेदमा उल्लिखित वर्ग विद्रोहीहरूबाट सम्भावित आक्रमण र हत्या आदि कार्बाहीको त्रासमा रहेको, आन्दोलित भीडको उत्तेजना, क्रोध र खतरनाक नाराबाजीबाट झस्किएको र अकल्पनीय परिणामको अवश्यम्भावितातर्फ सशङ्कित रहेको भाव ध्वनित भएको छ ।

'खराब समय' कविताबाट समग्रतः तात्कालिक परिवेशमा चलिरहेको जनविद्रोहबाट शक्ति र सत्ताको केन्द्रमा रहेको राजतन्त्र र राजसंस्था नै सङ्कटापन्न रहेको, राजदरबार आसपास रहेकाले शक्तिको आडमा रहेको अहम्बोध गर्ने आसेपासे वर्गले राजदरबारबाट आफ्नो स्वतन्त्रता र स्वायत्तता हरण भएको एवम् दरबारबाट सदा भयभीत र सशङ्कित भएर बाँच्नुपर्ने अवस्थाका कारण जीवन असङ्गत बन्न पुगेकोतर्फ समेत अनभिज्ञ रही आफ्नै मुक्तिका लागि समेत साधक हुने जनआन्दोलनलाई उल्टै घृणा गर्ने गरेको तर निरङ्कुश राजतन्त्रका विरुद्धमा उठेको जनविद्रोह सफलतातिर उन्मुख भएको र यसको छनकबाट उक्त वर्ग अतालिएको आशय ध्वनित भएको छ ।

### ४.४.५. 'नित्य प्रार्थना' कवितामा प्रकरणका तहमा अभिव्यञ्जित ध्वन्यार्थ

प्रस्तुत कविता २०६० सालमा प्रकाशित देखिनाले सोही समयको नेपाली राजनीतिक, सामाजिक परिवेशको अभिव्यक्ति यसमा पाइन्छ । कवितामा उल्लिखित श्रमजीवी वर्ग भोकै बाँच्न विवश रहेको, विद्यालयहरू बन्द अवस्थामा रहेका, कोही बन्दुकसहित रुखको छाँयामा (जङ्गलमा/भूमिगत अवस्थामा) बसिरहेको सन्दर्भले तात्कालिक समयमा देशमा चलिरहेको हिंसात्मक विद्रोहको परिवेशलाई ध्वनित गरेको छ र सोही परिवेश नै कविताको ध्वनि निर्धारक पृष्ठभूमिका रूपमा रहेको छ ।

प्रस्तुत कविता एकल समाख्यानात्मक ढाँचामा रहेको छ । यसमा सम्बोधक म र सम्बोधित कुबेर, जल, वायु, वृक्ष, पन्क्षी, पृथ्वी प्रतीकात्मक अर्थमा प्रयुक्त छन् । कविताले वैदिक सूक्तको झल्को दिन खोजेजस्तो देखिए पनि र पञ्चमहाभूतसम्बद्ध औपनिषदिक दार्शनिक विषय उठाएजस्तो देखिए तापनि यसको प्रतिपाद्य विषय भने देशमा विद्यमान राजनीतिक, सामाजिक परिवेश र हिंसात्मक विद्रोहसँग सम्बन्धित छ ।

यस कविताबाट क्रमशः मालिकको भण्डारमा अन्न थुपार्ने उत्पादक कृषक, श्रमिक, मजदुर वर्ग गरिबी र अभावले ग्रस्त रहेको, शोषित र उत्पीडित भए पनि उसमा सिर्जनात्मक पौरख र जीवन आस्था कायमै रहेको, समाजमा भ्रमपूर्ण र विषाक्त विचार र दृष्टिकोणहरू प्रवाहित भइरहेका, निर्बाध रूपले चल्नुपर्ने पठनपाठन प्रक्रिया अवरुद्ध पारिएको र फलतः सभ्यता र विवेकको उन्नयनको प्रक्रिया पनि अवरुद्ध हुनपुगेको, बन्दुक बोकेर क्रान्तिका नाउँमा बन्दुक बोकेर जङ्गल पसेकाहरूबाट शान्ति, स्वतन्त्रता र सहज जीवनपद्धति खलबलिएको र धेरै नागरिकहरू विस्थापित हुन पुगेको, अगुवाहरूका भनाइ र गराइमा वैपरीत्य हुनाले आदर्शहरू स्खलित अवस्थामा पुगेको र यी सबै विसङ्गत पक्षको जवाफका लागि वास्तविक क्रान्तिमा होमिनु पर्ने भावाभिव्यञ्जना भएको छ ।

यसरी समग्रमा हेर्दा समाजमा वर्गीय विभेद, शोषण र उत्पीडन कायम रहेको र उत्पीडित उत्पादक वर्ग आफ्नो सिर्जना कर्मप्रति आस्थावान् रहेको तर उसको मुक्तिका नाउँमा तात्कालिक अवस्थामा चलिरहेको हिंसात्मक विद्रोहले हतियारका बलमा विवेक नियन्त्रण गर्ने गलत बाटो अवलम्बन गरेको अनि विद्रोहीहरूको भनाइ र गराइमा तादात्म्य नदेखिएकाले श्रमजीवी वर्ग सत्यशक्ति र जीवन ऊर्जाका साथ वास्तविक क्रान्तिपथमा होमिनुपर्ने वैचारिक निष्कर्ष यस कविताबाट ध्वनित भएको  छ ।

# परिच्छेद पाँच

# अध्ययनको निष्कर्ष

श्यामल नेपाली कविता लेखनका क्षेत्रमा वि.सं. २०३० को दशकको आरम्भदेखि प्रवेश गरी हालसम्म क्रियाशील रही यस क्षेत्रमा उल्लेखनीय योगदान दिन सफल कवि हुन् । वर्तमानसम्म उनका *तपाईंहरू मार्फत, लयब्रह्म* र *हतारमा यात्रा* गरी जम्मा तीन वटा कविता सङ्ग्रह प्रकाशित छन् । सङ्ख्यात्मक दृष्टिले हेर्दा उनका कविता थोरै नै देखिन्छन् परन्तु गुणवत्ताका दृष्टिले भने तिनले काव्यात्मक मूल्य, गरिमा र ओजको यथेष्ट उचाइ प्राप्त गरेका छन् ।

वस्तुतः साहित्य भाषाको कलात्मक अभिव्यक्ति हो । भाषाकै जगमा साहित्यको महल खडा हुने भएकाले साहित्यको सिर्जना र समालोचना दुवै सन्दर्भमा भाषाको सर्वोपरि भूमिका रहनु स्वाभाविक छ । काव्यमा प्रयुक्त भाषा, त्यसबाट प्रवाहित अर्थ वा भाव र यी दुवैको समष्टिमा सिर्जित कला नै साहित्यालोचनाको मूल केन्द्र हुन् । यसै सत्यलाई हृदयङ्गम गरी संस्कृत साहित्यसिद्धान्तका रूपमा रहेको ध्वनिवादले काव्यको भाषा, भाव र त्यसमा निहित व्यञ्जनात्मकता (कला) लाई काव्य विश्लेषणको कसी बनाएको छ । ध्वनिवादी प्रस्थापनाका आधारमा गरिएको प्रस्तुत शोधमा ध्वनिवादले काव्यको आश्रयगत आधारका रूपमा निर्धारण एवम् वर्गीकरण गरेको भाषागत पक्ष (पद, पदावली, वाक्य र प्रकरण) र रचनागत विशिष्ट पृष्ठभूमिका पर्याधारमा उक्त आश्रयगत भाषिक आधारबाट अभिव्यञ्जित ध्वन्यार्थलाई अध्ययनको मूल विषय बनाइएको छ ।

ध्वनिवादी आचार्यहरूले वाच्यार्थभन्दा फरक व्यङ्ग्यार्थको प्रतीति वक्ता, बोद्धव्य, वाक्यसन्निधि, वाच्य, प्रस्ताव, देश, काल, काकु, चेष्टा आदि अनेक विशिष्टताका कारणले हुने विचार व्यक्त गरेका छन् । यसै तथ्यलाई मनन गर्दै प्रस्तुत शोधका क्रममा पनि कवि श्यामलका कविताहरूको पृष्ठभूमि र रचनासन्दर्भको सामान्य विश्लेषण गरी उक्त पृष्ठभूमि र सन्दर्भकै सापेक्षतामा श्यामलका कविताका पद, पदावली, वाक्य र प्रकरणका तहमा निहित ध्वन्यार्थको निरूपण गरिएको छ ।

कवि श्यामलका कविताहरूमा निहित ध्वन्यार्थको निर्धारक पृष्ठभूमितर्फ दृष्टि दिँदा कविको आन्तरिक वैचारिक पृष्ठभूमिका साथै कविताको रचनासमय र त्यस समयको सामाजिक, राजनीतिक परिवेशको निरूपण गर्नु औचित्यपूर्ण देखिन्छ । यस सन्दर्भमा कविको आन्तरिक वैचारिक पृष्ठभूमिलाई दृष्टिगत गर्दा कवि श्यामल लोकसाहित्यसम्पन्न ग्रामीण परिवेशमा जन्मेहुर्केकाले सोही

परिवेशगत प्रभाव एवम् प्रेरणाबाट उनमा काव्यबीजको अङ्कुरण र पल्लवन भएको देखिन्छ भने सरल-सुकोमल, स्वतन्त्रता एवम् स्वच्छन्दताप्रेमी कविमनमा देशमा विद्यमान प्रतिकूल राजनीतिक परिवेशका कारण विद्रोहचेतनाको विकास भएको देखिन्छ । कविमा विकसित उक्त विद्रोहचेतनाले तदनुकूल वामपन्थी आन्दोलनको सान्निध्यमा प्रगतिवादी विचारदृष्टि अँगाली विचारलाई हतियार बनाएर सामाजिक-आर्थिक भेदभाव, शोषण, उत्पीडन र अन्याय-अत्याचारमाथि कलात्मक ढङ्गले प्रहार गर्ने वामपन्थी राजनीतिको साहित्यिक बाटो अवलम्बन गरेको देखिन्छ । श्यामलका कविता उनको यही आन्तरिक वैचारिक/मानसिक पृष्ठभूमिको प्रभाव र प्रेरणाको उपज भएकाले उक्त आन्तरिक पृष्ठभूमि नै उनका कवितामा निहित ध्वन्यार्थको निर्धारक वैचारिक पृष्ठभूमिका रूपमा रहेको छ ।

कवि श्यामलका कवितामा निहित ध्वन्यार्थको निर्धारक बाह्य पृष्ठभूमि (देश, काल, वातावरण) लाई केलाउँदा उनका तीन वटा कविता सङ्ग्रहको रचनाकालको समय र परिवेश फरक-फरक रहेको छ । उनको प्रथम कविता सङ्ग्रह *तपाईंहरू मार्फत* (२०४४) मा तीसको दशकको प्रारम्भदेखि उक्त सङ्ग्रहको प्रकाशनका समयसम्ममा रचना गरेका कविताहरू सङ्गृहीत छन् । प्रस्तुत सङ्ग्रहका कविताहरूको रचनाकालको नेपाली राजनीतिक पृष्ठभूमि निर्दलीय पञ्चायती राज्यव्यवस्थाको उत्तरार्द्धको पृष्ठभूमि हो । त्यसैगरी उनको दोस्रो कविता सङ्ग्रह *लयब्रह्म* (२०६०) मा उनको प्रथम कविता सङ्ग्रहको प्रकाशनदेखि २०६० सालको बीचमा रचिएका प्रायः सबै कविताहरू सङ्गृहीत छन् । २०४४ सालपछि देशमा विकसित घटनाक्रम र त्यसले राजनीतिक तथा सामाजिक जीवनमा पारेको प्रभावको जीवन्त चित्रण यस सङ्ग्रहका कविताहरूले गरेका छन् । कवि श्यामलको तेस्रो तथा पछिल्लो सङ्गह्रका रूपमा रहेको *हतारमा यात्रा* (२०६८) कविता सङ्ग्रहमा एकाधबाहेक प्रायः सबै कविता २०५९/०६० देखि २०६८ सालसम्मको समयावधिमा रचिएका कविताहरू सङ्गृहीत छन् । उल्लिखित कविता सङ्ग्रहका कविताहरू तिनको रचनाकालको नेपाली सामाजिक, राजनीतिक परिवेशगत पृष्ठभूमिमा सिर्जित हुनाले सोही राजनीतिक एवम् सामाजिक परिवेश र समयगत पृष्ठभूमिका जगमा नै उक्त सङ्ग्रहहरूमा सङ्गृहीत कविताहरूको ध्वनि निर्माण भएको छ ।

श्यामलका कविताहरूमा ध्वनि सिर्जना गर्ने मूल सामग्री तिनमा प्रयुक्त पद, पदावली र वाक्य नै हुन् । उनका कवितामा प्रयुक्त विशिष्ट पद, पदावली र वाक्यहरूलाई अभिधेयार्थमा वा लक्ष्यार्थमा अर्थ्याउँदा कि त तिनको अर्थ नै स्पष्टिन्न वा त्यसरी अर्थिए पनि कविताको मूल मर्म वा

भावबोध हुन सक्दैन । उनका कतिपय कविताहरू तिनमा प्रयुक्त कुनै खास पद, पदावलीको व्यञ्जना नअर्थ्याइकन सिङ्गो कविताको मर्म वा भावबोध गर्न नसकिने प्रकृतिका छन् । उदाहरणस्वरूप 'घोडाको मृत्यु', 'लुतो' 'हतारमा यात्रा', आदि कवितालाई लिन सकिन्छ । त्यसैले सामान्य पद, पदावलीहरू पनि उनका कवितामा नवीन अर्थको सञ्चार गर्न सक्षम बनेका छन् । कवितामा प्रयुक्त ध्वन्यात्मक पद, पदावलीहरू ती प्रयुक्त भाषिक परिवेश, सन्दर्भ र स्थानमा जति नवीन र अर्थगत विविधताको सञ्चार गर्न सक्षम छन्, वाक्यात्मक तहमा हेर्दा पनि उत्तिकै अर्थसौन्दर्यका द्योतक बनेका छन् । तिनको अर्थचारुता सोहोरिएर वाक्यात्मक तहमा झन् विस्मयकारी तवरले प्रस्फुटित भएको छ । कवितामा प्रयोग गरिएका कतिपय वाक्यहरूले एकभन्दा बढी अर्थसमेत ध्वनित गरेका छन् । तिनै पद, पदावली र वाक्यहरूबाट निर्मित सिङ्गो कवितात्मक प्रकरण कविताको समग्र व्यञ्जनात्मक कथ्यको प्रकटीकरण गर्न सफल रहेको छ । पद, पदावली र वाक्यमा सौन्दर्यकारक बन्न पुगेको अर्थगत विविधतामा तहगत रूपमा क्रमशः विशिष्टीकरण हुँदै र पुनः नवीनताको सिर्जना हुदै सिङ्गो कवितात्मक प्रकरणमा पुग्दा समग्र ध्वन्यात्मक कथ्यको निर्माण भएको छ ।

श्यामलका कविताहरूमा पद, पदावली, वाक्य र प्रकरण सबै तहबाट ध्वन्यार्थको सिर्जना गरिएको छ । ध्वन्यार्थको तहगत प्रस्तुतिका दृष्टिले हेर्दा उनका कवितामा पदका तहमा भन्दा पदावलीका तहमा र त्यसभन्दा वाक्यका तहबाट बढी ध्वन्यार्थको सिर्जना गरिएको छ । उनका सबैजसो कविताबाट प्रकरण ध्वनिको सिर्जना भएको छ । यद्यपि मात्रात्मक र गुणात्मक दुवै दृष्टिले हेर्दा सापेक्षतः वाक्यका तहबाट नै बढी ध्वन्यार्थ सिर्जना भएको देखिन्छ । *तपाईँहरू मार्फत्* र *हतारमा यात्रा* सङ्ग्रहका कविताहरुमध्ये देशमा वाक् स्वतन्त्रतामा अङ्कुश लागेका बखतमा रचिएका कवितामा बढी ध्वन्यात्मक पद, पदावलीको प्रयोग गरिएको छ भने खुला प्रजातान्त्रिक परिवेशमा लेखिएका कवितामा तिनको प्रयोग कम गरिएको छ ।

कवि श्यामलका कविताको व्यङ्ग्य समकालिक परिवेशबारे सुसूचित पाठकका लागि सहजबोध्य भए पनि सामान्यजनका लागि भने दुर्बोध्य नै रहेको देखिन्छ । त्यसैले उनका कविताले प्रतिभावान् एवम् उच्च बौद्धिक पाठकको अपेक्षा गर्दछन् । श्यामलका कविताहरूबाट रस, अलङ्कार र वस्तु यी तीनै स्वरूपको ध्वनिको प्रकटीकरण भए तापनि प्रमुख रूपमा वस्तुध्वनिको प्रकटीकरण भएको छ । त्यसैले काव्यको कोटिका दृष्टिले वर्गीकरण गर्दा उनका कविता ध्वनिकाव्यका श्रेणीमा रहेकाले उत्तम काव्यका कोटिमा पर्दछन् ।

श्यामलका उल्लिखित तीन वटा कविता सङ्ग्रहको प्रकाशन समय र परिवेशअनुरूप तिनमा सङ्गृहीत कविताहरूमा निहित प्रकरणगत ध्वन्यार्थमा पनि विविधता रहेको छ । नागरिकका प्रजातान्त्रिक हकअधिकारमाथि प्रतिबन्ध लगाइएको र विद्यमान शासन व्यवस्थाका विरुद्धमा सङ्घर्ष चलिरहेको समयावधिमा रचना गरिएकाले तात्कालिक राजनीतिक एवम् सामाजिक परिवेशसम्बद्ध विषय *तपाईंहरू मार्फत* (२०४४) सङ्ग्रहका कविताहरूको प्रमुख व्यञ्जना विषयका रूपमा रहेको छ । यस सङ्ग्रहका कविताहरूबाट तात्कालिक शासन व्यवस्थाका कारण सिर्जित अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन आदिको विरोधसहित स्वतन्त्र, न्यायपूर्ण र समतामूलक समाज निर्माणको आग्रहनिहित प्रगतिवादी वैचारिक भावधारा अभिव्यञ्जित भएको छ ।

कवि श्यामलको *लयब्रह्म* (२०६०) सङ्ग्रहका कविताहरूमा निहित प्रकरणगत ध्वन्यार्थलाई दृष्टिगत गर्दा यस सङ्ग्रहका कविताहरूबाट तात्कालिक अवस्थामा राष्ट्रिय राजनीतिक दलहरूमा देखापरेको विभाजन, गुटगत सङ्कीर्णता, सत्तालिप्सा र आफ्नो मूल लक्ष्यइतरका ससाना विषयहरूमा अल्झिने प्रवृत्तिको विरोध, देशमा विद्यमान लैङ्गिक, जातीय, क्षेत्रीय असमानता र उत्पीडनको विरोध, सरकार र विद्रोही पक्षबीचको द्वन्द्व र युद्धका कारण देशले भोगेको हत्याहिंसा र भयग्रस्त परिवेशको चित्रण, जनताका प्रजातान्त्रिक हकअधिकारमाथि अङ्कुश लगाउने अधिनायकवादी राजतन्त्रको विरोध र त्यसका विरुद्धको आन्दोलनको समर्थन, विकासका नाउँमा बढिरहेका विकृति, विसङ्गतिहरूको विरोध, अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेका अन्याय अत्याचारको सन्दर्भ आदि विविध विषयको अभिव्यञ्जना भएको छ ।

कवि श्यामलको *हतारमा यात्रा* (२०६८) सङ्ग्रह उनका अघिल्ला सङ्ग्रहहरूजस्तै देशको विशिष्ट समय र परिवेशको दर्पणका रूपमा रहेको छ । यस सङ्ग्रहका कविताहरूबाट समग्रतः तात्कालिक माओवादी विद्रोहीहरूद्वारा क्रान्तिका नाउँमा गरिएका ज्यादतीको विरोध, सङ्कटकालीन परिवेशको चित्रण, सामन्तवादी विचार, व्यवहार र निरङ्कुशतन्त्रको विरोध, लोकतान्त्रिक आन्दोलनको समर्थन तथा त्यसको सफलताको सङ्केतन, देशमा बढ्दै गरेको साम्प्रदायिक एवम् जातीय विद्वेषको विरोध, क्रान्तिका नाउँमा अवलम्बन गरिएको हिंसात्मक बाटो गलत भएको विचार आदि सम्बद्ध विषयवस्तु एवम् भावको अभिव्यञ्जना भएको छ ।

कवि श्यामलका उल्लिखित तीन वटा कविता सङ्ग्रह नेपालको राजनीतिक एवम् सामाजिक क्षेत्रमा देखापरेका तीन पृथक् तथा ऐतिहासिक दृष्टिले विशेष महत्त्वपूर्ण कालखण्डको प्रतिनिधित्व गर्ने साहित्यिक दस्तावेज हुन् । उनको पहिलो सङ्ग्रहका रूपमा रहेको *तपाईंहरू मार्फत* कविता

सङ्ग्रहले पञ्चायतकालको, दोस्रो सङ्ग्रह *लयब्रह्म*ले बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भएपछिको कालखण्डको र तेस्रो तथा पछिल्लो *हतारमा यात्रा* कविता सङ्ग्रहले लोकतान्त्रिक गणतन्त्रको प्रारम्भिक समयको प्रतिनिधित्व गरेका छन् । श्यामल मूलभूत रूपमा समय र परिवेशसचेत कवि हुन् । उनले भोगेको समय र परिवेशको खोलुवाबाट नै उनका कविताहरूको ध्वन्यात्मकता स्पष्टिन्छ । यस दृष्टिबाट हेर्दा उनका कविता तात्कालिक परिवेशप्रतिका वैचारिक प्रतिक्रिया हुन् भन्न सकिन्छ । तात्कालिक परिवेशमा नेपालमा देखापरेका विभिन्न राजनीतिक दल र तिनले अवलम्बन गरेका विविध विचारधारामध्ये कविको वैचारिक पृष्ठभूमि र संलग्नतासमेतबाट उनी वामपन्थी वैचारिक धारको निकट रहेको देखिन्छ । त्यसैले उनका कविताका आँतमा उक्त वामपन्थी वैचारिक पक्ष निकै सशक्त रूपमा उपस्थित छ यद्यपि त्यो नाङ्गो तवरले नभई कलाच्छादित रूपमा रहेको छ । कवितामा प्रस्तुत विचार तत्त्वबाट कलाको सीमा अतिक्रमण नगरिएकाले काव्यिक न्यायको प्रतिपादनमा कवि सफल भएका छन् ।

समय र परिवेशका सापेक्षतामा फरकफरक सङ्ग्रहका कवितामा प्रयुक्त ध्वन्यात्मक पद, पदावली र वाक्यको परिमाणमा अन्तर रहे पनि ध्वन्यात्मक मूल्यलाई भने उनका कविताले दह्रो गरी आत्मसात् गरेका छन् । यही ध्वन्यात्मकताको उपस्थितिले नै उनका कविताहरूको गुणवत्ता अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको छ र नेपाली कविताको समसामयिक धाराअन्तर्गत सशक्त गद्य कविका रूपमा कवि श्यामलको पहिचान स्थापित भएको छ ।

# सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना-सिद्धान्त** (छैटौं सं.), ललितपुर : साझा प्रकाशन, २०५६ ।

अवस्थी, वच्चुलाल 'ज्ञान', **ध्वनि-सिद्धान्त तथा तुलनीय साहित्य चिन्तन**, भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी, १९७२ सन् ।

उपाध्याय आचार्य, बालाराम, **नेपाली साहित्यमा दैलेखको योगदान**. दैलेख : श्रीमती पुष्पादेवी आचार्य, २०५८ ।

उपाध्याय, केशवप्रसाद, **रिमाल व्यक्ति र कृति** (चौथो.सं.), ललितपुर : साझा प्रकाशन, २०३२ ।

________________ **पूर्वीय साहित्यसिद्धान्त** (चौथो.सं.), ललितपुर : साझा प्रकाशन, २०६१ ।

उपाध्याय 'प्रेक्षित', **जगत्, साहित्य सन्ध्या पुरस्कार-२०७३ बाट सम्मानित साहित्यकार श्यामलको सङ्क्षिप्त जीवनवृत्त**, काठमाडौँ : साहित्य सन्ध्या २०३९, २०७४ ।

उप्रेती, विष्णुमाया, "श्यामल (हरिहर अधिकारी) को कवित्व", अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६७ ।

जोशी, ताराप्रसाद, **नेपाली कविता सङ्ग्रह** (भाग २) (द्वितीय.सं.), काठमाडौँ : मोहनप्रसाद, २०३८ ।

त्रिपाठी, वासुदेव, **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन**, काठमाडौँ : पा. वि. के., २०३४ ।

नेपाल 'यात्री', पूर्णप्रकाश, 'रीतिवादका परिप्रसङ्गमा' ***कुञ्जिनी,*** (वर्ष ५, अङ्क ३, २०५४), पृ.९७ ।

नेपाल, शैलेन्दुप्रकाश, **माधव घिमिरेका खण्डकाव्यको ध्वनितात्त्विक अध्ययन**, काठमाडौँ : युनिक एजुकेसनल पब्लिसर्स, २०६७ ।

पण्डितराज जगन्नाथ, **रसगङ्गाधरः** (नवौं सं.), श्रीमदनमोहन झा, वाराणसी : चौखम्बा विद्याभवन, २००० सन् ।

पाठक, आचार्य जगन्नाथ, **ध्वन्यालोक**, वाराणसी : चौखम्बा विद्याभवन, सन् २०११ ।

पोखरेल, भानुभक्त, **सिद्धान्त र साहित्य** (दोस्रो.सं.), ललितपुर : २०५९ ।

भाउपन्थी, “कवि श्यामल र उनको एउटा कविता : अन्तिम युद्ध”. ***गरिमा ,*** (पूर्णाङ्क १९०, २०५५), पृ.४४, ।

मम्मट, **काव्यप्रकाशः**, व्या. पं. रघुनाथप्रसाद चतुर्वेद, वाराणसी : चौखम्भा संस्कृत संस्थान, २०४६ ।

मिश्र, कृष्णचन्द्र, **‘ध्वनि’**, ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान आदि (सम्पा.) नेपाली साहित्यकोश, काठमाडौँ : ने.रा.प्र.प्र., २०५५ ।

मिश्र, भगीरथ, **काव्यशास्त्र** (बाह्रौँ.सं), वाराणसी : विश्वविद्यालय प्रकाशन, २०५४ ।

रिजाल, आर.सी. “एक मार्क्सवादी जन्मजात मार्क्सवादी हुन्छ : अक्षर वार्ता”. ***अक्षर,*** (पूर्णाङ्क १३, २०६५), पृ. ६९ ।

वर्तमान, गोविन्द. “पछिल्ला कविताहरूमा श्यामल”. ***विपुल,*** (पूर्णाङ्क ७, २०५४), पृ.३९, ।

विश्वनाथ, **साहित्यदर्पण**, वाराणसी : कृष्णदास अकादमी, १९८१ सन् ।

शर्मा, कृष्णदेव, **समीक्षा सिद्धान्त**, आगरा : विनोद पुस्तक मन्दिर, १९७८ सन् ।

शर्मा, तारानाथ. “श्यामलको कवित्व”. ***विपुल,*** २०५४, पूर्णाङ्क ७, पृ.२१ ।

शर्म्मा सिग्देल, सोमनाथ, **साहित्य प्रदीप**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

शाक्य, नरेश. “कवि श्यामलको ‘लयब्रह्म’ एक चर्चा”. ***समष्टि,*** (वर्ष २९, अङ्क ४, २०६५), पृ.६४ ।

शिवाकोटी, देवेन्द्र, “श्यामल (हरिहर अधिकारी) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन”. अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०६१ ।

श्यामल, **हतारमा यात्रा**, काठमाडौँ : साङ्ग्रिला बुक्स, २०६८ ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली** (चौथो.सं.), ललितपुर : साझा प्रकाशन, २०६२ ।

# परिशिष्ट

## प्रस्तुत शोधका क्रममा विश्लेषण गरिएका कविताहरू

### (क) *तपाईंहरू मार्फत* कविता सङ्ग्रहभित्रका कविताहरू :

### १. घोडाको मृत्यु

फगत सहेर शासनका डामहरू
फगत सहेर नयाँनयाँ लगामहरू
आफ्ना पिठ्यूँमा बोकेर काँठी
काँठीसितैको एउटा घोडा
हिजो साँझ मऱ्यो ।

धेरै बाँकी थियो रात
यो पृथ्वी मानौँ सुतिरहेकी थिई
हामीहरू कुरा गर्दै थियौँ
अधिकारका कुरा गर्दै थियौँ
कर्तव्यका कुरा गर्दै थियौँ
त्यसै बेला
ठीक त्यसै बेला
नाङ्गो, बिल्कुल नाङ्गो र घोडाझैँ नाङ्गो
एउटा मानिस मऱ्यो
अर्थात् तबेलामा एउटा घोडा
हिजो साँझ मऱ्यो ।

मलाई थाहा छ
त्यसै घोडाको पीठमा चढेर
प्रत्येक वर्ष प्रजातन्त्र दिवस आउँथ्यो
र दफाहरू पढ्थ्यो
हामीहरू कुरा गर्थ्यौं
अधिकारका कुरा गर्थ्यौं
कर्तव्यका कुरा गर्थ्यौं
त्यसै बेला
ठीक त्यसै बेला
प्रतिबन्धित सपनाहरू सँगसँगै
एउटा बूढो घोडा
हिजो साँझ मऱ्यो । (८९)

### २. निर्वाचन र गल्लाहरू

सुक्नै लागेका रुखका नसाहरू छाम्दै
जसरी धमिरा आउँछ
माझीले खोलामा हानेको जाल

जसरी फैलिएर आउँछ

त्यसै गरी आउँछ निर्वाचन

त्यसै गरी आउँछ ।

निर्वाचन आउँछ

भोकदेखि तर्सेका तन्नेरीहरूलाई

फिताले नाप्तै

जसरी गाउँ-घरमा गल्ला आउँछ

र भर्ती हुन

सकी नसकी केरा खाएर

वजन ठीक गर्छन् केटाहरू

त्यसै बेला

सेवामुक्त लाहुरेलाई

आफ्नो विगतको सम्झना आउँछ

गल्ला के आउँछ हाम्रो गाउँ-घरमा

मलाई

विश्वयुद्धमा हराएको मानिसको

सम्झना आउँछ

हो, त्यसै गरी

अनकन्टार गुफाजस्तो मतपेटिका लिएर

निर्वाचन आउँछ ।

नक्कली दाँतहरू देखाउँदै

भोट माग्न के आउँछ निर्वाचन

मलाई महामारीमा परेका

बुद्धिहरूको सम्झना आउँछ

र निर्वाचन आउँदा पटक-पटक

मलाई

खसी किन्न गाउँ पसेका

मानिसहरूको सम्झना आउँछ । (९१)

## ३. रङ्गहरू

कालो हुन्छ अन्याय र अत्याचारको रङ्ग

भन्छन्, पहेँलो हुन्छ त्याग र उत्सर्गको रङ्ग

बलिरहेको आगो झैँ रातो भनिन्छ क्रान्ति र परिवर्तन

शान्ति समुद्रझैँ नीलो र गहिरो हुन्छ भन्छन्

श्रीमान ! बुझ्नेन यहाँको लाटो नागरिकले

तपाईंहरूको रङ्गीन भाषा थोरै पनि बुझ्नेन

कालो सहरको पहेँलो बत्तीमा हिँड्दा

शान्तिको विशाल पोखरीमा डुबेका छन् धेरै नागरिकहरू

भन्नुस्, कस्तो हुन्छ तिनीहरूको जीवनको रङ्ग ?

कस्तो हुन्छ तिनको भोकको रङ्ग ?

कस्तो हुन्छ त्यहाँ फैलिएको

अराजकताको रङ्ग ?(११२)

## ४. देश दृश्य

शोक सन्तप्त पर्वत
भागिरहेका नदीहरू
र निरन्तर लुकिरहेको सूर्य
कुष्ठरोगीका औंला झैं
पात र क्रमशः हाँगा झारिरहेका रूखहरू
सुगन्ध गुमाइरहेको फूलको सानो बगैंचानिर
सीमा गुमाइरहेको चेक-पोष्ट
ग्रहण लागिरहेको चन्द्रमा
तुषारोमा ढुङ्गाझैं नुहाइरहेका
कथित इष्ट-देवताहरू
स्वर हराइरहेको गायक
र बौलाहा बाजाहरू
नाता बिर्सेको परिवारको मूर्ख बाबु
र उसको कामातुरताबाट
डरलाग्दो गरी जन्मेका कर्णाधारहरू
गलत हिसाब पढाइरहेको मास्टर
र चुप लागेको हावापानी
यस नक्सामा
यस भूगोलमा
र यस संस्कृतिमा
सधैं सपना देखिरहन्छ विक्षिप्त किसान
र सधैं व्याख्यान दिइरहन्छ पागल दार्शनिक
सधैं सुनिरहन्छ अवाक् श्रोता
अर्थात् जनता । (११५)

## ५. छाला

तपाईं छालाको व्यापार गर्नुहुन्छ
माफ गर्नुहोला
म आफ्नो छाला
जुत्ता बनाउन दिन्नँ ।

यो त्यही छाला हो
जो मानिसमा हुन्छ
रङ्गले होइन
जो संवेदनाले छुट्टिन्छ
यो त्यही छाला हो
जसलाई रङ्गहरूले सिँगार्नु पर्दैन
रगत
नशा
र मुटु ढाकेको
सुरक्षा कवचजस्तो यो छाला
मेरो, मेरो र मानिसको छाला हो
माफ गर्नुहोला

म आफ्नो छाला

तपाइँको म्यानको खोल बन्न दिन्नँ ।

त्रासहरू सबै एकै ठाउँमा सोहोरेर

कुनै पनि सिकारी यन्त्रमा

गोलीझैँ भरेर

मलाई ताक्तैमा

म मेरो छाला उतार्न दिन्न

तपाइँको ब्रिफकेसको गोप्यता छोप्ने

पोसाकमा आफूलाई बदल्न दिन्नँ

तपाइँको कम्मरपेटी या पैसा राख्ने थैली

या बैठकको चित्तलको छालाझैँ

म आफूलाई सजाउन दिन्नँ

तपाइँका डमरु, ढोल र नगराहरूमा मोडिएर

माफ गर्नुहोला

म आफ्नो छाला जुत्ता बनाउन दिन्नँ ।

यस छालाभित्र चेतना छ

जसविना कुनै अर्थ रहन्न मेरो

धेरै कन्जुस छु

म यसलाई

तपाईंको प्रिय छोराले हावा भरेर खेल्ने

भकुन्डो बनाउन दिन्न

हो, तपाईं सौखिन हुनुहुन्छ

तर म मानिस हुँ

र आफूलाई तपाईंको

जुत्ताको सोल बन्न दिन्नँ । (९५)

## (ख) *लयब्रह्म* कविता सङ्ग्रहभित्रका कविताहरू :

### १. लुतो

बस्, एउटै कुरामा छ आनन्द

कन्याइरहनुमा

कविता, कथा र चित्र लेख्ने औँलाहरूले

फगत आङ कन्याइरहनुमा

विद्रोहमा उचालिने हातहरूले

आफ्नै शरीरका कापहरूमा चलाइरहनुमा ।

लुतो लागेपछि

हराउँछ सोच र दृष्टि

आफ्नै अगाडि भएको व्यभिचार

व्यभिचार हुँदैन

मानिस व्यस्त हुन्छ बिर्सेर यावत् कुरा

विचार, स्मृति, बहस

र वरिपरिको दुनियाँको कुरा

बस, एउटै हुन्छ आनन्दको स्रोत

आफ्नै जीउ कन्याइरहनुमा ।

लुतो लागेपछि केवल लुतो लाग्छ

आमा-बाबु र छरछिमेकको माया लाग्दैन

जब लाग्छ लुतो कसैलाई

बाँदरलाई घाउ लागेजस्तो

ऊ बिर्सन्छ बाल्यकालका स्मृतिहरू

आफ्ना छानामाथि लाग्ने घामको ताप

वा आफ्नी आमाको चौबन्दीमा

मगमगाउने दूधको सुगन्ध

सबै बिर्सन्छ लुतोग्रस्त मानिस

र एउटै कुरामा व्यस्त हुन्छ

आङ कन्याइरहनुमा ।

लुतो एक विचार रहेछ

मानिसलाई विचारशून्य बनाउने

आद्यबिम्बसहितको उत्तर-आधुनिक विचार

रोग र औषधी दुवै बेच्ने

नाफाखोर बजारजस्तो लुतो

जहाँ रहँदैन मानिस मानिसभैँ

बस्, कन्याइरहन्छ आफ्नो आङ

तृप्त, आनन्दविभोर र बिलकुल एक्लो

मजा लिइरहन्छ

आफ्नो आङ कन्याइरहनुमा । (६३)

## २. दुःस्वप्न

खोलाहरूमा बग्नै छोड्यो कञ्चन पानी

रगतको बेगवान् नदीमाथि हल्लिदै छ

झोलुङ्गे पुल

भन्छन् योद्धाहरूले डामेका ढाडहरू

अब के-के हुने हो !

कोचिएको छ खचाखच दिमागमा

बदलाको भूत

बाटाहरू यति धेरै छन् यस ठाउँमा

कुन बाटामा कोही किन जाने हो

भन्छन् स्कुलका मास्टरहरू

स्कुल नगएको पनि धेरै भयो

अब के-के हुने हो !

जहाँ गए पनि हुन्थ्यो

जति बेला पुगे पनि हुन्थ्यो

कसले जाँच्थ्यो र पिठ्यूँको झोला

र सोलीमा राखिएको कोसेली ?

अहो ! अचेल आउँदैन

कोही आफन्त

उराठलाग्दो फलैँचामा बसेर

सोचिरहन्छन् बूढाहरू धुवाँको सर्को तान्दै

अब के-के हुने हो !

हामी त खेल्थ्यौँ जे भेट्यो त्यही

हामी त जान्थ्यौँ जहाँ मन पर्थ्यो उहीँ

अचेल पड्किन्छन् भाँडाहरू

हाम्रा प्यारा खेलौनाहरू

अहो ! छुनै हुँदैन केही पनि

नजाऊ नानी कतै पनि

भन्छन् हाम्रा आमाहरू

खेल्ने जमाना गयो

अब के-के हुने हो !

धेरै भयो हुलाकी छैन

तीन-तीन महिनामा आउने चिठी

धेरै भयो आएको छैन

रेडियोले गन्ती गर्छ

जङ्गलको लासहरू

हरे ! मेरो लाहुरेलाई के भयो

भन्छन् लाहुरेनी युवतीहरू

अब के-के हुने हो !

कहिल्यै केही नखाए पनि

गर्मी भए पनि, जाडाले सताए पनि

हाँसिरहेको हुन्थ्यो बुद्धको मूर्ति

धेरै भयो चुपचाप रून थाल्यो

भन्छन् क्युरियो पसलका मालिकहरू

अहो ! यस देशमा के हुन थाल्यो ?

यो मूर्ति अझै कति रूने हो

अब के-के हुने हो !

टेलिभिजनको पर्दामा

साऱ्है गम्भीर देखिए गृहमन्त्री

र उदास देखियो उत्तरी श्वेतमाला

पहाडबाट मुस्काउन छाडेर

बमसँगै तुलमा टाँगियो घाम

कहिल्यै नरिसाउने माइलो

रिसायो बेसरी

अब के-के हुने हो ! (६७)

## ३. रातको हुम्ला

रातको हुम्ला बास बस्छ

महिनौँदेखि नधोइएको काम्लोभित्र पसेर

आफ्नै सासको तीखो दुर्गन्ध

भालुको पित्तभन्दा तीतो

र त्यसभन्दा तीतो

अजङ्गका पहाडहरूले सगरतिर हेर्नु

भोका अजिङ्गरझैँ लठारिएर

यताबाट चुवा र

उताबाट कर्नालीले

कतैबाट फुत्कन नपाउने गरी

मानिसहरूलाई घेर्नु

हुम्लाको हरेक रात

विषको अन्तिम थोपा पिइरहेको सुकरात ।

प्लेनबाट सिमकोट ओर्लेको

सरकारी जातको भेडालाई

रूघा लाग्छ एकछिनमै

एअरपोर्टको डिलबाट

सानले हेर्छ ऊ अरू रैथाने भेडातिर

सी.डी.ओ. अफिसको कौसीमा

जाडोले कामिरहेको राष्ट्रिय ध्वज

कक्रेर निदाउँछ रातभरि

हरेक कर्मचारी जब हुम्ला आइपुग्छन्

आफूलाई सम्झन्छन् कोलम्बस !

उनीहरू खान्छन् प्लेनबाट आइपुगेको रासन

र हुम्लीलाई खुवाउँछन्

प्लेनबाटै ल्याएको सुशासनको भाषण !

कुनै पनि हुम्लीलाई

जति धेरै बाँच्यो

उति धेरै कष्ट

हुम्लाको हरेक रात

विषको अन्तिम थोपा निलिरहेको सुकरात ।

यस चिसो स्वर्गमा हेर

अति सुन्दर छ

धनसराको घाँघरको लय

कि भयानक अँध्यारोमा पनि

आफ्नै सुर र तालमा अम्किरहन्छ निर्भय

जीवन अनेकौँ निर्णयको जाल हो भने

त्यसको पनि जन्जाल हो

उसले घाँटीमा झुन्ड्याएको कम्पनी माला

हुम्ला आफूले पिएर विषको घैँटो

वा पिउन नपाएर त्यही विष पनि

बक्खुबाट निकालेर दरबार पठाउँछ मृतसञ्जीवनी

हुम्लाको हरेक रात

अन्तिम सासको निष्कासन पर्खिरहेको

अभियुक्त सुकरात ।

केटाकेटीका नाकबाट बगिरहेका

हिमनदीहरूले छेकेको बाटामा उभिएर हेर तिमी

यो बाँकी नेपालसँग नजोडिएको नेपाल हो

नेपाल हो भने

माकुराको धागोले नेपालसँग जोडेको अर्कै नेपाल हो

तैपनि बुझ्दोरहेछ यसले छक्कबहादुरको अङ्ग्रेजी

र हाँसेरै उत्तर दिँदोरहेछ

जीवनले सोधेका प्रश्नहरूको

हुम्लाको रात जब पाखीसँगै तात्तिन थाल्छ

तब यो चिसो सिरेटो पनि आत्तिन थाल्छ

हुम्लाको हरेक रात

आगतका लागि वर्तमान मारिरहेको सुकरात । (७५)

## ४. सम्भ्रान्त

भीडका आँखाहरू सहन सक्दैन

ऊ एक्लो छ ।

ऊ एक्लो छ

र उसलाई कुनै कुरामा विश्वास छैन

उसलाई विश्वास छैन आफ्नी धर्मपत्नीमाथि

र विश्वास छैन आफ्नो सम्बन्धमाथि

इतिहासले आफ्ना पानाहरूमा

यस्ता तिथिहरू राखेको छ

कि ऊ खस्न सक्छ कुनै पनि बेला

कुनै पनि बेला

उसको अङ्गरक्षकको अनुशासन

भङ्ग हुन सक्छ

र उसको पहिलो शिला

कमजोर हुन सक्छ ।

त्यति नरम ओछ्यान

उसलाई खतरा लाग्छ

कोही चिच्याउँछ कि पलङमुनिबाट ?

उसलाई शङ्का लाग्छ

कुनै पनि बेला

उसका साथीहरू

कृत्रिम चुम्बकका टाँसिएका आलपिनहरूझैँ

एक

एकपछि अर्को

र अर्कोपछि अर्को हुँदै

झर्दै जान्छन् उसबाट

एक्लोपन यसरी दुख्छ

कि ऊ त्यसलाई दबाउन

क्याप्सुलहरू खान्छ

ऊ एक्लो छ ।

ऊ एक्लो, एक्लो र नितान्त एक्लो छ

यसरी उसलाई

आफ्नो शिरमाथि सुहाउने रत्नजडित टोपीहरूमाथि

त्यति विश्वास छैन

बहुमूल्य पोसाकहरू

र सौखिन पाइलाहरूमा

किञ्चित विश्वास छैन

फगत नसाहरूमा विश्वास छ

जसले छोपेर आफ्नो भयाक्रान्त अनुहार

आफूबाट भगाउँछ ऊ ।

जसरी झर्दै जान्छन् दाँतहरू कुकुर बुढिएपछि

र कुकुरलाई आफूले दाँत लुछ्ने गरेको

मासुको टुक्रो असजिलो लाग्छ

त्यस्तै लाग्छन् भीडका आँखाहरू

त्यस्तै लाग्छन्

मानौं ऊ भीड छलिरहेछ

तर लखेटिएको मानस

नसाले छोप्ने कसरत गर्छ

उसलाई आफूले चढ्ने गरेको घोडासँग

असाध्य डर लाग्छ

ऊ एक्लो छ ।

म भीडमा छु

र भीड स्थूल हुँदै गएको छ । (८०)

## ५. विकास पण्डित

विकास पण्डित

झोलाभरि राखेर

इकोलोजीका जेनेभा प्रिन्ट ग्रन्थहरू

ओभरहेड प्रोजेक्टरबाट देखाउँछ

गरिबीको चक्र

र राजधानीका रियल स्टेटसँग

खरिद गर्छ

छ आना जग्गा

विकास पण्डित

छात्रवृत्तिको खोजमा आउँछ

मेरो गाउँमा ।

विकास पण्डित

इन्कार गर्छ विकासका समस्त धारणा

लैङ्गिक असमानताविरुद्ध लड्दै

पुग्छ कमला तामाङको भट्टी पसलमा

र साँझपख

कमला स्तनका स्पर्शहरू लिएर

फर्कन्छ डेरामा ।

विकास पण्डित

आपतकालीन सौर्य बत्तीको

धमिलो प्रकाशमुनि बसेर

लेख लेख्छ अङ्ग्रेजीमा

राजधानीको कुनै कोठामा

राखीएकी छ उसकी

ग्राजुयट स्वास्नी

जसका लागि

विकासे झोला भिरेर

विकास पण्डित पसेको छ

मेरो गाउँमा ।

उसले पठाएको छ मलाई

स्टेशनरी पसलको दलाल कार्यालयमा

र स्कुल गार्मेन्ट्सको मुन्सीखानामा

कृपावश

म पनि स्वावलम्बी हुँदै छु आत्मविकासमा

म बुझ्दछु

ऊ केही अङ्क लिएर फर्कनेछ यस गाउँबाट

केही अनौठा स्मृतिहरू लिएर फर्कनेछ

केही चित्रहरू लिएर फर्कनेछ ।

विकास पण्डित

आफ्नो जागिर थाप्न

म्वाइँ खान्छ डाइरेक्टरका छोराछोरीलाई

घडेरी खरिद गर्छ दामी ठाउँमा

र लेख लेख्छ गरीबका नाउँमा । (८३)

## (ग)*हतारमा यात्रा* कविता सङ्ग्रहभित्रका कविताहरू :

### १. हतारमा यात्रा

धेरै कुराहरू छुट्छन् प्रस्थानबिन्दुमै हतारमा यात्रा गर्दा

अँध्यारोमा देख्ने उज्यालो टर्च र दाह्री फाल्ने पत्ती

दाँत माझ्ने मन्जन र बुरूस, सामान राख्ने झोला

महत्त्वपूर्ण सम्पर्क बिन्दुहरू

पढ्न थालेको तर अधुरै रहेको किताब

जे पनि छुट्न सक्छन् हतारमा यात्रा गर्दा

नभई नहुने सारा कुरा यतै छाडेर गएछन् साथीहरूले ।

हतारमा यात्रा गर्दा छुट्छ पत्नीलाई स्वाइँ खान

निधारमा शुभमूहुर्तको रातो टीका लगाएर बाआमाको आशीष लिन

चाँडै फर्कने वाचा गर्दै छोराछोरीलाई हात हल्लाएर बिदा हुन

जँघारमा टेक्ने लौरो, आफ्नो परिचयपत्र र जगेडा कपडा

एक्लै पर्दा खल्तीबाट निकालेर हेर्ने फोटो र भर्खरै लिपिएको

दैलाको मधुरो गन्ध

पानी खाने भाँडो, चिसो छल्ने पछ्यौरा, पुग्नुपर्ने ठाउँको नाम

सबैसबै बिर्सेर गएछन् साथीहरूले ।

हतारमा हिँडेपछि साथमा हुने त दुःखहरू नै हुन्

यात्राको रोमाञ्च हिँड्नुअघि नै छाडेर गएपछि

यात्रा कहीँ गएर पनि विश्राम गर्न लाइक हुँदैन

हिउँ, हिमनदी, भीरपाखा, छहरा, नृत्यरत मानिसहरूको हूल

यात्रामा केही पनि हेर्न लायक हुँदैन

पर्ख भन्दाभन्दै हतारमा हिँड्दा

गन्तव्य कहाँ भन्ने कुरै बिर्सेछन् साथीहरूले

यात्राको कला नै मूल घरको खोपामा भूलेर गएछन् साथीहरूले

हतारमा, हतारहतारमा

आफ्ना खुट्टा दैलोभित्रै छाडेर गएछन् मेरा साथीहरूले ।

हराए हराएजस्ता,

खुट्टा नभएका, हात नभएका, आँखामा दृष्टि नभएका

बाटैमा अलपत्र परेका अर्द्धजीवहरू

अहो तिनीहरू त्यति पर पुगे कसरी !

जब कि तिनीहरूले घरै छाडेर गएका छन् यावत् सरसामल

तीती समय हुनेछन् अति कष्टमय समय

जब खोज्दा कतै पनि साथमा देखिन्नन् वस्तुहरू

विचार, दृष्टि, विवेक र स्मृति सारा कुरा छाडेर गएपछि

फर्केर आउने हो कसरी ?

हतारमा यात्रा गर्दा यात्रामा निस्कनै भुलेछन् साथीहरूले । (१३)

## २. मैला कपडामा विद्यार्थी

उही लुगा लगाउँछन् यी केटाहरू

घरभित्र पस्दा, सुत्दा र जुलुसमा हिँड्दा

तिनका सस्ता जुत्ताका तलुवामा

खेतको हिलो हुन्छ

र तुना लोकतन्त्रले कसिएको हुन्छ ।

तिनको मुटु चल्दछ

चन्दाले किनेको बलियो कमिजभित्र

चिसो नलागोस भनेर

कोहीले किनिदिएको स्विटरको न्यानोमा बेरिँदै

नारा तयार गर्छन् तिनीहरू

तिनका नथाक्ने औँलाको सुन्दरता नष्ट गर्न

धेरैपटक घोरिन्छ सिपाही

किनभने तिनका औँलामा

टाँसिएको छ गरिबको औँला

तिनको ह्याट देखेर मुस्कुराउँछन् नेताहरू

किनभने अझैँ टाढा छ हिँड्नु

सिंहदरबारले तिनलाई चिन्न बाँकी छ । (२३)

## ३. हत्याराको आत्मालाप

हो मैले हत्या गरेँ त्यस मूर्खको

जो मास्टर थियो र दऱ्हीोसँग उभिएको थियो मेरो बाटोमा

मैले उसलाई भनेको थिएँ बाटो छाडिदिन

तर ऊ हिँडिरहेको थियो स्कुलतिर आफ्नै लयमा

बडो घमण्डी थियो

यस देशलाई जरुरी थियो उसको मृत्यु

उसले बच्चाहरूलाई पढाउने पाठ

खतरनाक थियो ।

यात्रा गर्दथ्यो केही पनि नसोधेर कसैसँग

ऊ हुलाकी थियो

तर आफ्नै विचारको बादशाह थियो

बडो गम्भीरतापूर्वक बोल्दथ्यो ऊ

मलाई ऊ सुराकीसुराकी लाग्न थाल्यो

जनताको बैरीबैरीजस्तो लाग्न थाल्यो

क्रान्तिको कोलाहलबीच उसको भद्रता

खतरनाक थियो ।

त्यो अर्को लास, पत्रकार थियो

ऊ बोल्दथ्यो आफ्नो शिर ठाडो पारेर

र लेख्तथ्यो समाचार

सायद थाहा थियो उसलाई क्रान्तिकालमा सोध्नुहुन्न प्रश्न

तर ऊ ठाउँकुठाउँ प्रश्न सोध्न थाल्यो

मलाई ऊ दुश्मनदुश्मनजस्तो लाग्न थाल्यो

उसको सोधाइको शैली

खतरनाक थियो ।

अरू अरू अरू

जोजो बाटोमा थिए उभिएका

उनीहरूले सास फेर्नु हावाका लागि खतरनाक थियो

उनीहरूले हिँड्नु बाटोका लागि खतरनाक थियो

उनीहरूले बोल्नु भाषाका लागि खतरनाक थियो

उनीहरूले हेर्नु दृष्टिका लागि खतरनाक थियो

तर तिनीहरू देखिन्छन् मेरो सपनामा

बाटोमा उभिएर मलाई नै छेकिरहेका

लामोलामो सास फेरिरहेका

शिर ठाडो गरिरहेका

डायरीमा केही लेखिरहेका

केही बोलिरहेका

के तिनीहरू मरेकै छैनन् ?

के उनीहरू ब्युँझिए त ?

के क्रान्ति यत्ति छिटै बीच बाटोमै सकियो ?

सपनामा म किन क्षमा मागिरहेको हुन्छु ? (२६)

## ४. खराब समय

१: धेरै महँगा छन् दरबारका छिमेकीहरू

स-साना दरबारहरू

कम खर्चिला

जीवनको लय हराएका

यी भुइँचालोबाट भयभीत रहन्छन् आफ्नो आयुभरि

शाही डाक्टरको परामर्श पर्खेर बसेका

जीर्ण आमा-बाबुको औषधी खर्चको बिल

तिर्दैन दरबारले

किन्तु परन्तुमा हराएर

आफ्नो फुच्चे वैभवको खातामा राख्छन्

दुनियाँको हरहिसाब

बाँकी राष्ट्रसँग मिल्दैन उनीहरूको व्याकरण

बोलीको ध्वनि

र गीतको अन्त्यानुप्रास ।

२: धेरै आराम गर्छन् दरबारका छिमेकीहरू

किनकि आराम गर्नै दिन्नन् मानिसहरू

क्लान्त, थकित र धेरै समय उदास रहन्छ टाइ

दरबारतिर गोड्यान बनाउन मिल्दैन

अनि सोचेभन्दा अर्कै स्थापत्य बन्छ घरको

अनि खुट्टालाई अर्कै दिशातिर तन्काएर

सास फेर्छन् विस्तारै

उनीहरूले बनाएको उखान

उखान बन्यो

जस्तो कि कान हुन्छ भित्ताको पनि,

कम र तौलेर बोल्दाबोल्दै लाटिएको जिब्रोमा

गजधम्म बसिदिएको छ अजङ्गको राक्षस

अनि केही पनि मिल्दैन

न अलङ्कार मिल्छ

न अनुप्रास ।

३: मध्यरातको नीरवतामाझ

जस्केलोबाट निस्केर लाग्छन् आखेट-यात्रामा

दरबारका छिमेकीहरू

चमेरो वा लाटोकोसेरोझैँ

र सूर्यको पहिलो किरण झर्नु अगावै

पस्छन् व्यापार गुफामा

दिन काट्छन् उल्टो झुन्डिएर

जब हडताल हुन्छ सहरमा

सटर बन्द गरेर उक्लन्छन् कौसीमा

हेर्छन् कर्के आँखाले

गगनभेदी नारा लगाइरहेको जुलुसतिर

आफ्नै आँखा छलेर बिचरा

पिच्च थुक्छन् एक कुनामा

र पुर्खाबाट पैँचो लिएर भन्छन्-

खराब समय आयो ।

४: दरबारका छिमेकीहरू दरबारझैँ

टुरमा जान्छन् भारतका शक्तिपीठहरूतिर

सायद तिनीहरूको शक्ति छैन यहाँ

यो उर्लंदो जनसागरको स्वरले अत्तालिएपछि

तीर्थयात्रामा गुजार्छन् आधा वर्ष

साइरामको विगुत र शङ्कराचार्यको तिलकको सम्मानमा

अर्पण गर्छन् आफ्नो कमाइको एक चौथाइ अंश

क्रान्तिकारीलाई घृणा गर्न जानेका छन् उनीहरूले

आफ्ना सन्तानलाई टाढै राख्छन् तसर्थ

राजनीतिशास्त्रका पुस्तकहरूबाट

विद्यार्थी युनियनका रसिदहरूबाट

सडकका रेलिङहरू भत्केको

र जक्काजाम भएको देखिएपछि

भन्छन् - खराब समय आयो ।

अघोरीलाई सप्लाई गर्छन् उत्कृष्ट ब्राण्डको मदिरा

पापशालामा खर्चेर सम्पूर्ण आयु

काशीमा बनाउँछन् नेपाली धर्मशाला

कहीँ कतै मिल्दैन छन्द

कसैगरी पनि प्रवेश गर्दैन रस

भन्छन् - खराब समय आयो ।

५: दरबारका छिमेकीहरूको नाडी कमजोर भएको छ

उनीहरूको घडी उल्टो घुम्न थालेको छ

झ्यालको रङ्गीन/अपारदर्शी सिसा

वा खापाको सानो लाम्चो छिद्रबाट

कष्टपूर्वक हेर्दछन्

सडकमा रातो तुल बोकेर उफ्रिरहेकी

रामकुमारी झाँक्रीको पिँडुलातिर

सुसारेलाई प्रणाम र बैठकेलाई दण्डवत् गरेपछि

आश्वस्त व्यापारका सटरहरू खुल्छन् एकाबिहानै

पैसाले पोलेर भत्भती

इतिहास चक्रले छिनिरहेको छ तिनको गर्धन

जोगीलाई दिन्छन् दान

६: खराब समय आएरै हो

अनिवार्य रूपमा पढ्छन् उनीहरू

जनादेशका आठै पाता

कहीँ कतै आफ्नो नाम देखिन्छ कि

कार्वाहीको श्रृङ्खलाबद्ध सूचीमा ?

हो, ठिकै हो

खराब समय आयो ।

केही उपद्रो नगरे पनि

पसलनेरै बाट

क्रूद्ध भीडले उत्तेजित मुद्रामा

कहिल्यै नसुनिएका

नयाँ र खतरनाक नारा लगायो

हो, खराब समय आयो । (३०)

## ५. नित्य प्रार्थना

हे कुबेर !

मैले नै फलाएको हुँ

तिम्रो अन्न भण्डारको अन्न

आज भोकै छन् मेरा पेटहरू ।

हे जल !

तिमी बर्स मेरो खेतमा

लाग कुलो भएर

मैले फेरि पनि उमार्नुपर्छ अन्न

हे वायु !

तिमी स्वयम् मुक्त होऊ विषादिबाट

मलाई गाह्रो भो सास फेर्न

के तिमीले यी बन्द स्कुलहरू देख्यौ माते ?

किन उम्रियो झार

स्कुलको बाटोमा ?

हे वृक्ष !

को बसिरहेछ तिम्रो छायाँमा

बन्दुकसहित ?

हे पन्क्षी कता उडिरहेको तिमी

यो ठाउँ छाडेर ?

के त्यति नमिठो छ यो बन्दुकको आवाज ?

हे पृथ्वी !

तिमी स्वयम् मुक्त होऊ

धर्माचार्यहरूको पापाचारबाट ।

मलाई अरू केही चाहिन्न तिमीले तथास्तु भने पनि

मलाई मेरा प्रश्नहरूको उत्तर चाहिन्छ

हे अग्नि ! वायु ! जल र पृथ्वी !

अब तिमीहरू चढ मेरो अस्त्रको टुप्पामा

अब म पनि सामेल हुन्छु

मेरै मुक्तियुद्धमा । (४३)